सैनामैना समृद्धिको आधार उद्योग, पर्यटन र पूर्वाधार



# पाँच वर्षे समीक्षा तथा उपलब्धि

प्रकाशक
सैनामैना नगरपालिका
बुद्धनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल













शैलपुत्री शक्तिपीठ मन्दिर, सैनामैना-३

# सैनामैना नगरपालिकाको निर्वाचन-२०७४
# पश्चात्को पाँच वर्षे समीक्षा तथा उपलब्धि





प्रकाशक

## सैनामैना नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बुद्धनगर, रूपन्देही
### लुम्बिनी प्रदेश, नेपाल



फोन नं. ००९७७-७१-४४०५५३ | ईमेल: sainamainamunicipality@gmail.com
वेवसाईट: sainamainamun.gov.np

संरक्षक

**चित्रबहादुर कार्की**

प्रमुख

सल्लाकारहरु

**बिना राना**

उपप्रमुख

**भीमप्रसाद तिवारी**

प्रमुख प्रशासकीय अधिकृत

**रत्नबहादुर पौडेल**

प्रवक्ता

**केशवराज अर्याल**

सूचना अधिकारी

सम्पादन मण्डल

**अमृत गिरी**
**टिका खरेल**
**दिनेश पन्थी**

भाषा सम्पादन

**छवि पाण्डे**
**आर.पी.आचार्य**

सम्पादन सहयोगी

**नरेश चौधरी**
**दिपक न्यौपाने**

तस्बीरहरु

**सुरज भुषाल**
**प्रशिम खनाल**

प्रकाशन संयोजन

**सैनामैना सञ्चार प्रा.लि.**
सैनामैना, रुपन्देही

डिजाइनिङ्ग, सेटिङ्ग

**महेश गैरे**




# राष्ट्रिय गान

सयौं थूँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

# सैनामैना नगर गान

समथर उर्वर भूमि चुरे पहाड मुनी ।
वनजंगल नदि नाला प्रकृतीको धनी ।।
दुधराक्ष पर्रोहा र सालभण्डीको रथ ।
विकासका पूर्वाधार जोड्दै चक्रपथ ।।
लुम्बिनीको द्वार यहिं पर्यटनको खानी ।
ऐतिहासिक धार्मीक स्थल हामी भाग्यमानी ।।
गाउँ, शहर, जाति भाषा समानताको ऐना ।
प्रगती र समृद्धिको पथमा सैनामैना ।।
सैनामैना, सैनामैना, सैनामैना ।



चित्रबहादुर कार्की
नगर प्रमुख

# समृद्ध सैनामैनाको आधार तयार भएको छ

नयाँ संविधान जारी भएपछिको राज्य सञ्चालनको प्रणालीमा आमूल परिवर्तन सहितको पहिलो निर्वाचित स्थानीय सरकारका जनप्रतिनिधिका रुपमा पहिलो कार्यकाल बितेको छ। संविधानमा भएको व्यवस्था अनुसार नयाँ प्रणालीलाई संस्थागत गर्ने र त्यसको लागि अति आवश्यक कानुनी तथा संरचनागत संरचनाहरु निर्माण गर्ने अवधिको रुपमा रह्यो । सैनामैना नगरपालिकाको कानूनी तथा प्रशासनिक संरचना र सेवाप्रवाहका क्षेत्रलाई पुन:संरचना तथा विस्तार गर्ने काम हाम्रा लागि प्रमुख दायित्वका रुपमा रहेको थियो जसलाई कुशलतापूर्वक पूरा गरेको यहाँ उल्लेख गर्न चाहन्छु । यो कार्यकाल नागरिक अधिकार तथा विकासप्रतिको आकांक्षा परिपूर्ती गर्नका लागि आवश्यक पर्ने महत्वपूर्ण आधारहरु तयार पार्ने र तिनलाई साकार पार्ने आवश्यक कार्यक्रम बनाउने अवधिका रुपमा रह्यो ।

यहीँ अवधिमा विश्व महामारीका रुपमा आएको कोभिड-१९ ले सैनामैनालाई पनि प्रभावित बनायो । हामीले प्राथमिकताका रुपमा पहिले कोरोना नियन्त्रण, रोकथाम, उपचार र व्यवस्थापनलाई लिएर काम गऱ्यौं । हाम्रा सम्पूर्ण साधन, स्रोत र समय परिचालन यहीँ महामारी नियन्त्रणमा केन्द्रित रहेको कुरा यहाँ उल्लेख गर्न चाहन्छु । यद्यपि महामारी नियन्त्रण संगै कतिपय महत्वपूर्ण कामलाई हामीले सफलतापूर्वक अगाडि बढाएका छौं । कतिपय साकार भएका छन् भने कतिपय वहुवर्षीय आयोजना प्रभावकारी रुपमा अगाडि बढेका छन् । विकास निर्माणका कार्यहरुलाई सफलतापूर्वक अगाडि बढाएका छौं । फोहोरमैलाको तत्कालीन व्यवस्थापन संगै दीर्घकालीन समाधानका लागि अन्तरपालिका स्तरको प्रशोधन केन्द्र यहीँ सैनामैनामै निर्माण गर्ने कार्यलाई अगाडि बढाइएको छ ।

सारमा भन्नुपर्दा यसअवधिमाा समृद्ध सैनामैनाका आधार तयार पार्ने र तिनलाई कार्यान्वयन गर्नेतर्फ योजनाबद्ध कामको थालनी गरिएकोछ । यस अवधिमा हामीले निर्वाचनका बेला व्यक्त गरेका प्रतिवद्धता कार्यान्वयन गर्न दीर्घकालीन, आवधिक तथा तत्कालीन योजना कार्यान्वयन गर्न दृढताका साथ अगाडि बढेको कुरा यहाँ उल्लेख गर्न चाहन्छु । सैनामैनाको भूउपयोग नीति बनाउने, समृद्धिका आधार तयार पार्ने र विभिन्न विषयमा गुरुयोजना बनाएर काम गरिएको छ । अवधिमा भए गरेका महत्वपूर्ण उपलब्धिहरु बुँदागत र संक्षिप्त विश्लेषणका रुपमा यहाँ उल्लेख गरिएको छ । सैनामैनाको संस्थागत तथा संरचनागत प्रणाली देखि आर्थिक, सामाजिक, मानवीय र वित्तीय क्षेत्रमा भएगरेका महत्वपूर्ण कार्यहरुलाई यहाँ संक्षिप्त रुपमा उल्लेख गरिएको छ । हामीले खडा गर्न सफल भएको समृद्ध सैनामैनाको आधारलाई साकार पार्दा भावी पुस्ताले गर्व गर्न लायक अनुकारणीय हुने निश्चित छ । समृद्ध सैनामैनाका आधार तयार पार्ने काममा, आधार साकार पार्ने श्रृंखलाबद्ध कामका निम्ति सैनामैनासंग सहकार्य गर्ने, समन्वय गर्ने, सहयोग गर्ने संघीय सरकार, प्रदेश सरकार, दातृ निकाय, यस क्षेत्रका अग्रज जनप्रतिनिधिहरु, राजनैतिक दल, सामाजिक संघसंस्था, नागरिक समाज, आमसञ्चार जगत, प्रबुद्ध वर्ग, र सचेत नगरबासी आमा बुवा दाजुभाई तथा दिदी बहिनीहरुको साझा प्रयास, साथ सहयोग र सहकार्यका लागी हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।



**बिना राना**
**उपप्रमुख**

# समतामूलक र सभ्य समाज निर्माणमा प्रतिबद्ध

नयाँ संविधान अनुरुप संघीयतालाई व्यवहारिक रुपमै कार्यान्वयन गर्दै विकास र सुशासनका लागि वर्षौंदेखि नागरिकले राख्दै आएको चाहनालाई पुरा गर्नुपर्ने दायित्वलाई आत्मसात गर्दै नगर उपप्रमुखको जिम्मेवारी वहन गरिएको कुरा यहाँ उल्लेख गर्न चाहन्छु । संविधानले दिएको अधिकार र सीमालाई आत्मसात गर्दै जिम्मेवारी वहन गर्ने क्रममा साथ, सहयोग, सहकार्य र समन्वय गर्ने सबैलाई हार्दिक आभार प्रकट गर्दछु । यसअवधिमा हामीले सैनामैनाको समृद्धिको आधार तयार गर्नेगरि आवधिक र दीर्घकालीन महत्वका योजनासहित सैनामैनाको नगर गुरुयोजना निर्माण गरेका छौं । समृद्ध सैनामैनाको प्रष्ट खाका तयार भइसकेको छ र त्यसका आधार साकार पार्ने कार्यक्रम पनि अगाडि सारिएको छ । समृद्धिका तिनै आधारलाई साकार पार्दै समतामुलक समाज निर्माणको काम सम्पन्न हुने कुरामा हामी विश्वस्त छौं ।

पाँच वर्षअघि यो पदमा आउँदा गरेका प्रतिवद्धता पूरा गर्नका लागि हामीलाई लगातार मार्गनिर्देशन गर्ने नगर प्रमुख सहितका सबै जनप्रतिनिधिहरु, कर्मचारी वर्ग तथा सबै सल्लाहकार, शुभेच्छुकहरुप्रति फेरि पनि धन्यवाद ज्ञापन गर्दै समृद्ध सैनामैनाको आधार तयार पार्ने काममा एउटा जनप्रतिनिधिका रुपमा हिस्सेदार रहन पाएकोमा गौरवबोध पनि गर्दछु । स्थानीय सरकारको जिम्मेवारीमा उपप्रमुखका संवैधानिक व्यवस्था अनुसार विशेष जिम्मेवारी रहेका हुन्छन् । नगरपालिकाले लिएको समृद्ध सैनामैना, खुसी जनताको नारालाई पूरा गर्नका लागि हामीले खाका बनाई कार्यान्वयनमा प्रतिवद्ध भएर लागेका छौं । यो कार्यकालमा संवैधानिक व्यवस्था बमोजिम न्यायिक समितिको कार्यविधि निर्माण र व्यवस्थित इजलास गठन गरेर जनतालाई निष्पक्ष, सरल र सहज हुने गरी न्यायसम्पादनका काम गरिएको छ । स्थानीय सरकारका रुपमा न्यायीयक अभ्यासको पहिलो अनुभव समेत यसै अवधिमा हासिल भएको छ । यसका लागि सामुदायिक मेलमिलाप केन्द्रलाई प्रभावकारी बनाइएको छ, मेलमिलापकर्तालाई तालिम प्रदान गरिएको छ । लामो समय समाधान हुन नसकेका विवादहरु यसै अवधिमा सल्टाइएको छ ।

सैनामैना नगरपालिकालाई लैङ्गिकमैत्री बनाउने अभियान स्वरुप सबै सरोकारवालाको सहभागितामा कार्ययोजना सार्वजनिकीकरण गर्दै त्यसबेला गरिएको प्रतिबद्धतालाई कार्यान्वयन गर्ने काम भइरहेको छ । उपभोक्ता हीत संरक्षण समिति (बजार अनुगमन) अन्तर्गत स्थानीय बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका जारी गर्दै अनुगमनलाई निरन्तरता दिइएको छ । पछाडि पारिएका समुदायको नेतृत्व र क्षमता विकासका लागि विभिन्न कार्यक्रममा समन्वय गरिएको छ । यस्तै नगरभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुका लागि सेनेटरी प्याड वितरण गर्ने कामसमेत भएका छन् । समग्रमा यो ५ वर्षको अवधिमा हामीले सैनामैना नगरपालिकाको नेतृत्वमा रहेर नगरवासीका अपेक्षा, नगरको आवश्यकता, संविधान र कानुनले निदृष्ट गरेका विषयहरुलाई प्राथमिकताका आधारमा इमान्दारीपूर्वक पुरा गर्ने प्रयासमा क्रियाशील रहेको कुरा यहाँ फेरि उल्लेख गर्न चाहन्छु । यो प्रयास र समग्र नगरको विकासका लागि हाम्रो नेतृत्वलाई सदैव साथ र सहयोग गर्नुहुने नगरबासी, नगर कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरु, कर्मचारी साथीहरु, निजी क्षेत्र, सामाजिक क्षेत्रका अगुवाहरु, सामाजिक अभियन्ता, विभिन्न विदेशी दातृनिकाय र संचारकर्मी साथीहरुमा हृदयदेखि नै आभार व्यक्त गर्दछु । धन्यवाद ।



**भीमप्रसाद तिवारी**
**प्रमुख प्रशासकीय अधिकृत**

# सुशासन र प्रभावकारी सेवाप्रवाहमा प्रतिवद्ध

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्धारण गरेका सिद्धान्त मार्गदर्शन बमोजिम स्थानीय तहले वार्षिक नगर विकास योजना निर्माण गर्नुपर्ने दायित्व रहेको छ। समानुपातिक समावेशी एवं दिगो विकासका लक्ष्य सहित नगर विकास योजना निर्माण गरिएको छ। नगरको भौतिक, सामाजिक, साँस्कृतिक अवस्थिति एवम् उपलब्ध स्रोत र साधनको उपयोग तथा सम्भाव्यताका आधारमा प्राप्त स्रोतको सिमा भित्र रही वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । वार्षिक नीति तथा कार्यक्रममा समावेश उद्देश्य तथा प्राथमिकताका आधारमा उपलब्ध सीप, पूँजी र क्षमताको उपयोग गरी आर्थिक विकास, भौतिक पूर्वाधार, सामाजिक विकास, वातावरण विकास तथा सुशासन तथा संस्थागत विकाससँग सम्बन्धित कार्यक्रमको कार्यान्वयनमा जोड दिदै आएको छ। गत आवको योजना कार्यान्वयनको सिलसिलामा प्राप्त पृष्ठपोषणले कार्यक्रम कार्यान्वयनलाई थप उर्जाशील बनाउने अपेक्षा गरिएको छ। सुशासन र प्रभावकारी सेवाप्रवाहमा गरिएको प्रतिवद्धता कार्यान्वयन गरिनेछ । नतिजामूखी परिणामका लागि नगरसभाले निर्दिष्ट गरेका नीति र प्रचलित कानूनको परिधिभित्र रहि कार्यालयको प्रविधिमैत्री सुधार गरी छिटो र छरितो सेवा प्रवाह गर्नु नगरपालिकाको कर्तव्य हो । आर्थिक अनुशासनको पाटोलाई अनुसरण गर्दै विकास निर्माणका गतिविधिाई पारदर्शी तरिकाले समयमै सम्पन्न गर्नुपर्ने हुन्छ । त्यसैले स्थानीय स्तरका स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाह र विकासलाई सहज बनाउन नीतिगत सुधारमा गर्दै व्यक्त गरिएको प्रतिवद्धतालाई साकार पार्न जोड दिइनेछ ।

बदलिँदो परिस्थितिमा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि आइसकेपछि उहाँहरुसँगको सहकार्यमा धेरै नै रचनात्मक कार्यहरु भएका छन् । जनप्रतिनिधि-कर्मचारीको सहकार्यमा महत्वपूर्ण कार्यसम्पादन भएका छन् र समृद्धिका आधारशीला खडा भएका छन् । कार्यकारी, व्यवस्थापकीय र न्यायिक अधिकारसहितको स्थानीय सरकार भएको हुनाले संविधान जारी भएपछिको यो पहिलो कार्यकाल संविधान कार्यान्वयन तथा त्यसका लागि आवश्यक पर्ने कानूनी तथा संरचनाहरु निर्माण गर्ने अवधिको रुपमा रह्यो । स्थानीय तहका कार्यालयलाई सेवाकेन्द्रका रुपमा विकास गर्दै सेवाप्रवाहलाई प्रभावकारी बनाउन केन्द्रित रहेका छौं । प्रशासनिक संरचना र सेवा प्रवाहका क्षेत्रलाई पुन:संरचना र विस्तार गर्ने, तय गरिएका समृद्धिका आधारलाई साकार पार्न उपयुक्त कार्यक्रम निर्माण गर्ने काममा केन्द्रित रह्यो। यस अवधिमा सैनामैनामा नौला र उदाहरणीय कार्य भएका छन्। कानून निर्माणदेखि भौतिक पूर्वाधारका क्षेत्रमा, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा महत्वपूर्ण कार्यसम्पादन गरिएको छ। विश्व महामारीका रुपमा आएको कोराना भाइरसको महामारीमा नागरिकको जीवनस्तर बचाउने र प्रतिकोरोना कार्यमा उपलब्ध स्रोतसाधनहरु परिचालन गर्नुपर्ने प्रमुख दायित्व भएको हुनाले हाम्रो सम्पूर्ण ध्यान र सामर्थ्य त्यसमा केन्द्रित भयो । जनस्वास्थ्यका क्षेत्रमा पनि यस अवधिमा उदाहरणीय काम भएका छन् । महामारीका विरुद्ध अहोरात्र खटिने स्वास्थ्यकर्मी, कर्मचारी, अभिभावकत्वको भूमिका निर्वाह गर्ने सबै जनप्रतिनिधिहरुमा हार्दिक आभार व्यक्त गर्दछु। अन्त्यमा जनप्रतिनिधिहरुको बहाली भएपछि अवस्थाको यथार्थ चित्रण यस समीक्षा पुस्तिका मार्फत संक्षिप्त रुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ। यस कार्यमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण जनप्रतिनिधिहरु, विभिन्न राजनीतिक दलहरु, समाजिक अभियन्ता, सामाजिक संघ संस्थाहरु, निर्माण व्यवसायी, सञ्चारकर्मी, कर्मचारीहरु सबैमा हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछु। यस नगरलाई आगामी दिनमा समृद्धिको उच्चविन्दुमा पुऱ्याउन सबैको सहयोगको अपेक्षा गर्दछु। धन्यवाद !

# विषय सूची


| क्र.स | विषय | पेज नं. |
|---|---|---|
| १ | समृद्धि उन्मुख सैनामैना | १ |
| २ | शान्ति, सुशासन न्याय र आधारभुत अधिकार | २-२८ |
| ३ | सुशासन तथा सेवा प्रवाहमा भएका कार्यहरु<br>● खानेपानी तथा सरसफाइ<br>● पञ्जिकरण तथा सामाजिक सुरक्षा<br>● सामाजिक सुरक्षा तर्फ अनलाईन प्रणालीबाट<br>● सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई व्यवस्थित<br>● महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग<br>● ज्येष्ठ नागरिकतर्फ भएका कार्यहरु<br>● अपाङ्गतातर्फ भएका कार्यहरु<br>● बालबालिकातर्फ भएका कार्यहरु<br>● रोजगारतर्फ भएका कार्यहरु<br>● सामुदायिक विकास कोषतर्फ भएका कार्यहरु<br>● सहकारीका क्षेत्रमा भएका कार्यहरु<br>● सार्वजनिक सेवा प्रवाह<br>● सिंचाई विकास पूर्वाधारतर्फ भएका कार्यहरु | २९-३८ |
| | **विचार, आलेख तथा विश्लेषण खण्ड** | |
| १ | अद्वितीय पुरातात्विक सम्पदाको सैनामैना: **झपेन्द्र जिसी** | ४०-५० |
| २ | सैनामैनामा सञ्चालित केही महत्वपूर्ण बहुवर्षीय आयोजना: **टिका खरेल** | ५१-६२ |
| ३ | शिक्षामा सैनामैनाको नौलो अभ्यास: **कृष्ण मल्ल** | ६३-७० |
| ४ | सडक सञ्जाल विस्तार र व्यवस्थित गर्दै सैनामैना: **नरेश चौधरी** | ७१-७५ |
| ५ | सैनामैनामाले स्वास्थ्य क्षेत्रमा मारेको फड्को: **चन्द्रकान्त खनाल** | ७६-७९ |
| ६ | कृषि तथा पशुक्षेत्रमा सैनामैनाको उदाहरणीय कार्य: **कृष्ण खनाल** | ८०-८७ |
| ७ | सैनामैनाको खेलकुद रफ्तार: पूर्वाधार र प्रतियोगीतामा अब्बल: **दिपक न्यौपाने** | ८८-९१ |
| ८ | व्यवस्थित र समृद्ध सैनामैना: **अमृत गिरी** | ९२-९६ |
| ९ | धार्मिक सद्भाव र पर्यटनको केन्द्र सैनामैना: **आर्चाय विष्णु ज्ञवाली** | ९७-१०२ |
| १० | उत्पाकत्व बृद्धि र सामूहिक खेतीमा सैनामैनाको नमुना प्रयास: **अमृता अनमोल** | १०३-१०६ |
| ११ | पत्रपत्रिकामा सैनामैना | १०७-१०९ |
| १२ | वडास्तरमा सञ्चालित विभिन्न कार्यक्रमहरु | ११० |
| १४ | नगर सभाका केही झलकहरु | १११ |
| १५ | सुझाव | ११२ |

# सैनामैना नगरपालिका


चित्र बहादुर कार्की
प्रमुख


बिना राना
उपप्रमुख


केहर सिंह गलामी थापा
वडा अध्यक्ष-१


कामदेव भुसाल
वडा अध्यक्ष-२


रत्न बहादुर पौडेल खत्री
वडा अध्यक्ष-३


धन बहादुर कार्की
वडा अध्यक्ष-४


परशुराम सापकोटा
वडा अध्यक्ष-५


बसन्त पाण्डे
वडा अध्यक्ष-६


डिलाराम बेलवासे
वडा अध्यक्ष-७


रामशरण न्यौपाने
वडा अध्यक्ष-८


डोलनाथ भण्डारी
वडा अध्यक्ष-९


लोकनारायण थापा
वडा अध्यक्ष-१०


सुनिल प्रसाद मरासिनी
वडा अध्यक्ष-११


मनकुमारी राई
कार्यपालिका सदस्य


सविता भुसाल भण्डारी
कार्यपालिका सदस्य


देवी कार्की
कार्यपालिका सदस्य


कल्पना कुँवर
कार्यपालिका सदस्य


नन्दलाल सुवर्णकार
कार्यपालिका सदस्य


त्रिभुवान कुमाल
कार्यपालिका सदस्य


खडग बहादुर कामी
कार्यपालिका सदस्य


कमला चौधरी
कार्यपालिका सदस्य


भीमप्रसाद तिवारी
प्रमुख प्रशासकीय अधिकृत


केशवराज अर्याल
सूचना अधिकारी


टिका खरेल
प्रेस संयोजक


कृष्ण बस्याल
कानुनी सल्लाहकार

# समृद्धि उन्मुख सैनामैना

सहिदको वलिदानीपूर्ण तथा सार्वभौम नेपाली जनताले निर्माण गरेको संघीय गणतान्त्रिक राष्ट्र नेपालको संविधान कार्यान्वयनको महत्वपूर्ण चरण र नयाँ युगको थालनीको रुपमा २०७४ जेष्ठ ३१ गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा निवाचीत जनप्रतिनीधीको विजय संगै सैनामैना नगरपालिकाको समृद्धि श्रृङ्खलाको उद्घाटन भएको छ । सैनामैनाका जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनताप्रति उत्तरदायी सरकार, भ्ष्टाचारमुक्त नगर निर्माण तथा सभ्य र सु-संस्कृत समाज एवम् आफ्नो कर्तव्यप्रति दृढ रहने ध्येयका साथ जनप्रतिनिधीहरू संविधानवाद, कानुनको शासन, मानव अधिकार, मौलिक हकको अभ्यास एवम् स्थानीय तहको सुदृढीकरण मार्फत संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्न र संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्धलाई समन्वय, सहकार्य, सह-अस्तित्वको आधारमा प्रगाढ बनाउदै निर्वाचनको समयमा व्यक्त गरिएका प्रतिवद्धता अनुरुप **"सैनामैना समृद्धिको आधार उद्योग, पर्यटन, र पूर्वाधार"** भन्ने नारालाई साकार पार्न स्वच्छ सदाचारयुक्त सुशासनको प्रत्याभूति सहित स्वचालित कार्य प्रणालीको स्थापना र अभ्यासको माध्यमद्वारा स्थानीय तहमा प्रवाह गरिने सेवामा गुणस्तरीयता, निष्पक्षता, पारदर्शीता, मितव्ययिता, जवाफदेहिता एवम् जिम्मेवार शासन प्रणालीको प्रतिवद्धता संगै जनतामा सोको प्रत्याभुति दिन सफल भएकोमा स्थानीय सरकार प्रति जनता गौरवान्वित भएका छन् । दूरदृष्टि सहितको योजनाबद्ध तथा दिगो संरक्षण र प्रर्वद्धन, सामाजिक न्याय तथा सुशासन युक्त स्थानीय शासनको विकासका कार्यक्रमले **"समृद्ध सैनामैना खुसी नागरिक"** भन्ने नारा साकार गर्न भौतिक, मानवीय, सामाजिक, कानुनी कार्य संगै समृद्धिको आधार तय गर्ने र तिनको कार्यान्वयन गर्ने कार्य भएको छ । नगरको अधिकार, स्रोत साधन, उत्तरदायित्व, पारर्दशिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा स्थापित सैनामैना नगरपालिकाको आर्थिक समृद्धि र स्थानीयतहमा लोकतन्त्रको लागि प्रतिवद्ध नेतृत्व भएको कारण सैनामैना नगर सरकारले निर्वाचनका बेला आफुले प्रतिवद्धता गरे अनुसार काम गर्दै एउटा सफल स्थानीय सरकारको पहिचान कायम गरेको छ । स्थानीयतह निर्वाचन २०७४ को पूर्वसन्ध्यामा आफ्ना मतदाता सामू गरेको प्रतिवद्धता भन्दा माथि उठेर स्थानीय सरकारले सैनामैनाको भौगोलिक, सामाजिक, आर्थिक, तथा सांस्कृतिक विविधतालाई सम्मान गर्दै सन्तुलित र समन्यायीक विकासमा महत्वपूर्ण सफलता हासिल गरेसंगै सैनामैनाको मुहार विस्तारै फेरिदै छ र एउटा उत्कृष्ट नगरपालिकाको रुपमा विकसित हुँदैछ ।

## शान्ति, सुशासन न्याय र आधारभूत अधिकार

हाम्रो प्रतिवद्धतामा सैनामैनाको सुशासन पारर्दशिता र जवाफदेहीतालाई सुदृढ गरिनेछ भनिएको थियो । उक्त प्रतिवद्धतालाई अङ्गिकार गर्दै नगरवासीको अपेक्षा अनुरुप प्रभावकारी छिटो छरितो जनमुखी शासनको प्रत्याभुती यो सरकारले गराएको छ । नगरमा शुसासन कायम गर्न नगरका सबै संयन्त्र तथा क्षेत्रलाई गतिशील, सहभागितामूलक र जवाफदेही बनाउदै नागरीक सचेतनाको समेत विकासमा स्तानीय सरकार प्रतिवद्ध रहदै भष्टूचार विरुद्ध शून्य सहनशीलताको नीति अंगिकार गरेको छ । स्थानीय सरकार जनसहभागिता मूलक शासन व्यवस्था, जनउत्तरदायी स्थानीय सरकार संचालन शासन प्रक्रियामा पारदर्शिता, कानुनमा आधारित शासन सञ्चालन, प्रशासनको सरलीकरण र निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता समावेशितामा आधारित न्यायपूर्ण समाज निर्माणमा जोड, भष्ट्रचाररहित समाजको परिकल्पना, दण्डहीनताको अन्त्य र कानुनको परिपालना, वित्तीय जवाफदेहीता प्रवर्द्धन आदि जस्ता सुशासनका आयामहरूलाई अंगाल्दै सरकारको गठन लगतै नेपालको संविधानमा व्यवस्था भएका स्थानीय तहको अधिकार अनुरुप ऐन, कानुन, निर्देशिका, कार्यविधि, नियमावली तर्जुमा गरी जनतामा असल शाशनको प्रत्याभूति दिलाएको छ । हालसम्म सात दर्जन ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका नगरपालिकाले तर्जुमा गरेको छ ।





यतिमात्र होईन चुनावी प्रतिवद्धताअनुसार सैनामैनाका हरेक क्रियाकलापहरूलाई आफ्नो website (https://sainamainamun.gov.np) तथा सामाजिक संजालबाट जनतालाई सूचना दिने प्रणालीको व्यवस्था गरीएको छ। नागरीक वडापत्र अनुसार प्रत्येक वडामा विद्युतीय सुशासन सेवा विस्तार गरीएको छ । नगरपालिकाका सम्पूर्ण आर्थिक क्रियाकलापलाई नेपाल सरकाको सुत्र सिस्टमबाट गरीएको छ । केन्द्र तथा प्रत्येक वडाको प्रशासनको सेवालाई सकेसम्म छिटो छरितो जनमुखी र दक्ष बनाइएको छ । समाजमा हुने अपराध, अराजकतालाई प्रभावकारी ढंगले नियन्त्रण गरि नगरमा शान्ति, सुरक्षा अमनचैनको प्रत्याभूति दिलाईएको छ। नगरपालिका क्षेत्रभित्र शान्ति तथा सुव्यवस्था कायम गरि सार्वजनिक सम्पतिको सुरक्षा एवम् संरक्षण आपतकालीन अवस्थामा राहत र उद्धार कार्य गर्नका लागि नगरप्रहरीको दरवन्दी श्रृजना गरी ७ जना नगरप्रहरीको सेवा करार राखी कार्यान्वयन प्रक्रिया अगाडि वढाइएको छ । स्थानीय सरकारलाई आर्थिक रुपमा सबल

सक्षम र आत्मनिर्भर बनाउन आन्तरिक राजश्व अध्ययन तथा राजश्व सुधार कार्ययोजना तथा आर्थिक ऐन तयार भई लागु गरिएको छ । नागरिकका प्रत्येक सेवाप्रवाहलाई सरलिकृत गर्न अधिकतम सूचना प्रविधिको प्रयोग गरीएको छ ।






जनतालाई सुलभ ढंगले न्याय सेवा प्रदान गर्ने तथा छिटो छरितो न्याय प्रणालीको विकास गर्दै असहायलाई नि:शुल्क न्याय प्रदान गर्ने प्रतिवद्धताका साथ निर्वाचित सैनामैना सरकार सारभूत शासकीय अधिकार र कर्तव्य स्थानीय तहमा हस्तान्तरणको प्रत्याभूति दिई नगरवासीको न्यायमा पहुँच अभिवृद्धिका लागि कटिवद्ध रहेको छ । लोकतान्त्रिक प्रणालीको अस्तित्व धेरै हदसम्म न्यायको शाश्वत मूल्य र मान्यतामा आधारित हुन्छ भन्ने कुरामा विस्वास गर्ने स्थानीय सरकारले संविधान सम्बत रुपमा न्याय सम्पादन कार्यको प्रभावकारिताका लागि सधैं तत्पर रहेको छ । नेपालको संविधान २०७२ को धारा २१७ मा व्यवस्था भए अनुसार स्थानीय तहमा न्यायीक समिति स्थापना भएको छ। स्थापना भएको मिति देखि नै सैनामैनाको न्याय निरुपणमा यो समितिले उल्लेखनीय कार्य गर्दे आएको छ । सैनामैनाको न्यायिक कार्य सम्पादनका लागि आवश्यक कानुनको तर्जुमा गरीएको छ भने नगर भित्र न्यायिक इजलास निर्माण गरीएको छ ।

नगरमा न्याय सम्पादनका लागि नगर स्तरीय मेलमिलाप केन्द्र १ तथा वडास्तरीय मेलमिलाप केन्द्र ११ वटा गरी १२ मेलमिलाप केन्द्रको माध्यमबाट न्याय निरुपणको कार्य भएको छ । न्यायिक समितिका पदाधिकारी र नगरपालिकामा सूचीकृत नगर स्तरीय र वडास्तरीय मेल मिलाप सहजकर्ताहरूलाई तालिम दिने समय अनुकूल पुन:ताजगी क्षमता विकास सम्बन्धी तालिमहरू संचालन गरीएको छ । न्यायिक समितिमा दर्ता भएका निवेदन लाई मेलमिलापको माध्यमबाट छिटो छरितो दुवै पक्षको जित हुनेगरी मेलमिलाप कार्य गरीएको छ। यस्ता निवेदन २०२ दर्ता भई आएका मध्ये ४२ निर्णय भएका ११ वटा कार्यालयमा पठाएका ४० तामेली मुल्तवी ३८ फिर्ता १ र प्रक्रियामा ६८ छन् । सैनामैनाको शान्ति सुशासन,न्याय र आधारभूत अधिकार प्रत्याभूतिका लागि संविधानले दिएको क्षेत्रधिकार भित्र रहेका काम कार्यान्वयनका लागि

३० वटा ऐन र ४७ वटा नियमावली र कार्यविधि, निर्देशिका समेत गरी जम्मा ८४ वटा कानून निर्माण भई सो कानूनको कार्यान्वयन गरीएको छ ।



जनताको सरल पहुँचमा रहेको स्थानीय सरकार भएको र यो सरकारले नजिकबाट सेवा प्रवाह गर्नुपर्दछ भन्ने ध्ययेका साथ जनमुखी सेवा प्रवाह गरीरहेको छ । नगरका हरेक गतिविधिलाई नगरवासीलाई सूचित गर्न जनतासंग जनप्रतिनिधि, हाम्रो सैनामैना राम्रो सैनामैना, हाम्रो सेरोफेरोलगायतको कार्यक्रमहरू संचालन भएका छन्। नगरमा नगर प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था मिलाएको नगरपालिकाले सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण जस्ता कार्यक्रम गर्दै आएको छ ।



सैनामैना नगरपालिकामा यहाँ हरु लाई स्वागत छ |

नागरिक वडापत्र २०७८

सितवत्रदी दरभाउपत्र अाव्हानको सूचना •कृषी सम्बन्धी सूचना । •नदीजन्य पदार्थको विक्रिका लागि बोलपत्र अाव्हान सम्बन्धी सूचना • आकस्मिक दमकल सेवा हित बहादुर खत्री(चालक) 9847252124 , डिल्ली प्रसाद अधि

नागरिक बडापत्र

| सेवा / सुविधा | कागजात/प्रक्रिया | सेवाशुल्क |
|---|---|---|
| व्यक्ति बेपत्ता भएको सिफारिश<br>वडा अध्यक्ष-वडा सचिव<br>प्रमाण पुगेकै दिन | ३ २ प्रति फोटो<br>४ सम्वन्धित वडाको वडा प्रतिनिधिको उपस्थितिमा भएको स्थलगत सर्जमिन मुचुल्का<br>५ सम्वन्धित प्रहरी कार्यालयको प्रतिवेदन<br>६ प्रत्रिकामा सूचना प्रकासित भएको विवरण | रु २००। |
| दलित ÷जनजाती ÷मधेसी ÷ज्येष्ट नागरिक÷विपन्न<br>वडा अध्यक्ष-वडा सचिव<br>प्रमाण पुगेकै दिन | १ निवेदन<br>२ निवेदकको नागरिकताको पमाणप्रत्रको प्रतिलिपी<br>३ अनुसुचीमा नपरेको भए सर्जमिन मुचुल्का<br>४ कर चुक्ता÷बुझाएको रसिदको फोटोकपी | रु २००। |
| | १ निवेदन<br>२ निवेदकहरुको नागरिकताको पमाणप्रत्रको प्रतिलिपी | |

कर/दर्ता/बार्षिक नबिकरण

| सेवा | दर्ता | नबिकरण |
|---|---|---|
| दुध डेहरी | 300 | 150 |
| मोटरसाईकल मर्मत रिसोलिंग गर्ने मोटर मर्मत गन वर्कसप वा व्यक्ति | 1200 | 600 |
| मोटरसाईकल मर्मत | 1000 | 400 |
| साईकल रिक्सा स्टोभ मर्मत पसल | 700 | 400 |
| रिसोलिंग गन कारखाना पसल | 1200 | 600 |
| प्लाष्टिकका मेच तथा अन्य मालसामान बुन्ने | 600 | 300 |
| आर्टिष्ट वर्कसप वा साईन बोर्ड व्यानर लेख्ने | 600 | 350 |
| मेशिनरी सामानका पाठपर्जा बेच्न पसल | 600 | 300 |

नगर प्रमुख
चित्र बहादुर कार्की
9857029074

निर्वाचनको क्रममा गरेको प्रत्येक वडा कार्यालयहरूको कार्य सम्पादन आ-आफ्नो वडाबाट सेवा संचालन गरीनेछ भन्ने प्रतिवद्धताको सम्वोधन भएको छ । सबै ११ वटै वडा कार्यालयबाट सेवा प्रवाह भएको छ । ३, ६, ७, ८ र ११ वडा कार्यालयको भवन निर्माण भएको र वडा १, २, ४ र ५ वडा कार्यालयको भवनहरू निर्माणधिन रुपमा रहेका छन् । सबै वडाको सेवा प्रविधिमैत्री, नागरीकमैत्री भएका छन् जस्ले गर्दा नगरपालिकाबाट प्रवाह भएका सेवाहरू छिटो

छरितो चुस्त, दुरुस्त र कम्प्युटरकृत भएका छन् । नगरपालिकाको मुख्य प्रशासनिक भवनले पूर्णता पाई सबै शाखाका सेवाहरू आफ्नै भवनबाट प्रदान गरीएको छ ।





निर्माणधिन सैनामैना न पा ६ न. वडा कार्यालय

मुख्य प्रशासनिक कार्यालयमा प्रत्येक वडा कार्यालय र शाखा कार्यालयहरूमा सि.सि क्यामेरा, स्वच्छ खानेपानी, सेवाग्रहीमैत्री वातावरणको व्यवस्था गरीएको छ । स्थानीय शासनको अशल अभ्यासको थालनी गर्दै अन्तरपालिका विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन कार्ययोजना बनाई दमकल सञ्चालनमा ल्याइएको छ। नगर तथा विभिन्न संघसंस्थाको सहकार्यमा एम्बुलेन्स

सेवा सञ्चालन गरिएको छ। नगरको सम्वन्ध टोलटोलमा भन्ने नाराका साथ नगरभित्र ११७ वटा टोल विकास संस्थाको गठन गरीएको छ। ती संस्थाहरू नगर विकासमा कोशे ढुंगाका रुपमा कार्य गरीरहेको छन्। नगरले अन्तर्राष्ट्रिय सम्वन्ध विकासका लागि चीनको गान्सु प्रान्तको क्यानन् स्वायन्त स्वायत्त क्षेत्रसंग भागिनी सम्बन्ध कायम गर्न प्रारम्भिक सम्झौता गरीसकेको छ।










## योजना निर्माण पूर्वाधार तथा सहरी विकास

स्थानीय तह लोकतन्त्र तथा विकासको आधार स्तम्भ हो। स्थानीय तहको विकास यसले निर्माण गर्ने योजना तथा पूर्वाधारको विकासले निर्धारण गर्दछ भन्ने मान्यताका साथ अगाडि वढेको सैनामैना सरकारले सैनामैनालाई व्यवस्थित गर्न योजनावद्ध वस्ती तथा सहर निर्माणका लागि विस्तृत गुरुयोजनाको निर्माण कार्य स्थानीय सरकार गठन भएको तत्काल गर्ने प्रतिबद्धता अनुरुप आफ्नो गुरुयोजना तयार गरी भौतिक, सामाजिक, मानवीय, दिगो विकासका कार्य सुरु गरीएको छ।






नगर विकासको मुख्य पूर्वाधार भनेको सडक सञ्जाल हो। जनप्रतिनिधिले प्रतिवद्धता अनुसार सैनामैना नगरपालिकाका प्रत्येक टोलहरूलाई सडक सञ्जालमा जोडने उद्देश्यका साथ सडक निर्माण कार्य भईरहेका छन्। स्थानीय सरकार गठन हुँदा जम्मा १० किमि पक्की सडक भएको यो नगरपालिकामा अहिले १०० किमि कालोपत्रे सडक रहेको छ। विभिन्न टोलबाट पूर्वपश्चिम लोकमार्ग तथा रिङ्गरोडमा जोड्ने ११५ किमि सडकलाई रोलिङ सहित स्तरोन्नती गर्ने कार्य सम्पन्न गरीएको छ।








पहिले रहेका सडकमा ७५३४ मिटर पक्कि नालि निर्माण भएको छ। नगरभित्र ४३ वटा माटेरेवल पुल, कल्भर्ट निर्माण भएको छ भने ६८५ मिटर हयम पाईप बिछ्याउने काम भएको छ। सडक किनारामा ३५५ मिटर लम्वाईको रिटेनिङग गारो निर्माण गरीएको छ।





नेपालकै नमुना चक्रपथका रुपमा रहेको सैनामैना चक्रपथ १ सय ५० करोड लगानीमा गौरवको परियोजना सम्पन्न हुँदैछ। यो ५७ किमी चक्रपथ निर्माण भई ४३ किमी कालोपत्र भइसकेको छ। सैनामैनाबाट लुम्बिनी जोड्ने विभिन्न सडकहरू मुर्गिया-लुम्बिनी, बुद्धनगर-किसुलि-लुम्बिनी,रामापुर-लुम्बिनी, बाँसगढी-लुम्बिनी, फारलेन-लुम्बिनीको स्तरोन्नति गरीएको छ। पूर्वपश्चिम मेजर रोडलाई स्तरउन्नति गरि कालोपत्रे गर्ने कार्य शुभारम्भ भएको छ। पाल्पा, अर्घाखाँची जोड्ने उत्तर दक्षिण सडकहरू स्तरउन्नती गरी कालोपत्रे गरीएको छ। चक्रपथमा पर्ने पुल बाहेक नगरपालिकामा रहेका घमाह, इंगुरिया, वनरहवा र कञ्चन नदीका विभिन्न स्थानमा ३४ करोड लगानीमा पुल निर्माण गरीएको छ। यी नदी किनारमा सडक निर्माणको सम्भाव्यता अध्ययन गरीनुको साथै कञ्चनकरिडोरको डीपीआर तयारी गरी कार्य अगाडि बढाइएको छ। सडकका ढललाई भूमिगत गर्ने कार्यको शुरुवात गरीएको छ।






अत्याधुनिक ढल प्रशोधन केन्द्र सैनामैना ४



मुर्गिया खानेपानी तथा सरसफई उपभोक्ता संस्थामार्फत फोहर पानीको प्रशोधन गर्ने दुई वटा प्रशोधन केन्द्र निर्माण गरि सञ्चालनमा ल्याइएको छ । हाम्रो प्रतिवद्धता बमोजिम सहरी सुविधा विस्तार गर्न र उद्योग व्यवसायलाई प्रश्रय दिने उद्देश्य अनुरुप सालझण्डी-ढोरपाटन सडकखण्डको मुख्य केन्द्र सालझण्डीमा बसपार्कसहित व्यापारीक भवन निर्माण गरीएको छ । यो सडकलाई लुम्बिनी हुँदै भारतीय नाकासम्म जोड्नका लागि आवश्यक पहल गरीएको छ । सडक सुरक्षा तथा पूर्व-पश्चिम लोकमार्गमा हुने अपराधिक गतिविधि रोक्नका लागि सैनामैना १ बमाहा नदिदेखि सैनामैना ११ कोठी नदीसम्म पूर्वपश्चिम लोकमार्ग क्षेत्रमा सि.सि क्यामेरा जडान गर्ने प्रदेशिक योजना स्विकृत गराई कार्यन्यनको चरणमा रहेको छ। साथै मुर्गिया-लुम्बिनी रोडमा सडक पेटीमा टायल बिच्छयाउने कार्य सम्पन्न भएको छ। आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण तथा निर्माणकार्यको आरम्भ गरीएको छ । सैनामैना नगरपालिका वडा न ८ पिपलडाँडामा आधुनिक यात्रु प्रतिक्षालय विश्राम केन्द्र रिफ्रेससेन्टरको निर्माण कार्य गरीएको छ, भने आवश्यकताअनुसार सार्वजनिक शौचालयको निर्माण गरिएको छ ।







# शिक्षा तथा खेलकुद

सैनामैना नगरलाई प्रमुख शैक्षिक तथा प्राविधिक केन्द्रका रुपमा विकास गर्ने भन्ने प्रतिवद्धता अनुसार शैक्षिक क्षेत्रको भौतिक तथा शैक्षिक पूर्वाधार निर्माणमा महत्वपूर्ण कार्य सम्पन्न भएको छ । नगरका सम्पूर्ण सामुदायिक विद्यालयमा आवश्यकताअनुसार पुराना जीर्ण भवनहरू हटाएर करोडौको लगानीमा नयाँ भवनहरूको निर्माण कार्य सम्पन्न हुनुका साथै कतिपय भवनको निर्माणकार्य जारी छ । रामापुर मावि नमुना प्रदेश भवन, पर्रोहा मावि विशेष अनुदान ६ करोड लगानीको नमूना भवन, सैनामैना मावि संघीय नमुना विद्यालयको भवन, कोटिया मावि विशेष अनुदान र पश्चिम पर्रोह माविमा भवन निर्माणका क्रममा छन् । नगरको अनुदानमा यस अवधिमा नगर भित्र ८२ वटा कक्षा कोठा निर्माण सम्पन्न र बाँकी भवनहरू निर्माणधीन रहेका छन् र प्रत्येक विद्यालयमा आवश्यकता अनुसारको फर्निचर तथा वार्षिक रुपमा रङगरोगन गर्ने कार्य भइरहेको छ। नगरमा रहेको क्याम्पसहरूको पूर्वाधार विकासमा नगरपालिकाले आवश्यक सहयोग गर्दैआएको छ ।






भवन पूर्वाधारमा मात्र होईन गुणस्तरीय शिक्षाका लागि आवश्यक पर्ने दक्ष जनशक्ति, शैक्षिक सामग्री, प्रविधिमैत्री वातावरण, विज्ञान प्रयोगशाला, खेलकुद आदि क्षेत्रमा नगरपालिकाले प्रशस्त लगानी गरेको छ । **"प्रविधिमा आधारित अपनत्व सहितको गुणस्तरीय शिक्षा, सैनामैनाको प्रतिवद्धता"** भन्ने नाराका साथ सैनामैना नगरपालिका शैक्षिक उन्नयनमा अग्रसर रहेको छ । विद्यालयका लागि आवश्यक पर्ने प्रविधियुक्त साम्राग्रीको रुपमा हालसम्म २७८ वटा कम्प्यूटर,

१४८ वटा ल्यापटप, ३० वटा प्रिन्टर तथा ८७ वटा प्रोजेक्टर वितरण गरीएको छ। शिक्षकका लागि **एक शिक्षक एक ल्यापटप** कार्यक्रम संचालन गरीएको छ । जस्का लागि २३० वटा ल्यापटप र २३ वटा प्रोजेक्टर वितरण गरिएको छ।



यो प्रयासले सैनामैना नगरका सबै शैक्षिक संस्थामा सूचना तथा संचार प्रविधिलाई अनिवार्य गरीने छ भन्ने प्रतिवद्धतालाई साकार पार्ने काम गरेको पाईन्छ। नगरका २ उच्च शैक्षिक प्रतिस्ठानहरूलाई नगरपालिकाको पहिलो नीति तथा कार्यक्रममा जनाईए अनुसार QAA प्रमाण पत्र प्राप्तिका लागि उत्प्रेरित गरीएकोमा सहिद नारायण पोखल रामापुर क्याम्पसले QAA प्रमाण पत्र प्राप्त गरेको छ भने पर्रोहा बहुमुखी क्याम्पस उक्त प्रमाण पत्र प्राप्तिको अन्तिम चरणमा पुगेको छ।





अभिभावकको चाहना तथा स्थानीय जनप्रतिनिधीको प्रतिवद्धता अनुरुप सामुदायिक विद्यालयको अध्ययनको माध्यमलाई अंग्रजी बनाइएको छ । ७ वटा सामुदायिक विद्यालयलाई यातायातको सुविधाका लागि स्कुल बसको व्यवस्था गरीएको छ। जस्ले गर्दा विद्यार्थीको सामुदायिक विद्यालयमा भर्ना दरदर वृद्धि हुँदै गएको छ भने गुणस्तरमा पनि सुधार भएको छ। संघ तथा प्रदेश सरकारले

यस नगरपालिकाका २ विद्यालयलाई नमुना विद्यालय छनौट गरी पूर्वाधारको विकास भईरहेको छ। नगरपालिकाले विद्यालयहरूमा ८ विज्ञान प्रयोगशाला, ५ वटा पुस्तकालय, ४ वटा आईसिटि ल्याव र ९ वटा शौचालय निर्माण गरीएको छ। प्रत्येक विद्यालयमा स्वच्छ खानेपानी नर्सरीदेखि ५ कक्षासम्म अध्ययनरत सबै विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गरीएको छ। छात्राहरूलाई सेनेटरी प्याड तथा कक्षा कोठालाई वालमैत्री प्रविधि मैत्री विद्यार्थी केन्द्रित बनाउन, आवश्यक पेशागत विकास तथा प्रविधि सम्बन्धी तालिम, कार्यशालाको सञ्चालन गरीएको छ।







नगरभित्र प्राविधिकधारका विषय तथा नवीनतम विषय संचालन गर्ने विद्यालयलाई उत्प्रेरित गर्ने नीतिलाई अगिंकार गर्ने प्रतिवद्धता अनुरुप हाल सैनामैनाको एउटा विद्यालयमा प्रविधिक, अर्को एक विद्यालयमा विज्ञान र अर्कोमा कानून विषयको पठनपाठन भइरहेको र अन्य विद्यालयमा पनि यस्ता विषय संचालन गर्ने नीति नगरपालिकाले लिएको छ। विभिन्न कारणले वीचमै पठनपनठन छाडेका महिलाको लागि नगरपालिकाले महिला विद्यालय सञ्चालनमा ल्याएको छ। कक्षा दश पूरा गरी प्राविधिक सीप सिकेर स्वरोजगार हुन चाहने युवा विद्यार्थीका लागि आवश्यक छात्रवृत्तिको व्यवस्था गरेको नगरपालिकाले हालसम्म १६७ जना विद्यार्थीलाई छात्रवृत्ति दिई १८ महिनै प्रविधिक तालिम दिएको छ।





यस्तो छात्रवित्तको व्यवस्था विभिन्न विश्व विद्यालयको सहकार्यमा स्नातक तथा स्नातकोत्तर तहमा पनि गरीएको छ। यसरी शैक्षिक संस्थाको विकासमा अभिभावकको सहभागिता र स्थानीय तहको नियन्त्रण, निर्देशन र सहजीकरणलाई कार्यान्वयनमा ल्याउन महत्वपूर्ण पहल गरीएको छ। नगरका विद्यालय तथा शिक्षकहरुलाई उत्कृटता र कार्यसम्पादनको आधारमा प्रत्यक वर्ष पुरस्कृत गरिएको छ। सैनामैना नगरपालिका खेलकुद प्रवर्द्धनका लागि सजग रहेको र आफ्नो चुनावी प्रतिवद्धता अनुरुप खेलकुद पूर्वाधार र गतिविधि सञ्चालन गरेको छ। प्रत्येक वडामा खेलमैदान को निर्माण गर्ने प्रतिवद्धता अनुरुप वडा न १ र ६ मा कभर्डहल निर्माण भइरहेको छन्, टोलमा व्याडमिन्टन कोर्ट निर्माण गर्ने उद्देश्य अनुरुप एक टोल विकास संस्था १ व्याडमिन्टन एकीकृत व्याडमिन्टन कोर्ट निर्माण भएका छन्। वडा न ४ मा सुरु गरिएको राष्ट्रिय स्तरको रंगशाला निमार्णकार्य अन्तिम चरणमा पुगेको र यस वर्ष प्याराफिट निर्माण हुनेछ।






वडा न ७ मा निर्माणाधीन रहेको अन्तर्राष्ट्रिय क्रिकेट मैदानलाई प्राकृतिक खेल मैदानको रुपमा विकास गरिएको छ। अन्य वडा १, ५ र ११ मा खेल मैदानको स्तरोन्नति गरिएको छ। लोपोन्नमुख आर्चरी खेललाई पुनरोत्थान गरी वडा न ३ मा सञ्चालन गरीएको छ।

विद्यालयका विद्यार्थीहरूको खेल विकासका लागि नगरका प्रत्येक विद्यालयलाई आवश्यक खेलकुद सामाग्री उपलब्ध गराईएको छ। खेलकुदको आवश्यक जनशक्ति उत्पादनका लागि विभिन्न खेल विद्यामा खेलाडी, रेफ्री तालिमको व्यवस्था गरीएको छ। विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको आयोजना प्रत्येक वर्ष गरीएको छ। नगर खेलकुद विकास समिति गठन गरी नगर भित्रको खेल गतिविधिलाई चुस्त र दुरुस्त गरीएको छ। खेलाडीलाई प्रोत्साहन गरिएको छ।







# स्वास्थ्य

सबै नगरवासीको स्वास्थ्य उपचारको पहुँचमा सुनिश्चितता गर्ने प्रतिवद्धताका साथ निर्वाचित स्थानीय सरकारले स्वास्थ्य क्षेत्रमा आशातीत सुधार ल्याएको छ । जम्मा तीन वटा स्वास्थ्य संस्थाबाट सेवा दिएको अवस्थामा हाल तीनवटा स्वास्थ्य चौकी एउटा सहरी स्वास्थ्य सेवा केन्द्र ६ वटामा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा विशेषज्ञ सहित ४० वटा जनशक्ति कार्यरत













रहेका छन् । आधारभुत स्वास्थ्य केन्द्रका भवन निमार्ण कार्य सबै वडा गरीएको छ । पर्रोहा स्वास्थ्य चौकिलाई स्तरोन्नति गरी १५ वडाको आधारभूत अस्पतालको निर्माण कार्य भैरहेको छ । पदमपाणी योग तथा प्राकृतिक चिकित्सालयमा मड थेरापी र ओपीडी भवन निर्माणको कार्य अगाडि बढिरहेको छ । प्राकृतिक चिकित्सा सम्बन्धी सेवा तथा सरकारी आर्युवेदिक आरोग्य सेवा केन्द्र सञ्चालनमा आएको छ । नगरभित्रका स्वास्थ्य चौकिबाट स्वास्थ्य पोषण क्लिनिक सञ्चालन, एन्टीरेविज भ्याक्सिन, इसीजी,ओतीसी क्षयरोग, कुष्ठरोगको निःशुल्क औषधी वितरण कार्यक्रम भइरहेका छन् । क्यान्सर, किड्नी रोग, मुटुरोगलगायतका रोग विपन्न बिरामीहरूले निःशुल्क उपचार सेवा प्राप्त गरेका छन् । यस्ता २६७ जना विरामीले २ करोड ८७ लाख रुपैयाँ बराबरको उपचार सेवा उपलव्ध भएको छ । नगरपालिकाले विभिन्न रोग पहिचान तथा उपचारका लागि रोग पहिचान कार्यक्रम जस्तै पाठेघरको मुखको क्यान्सर, आखा उपचार तथा मोतीविन्दुको निःशुल्क शल्यक्रिया शिविर संचालन गरेको छ । विभिन्न कीटजन्य रोग मलेरिया, डेंगुलगायत रोग नियन्त्रणका लागि जनचेतना अभियान, गर्भवती तथा सुत्केरीका लागि कोसेली कार्यक्रम, यातायात खर्च कार्यक्रम, किशोरी शिक्षा कार्यक्रम, सञ्चालन गर्दैआएको छ । नगर भित्रका स्वास्थ्य सस्थालाई प्रविधि मैत्री वनाइएको छ । नगरका ८४ भन्दा बढी उमेरका जेष्ठ नागरीकलाई घर-घरमा गएर निःशुल्क रुपमा स्वास्थ्य परिक्षण गर्ने गरीएको छ । नगरका २६ प्रतिशत नागरिक स्वास्थ्य विमामा अनुबन्धित भएका छन् । विश्वव्यापी महामारिको रुपमा रहेको कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि विभिन्न स्थानमा क्वारेन्टाइन सुविधा उपलव्ध गराइएको थियो । क्वारेन्टाइन र आइसोलेशनबाट हजारौं जनतालाई सुविधा दिइएको थियो । कोभिड १९ बाट संक्रमित भएका करीब एक हजार जनालाई चिकित्सकसहित सुविधा सम्पन्न आइसोलेसन अस्पतालमा राखी निःशुल्क उपचार तथा खानपानको व्यवस्था गरीएको थियो । कोभिड विरुद्धको खोप लगाउने कार्यक्रम अनुसार हालसम्म ६७ हजार ५ सय ९७ जना पूर्ण खोप प्राप्त गरेका छन् । नगरपालिकाको कोभिड १९ विरुद्धको पूर्ण खोप सुनिश्चित नेपालकै पहिलो नगरपालिका घोषण भइसकेको छ । नगरस्तरीय आइसोलेसन सेन्टरमा विभिन्न नगरपालिका व्याक्ति र संस्थाको सहयोगमा ५ थान एचडियू मनिटर सहितको आइसीयू वार्ड ७९ थान हस्पिटल वडा २२ थान अक्सिजन सिलिण्डर र २ थना अक्सिजन कर्न्सट्रेटर राखिएको छ ।

## कृषि, भूमि व्यवस्थापन

अधिकांश जनता कृषि पेशामा आश्रित रहेको र कृषिको प्रशस्त सम्भावना भएको यस नगरपालिकाको कृषि क्षेत्र प्रवर्द्धनमा नगर सरकार प्रतिवद्ध तथा सचेत रहेको छ। आफ्नो गठन पश्चात आवश्यक जनशक्तिको व्यवस्थापन गरी आफ्नै कृषि विकास शाखाबाट आवश्यकीय कृषि सेवा उपलव्ध गराएको छ । कृषि सहकारी, कृषि तथा पशुफर्महरूको पवर्द्धनमा नगरपालिका








प्रतिवद्ध रहेको छ । कृषकलाई फलफूलको बिरुवा, खाद्यान्न बालीको बीऊ, तेलहन बालीको बीऊ, दाल बाली, च्याउ आदिको बीऊ वितरण गरीएको छ। हाइटेक नर्सरी र टनेल निर्माण कार्यमा नगरपालिकाले अनुदान दिइरहेको छ । घरेलु भर्मि कम्पोष्ट प्लान्ट निर्माण भईरहेको छ। यस्तै कृषिलाई आधुनिकीकरण गर्ने क्रममा साना कृषि औजार तथा यन्त्र उपकरण सहयोग व्यवसायीक फूल खेती कार्यक्रम तरकारी तथा फलफुल खेती सहयोग कार्यक्रम व्यवसायीक तरकारी तथा फलफूल खेती अनुदान, क्षमताविकास कार्यक्रम, कृषक पाठशाला, कृषि सहकारी, कृषक समूह, कृषि फर्म अन्तर्गत पकेट विकास कार्यक्रम सञ्चालन गरीएको छ । जसले कृषकहरू प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । यस्तै पशुविकास तर्फ परजीवि नियन्त्रण, रोगको औषधी वितरण,पशु खोप कार्यक्रम, पशु आहार कार्यक्रम, नस्ल सुधार कार्यक्रम, यूवा लक्षित कृषि व्यवसाय प्रबर्द्धन, साना कृषि औजार तथा यन्त्र-उपकरण सहयोग कार्यक्रम आदिमा सयौं किसानहरूलाई अनुदान उपलव्ध गराईएको छ। त्यस्तै कोभिड प्रभावित कृषि अनुदान एक स्थानीय तह एक उत्पादन कार्यक्रम, गाई प्रबर्द्धन, बाख्रा प्रबर्द्धन कार्यक्रम सञ्चालन गरी अनुदान दिईएको छ। पशु विकास कार्यक्रमअनुसार क्षमता विकास कार्यक्रम, पशुविमा कार्यक्रममा नगरले खर्च गरेको छ । जनप्रतिनिधीको प्रतिवद्धताअनुसार गौरवको योजनाको रुपमा कृषि तथा पशु जन्य सामाग्री एकै स्थानबाट प्राप्त गर्नेगरी ११ विघाहा जग्गामा कृषि पार्क निर्माण गर्ने कार्य अगाडि बढाइएको छ। त्यस्तै किसानलाई आफ्नो उत्पादन स्थानीय बजारमा विक्री वितरण गर्न सजिलो होस भन्ने हेतुले नगरको वडा न ३, ८ र १० मा अत्याधुनिक हाटबजारको निर्माण गरीएको छ । जहाँ नगरवासीले कृषि उपज संगसंगै अन्य उपभोग्य सामाग्रीहरू किनवेच गर्न पाउँदछन् ।

यसरी आफ्नो प्रतिवद्धताअनुसार नै नगरपालिकाले व्यवसायिक कृषि, पशुपालनलाई प्रोत्साहन गर्न आवश्यक अनुदान दिइरहेको छ । कृषिफर्म,डेरीफर्म, पोल्टीफर्म, पिगफर्म, बाख्राफर्म, पाडाफर्म, च्याउफर्म, नगदे, हिउँदे बाली आदि कार्यलाई प्रोत्साहन गरी आवश्यक अनुदानको व्यवस्था गरेको छ । कृषिजन्य जमिनमा सिंचाई पुऱ्याउने प्रतिवद्धता अनुसार यस नगरबाट सिंचाई पूर्वाधार निर्माणमा विशेष ध्यान दिइएको छ । नगरपालिकाले ९४३ मिटर लम्बाईको पक्कि कुलो, ३१ वटा भूमिगत सिंचाईको भल्व तथा ७ स्थानमा रहेका कुलोको बाँधहरूको मर्मत तथा पुनर्निर्माण गरेको छ। आवश्यकता अनुसार स्यालो ट्यूवेलहरूको निर्माण गरेको छ ।

# भूमि भवन व्यवस्थापन

भू-उपयोग योजना बैज्ञानिक ढंगले निर्माण गरि लागु गर्ने नेपालकै पहिलो स्थानीय तह भएको छ। प्रतिवद्धता अनुसार नगर सरकारले भू-उपयोग नीतिको आधारमा भूमिको वर्गीकरण गरी कृषि क्षेत्र, आवास क्षेत्र, बजार तथा औद्योगिक, खेलकुद क्षेत्र, शैक्षिक क्षेत्रलगायत पूर्वाधार निर्माणमा हरियाली उद्यान तथा सामुदायिक वनजङ्गलको व्यवस्थापनको कार्य अगाडि बढाएको छ। गाउँब्लक जग्गाको जग्गाधनी दर्ता प्रमार्ण पूर्जा वितरण गर्ने कार्य शुरुवात भएको र ७५९ वटा जग्गा धनी दर्ता प्रमार्ण पूर्जा वितरण गरीएको र बाँकी रहेको जग्गाको नाप नक्सा गरी जग्गाधनी प्रमाणपूर्जा वितरण गर्ने काम अन्तिम चरणमा पुगेको छ।




नगर भित्रका सार्वजनिक र सरकारी जग्गाको व्यवस्थापन र लागत राख्ने काम गरीएको छ। सुकुम्बासी र अव्यवस्थित जग्गा व्यवस्थापनका लागि नगर भित्र रहेका १५२८० भूमिहीन, सुकुम्बासी भूमिहीन दलित र अव्यवस्थित बसोबासीको निवेदन दर्ता गरी अनलाईन प्रणालीमा

प्रविस्ट गर्ने कार्य गरीएको तथा नापी गर्ने प्रयोजनका लागि नगरपालिका भित्र ८७ स्थानमा कन्ट्रोलप्वाइन्ट स्थापना गरी डि.जि.पि.एस गर्ने कार्य सम्पन्न भएको छ । निर्वाचन अगावै वडास्तरको सार्वजनिक सुनुवाई र नगर स्थानीय दाबी विरोधको व्यवस्थापन गरि निर्वाचन पछि तत्काल जग्गा नापी र श्रेस्ता तयार गर्ने कामको शुरुआत हुनेछ। बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७३ लाई आधार मानी सैनामैना भवन निर्माण मापदण्ड कार्यान्वयन गरिएको छ जसले गर्दा नगर क्षेत्रमा बन्ने संरचना पूर्णरुपमा भूकम्प प्रतिरोधी तथा अन्य तवरले सुरक्षित बन्ने आशा लिइएको छ। विविध कारणले विस्थापित सैनामैना निवासी परिवारलाई स्थापित गर्ने उद्देश्यले सैनामैना ११ मा करिव ४ विगाहामा नमुना बस्ती निर्माण गर्न जग्गा छुट्याईएको छ । हाल त्यहाँ १० वटा नमुना घर निर्माणको कार्य सम्पन्न भएको छ । सबै वडामा ११० वटा जनता आवास भवन निर्माण गरीएको छ । सैनामैना ६ र ८ मा करिव ५०० विगाहा जग्गालाई एकीकृत जग्गा विकास Land pooling गरी आधुनिक सुविधा सम्पन्न शहर निर्माण गर्नका लागि नगर विकास कोष मार्फत डीपीआर निर्माणको चरणमा रहेको छ ।

## प्राकृतिक सम्पदा र वातावरण संरक्षण, विपद एवम् फोहोरमैला व्यवस्थापन

प्राकृतिक स्रोतमा स्थानीय समुदायलाई अग्राधिकार र प्राथमिकता दिने संवैधानिक प्रावधानलाई प्रभावकारी कार्यान्वयन गर्ने चुनावी प्रतिवद्धतासंगै नगरपालिकाले वृक्षारोपण कार्यक्रम गरीएका छ । वृक्षारोपण गरिएका स्थानको संरक्षण, कार्यक्रम सामुदायिक वनमा संयुक्त गस्ती कार्यक्रम, वन पैदावार तस्करी रोकथाम तथा चुरे संरक्षणका लागि तार जाली लगाउने कार्यक्रम सम्पन्न गरिएको छ । नगर क्षेत्र भित्र रहेका विभिन्न नदी तथा खोलाको कटान रोक्नका लागि करिव ७ किमि लम्बाइको ग्यावियन जाली भर्ने कार्य तथा अन्य नियन्त्रणका प्रयास भएका छन् ।

सैनामैनाको राजापानी सिमसार क्षेत्रको डीपीआर तयार गरी निर्माण कार्य अगाडि वढाइएको छ। सैनामैनाकै गौरवको रुपमा रहेको लामी रह संरक्षण तथा सिचाई वाँध आयोजनाको डीपीआर सम्पन्न भई सहलगानीमा सम्पन्न गर्ने गरी सुनिश्चितता भएको छ। चुरे संरक्षणका लागि ३ वटा पोखरी निर्माण भइसकेका छन्। बाँकी थप पोखरी निर्माण कार्य भईरहेको छ।

नगरको फोहरमैला व्यवस्थापनका लागि नगर सरकार सचेत रहेकोले अल्पकालीन दीर्घकालीन कार्यक्रमसहित फोहोरको व्यवस्थापन गर्दै आएको छ। अल्पकालीन रुपमा फोहोर मैला संकलन गरी वडा न ९ को पिपलडाँडामा व्यवस्थापन गरीएको छ। अहिले उक्त कार्य ठेक्का सम्झौता अनुसार व्यवस्थापन भएको छ । नगरका प्रत्येक वडामा खानेपानी तथा सरसफाई अभियान



सञ्चालन भएका छन्। फोहरमैलाको दीर्घकालीन व्यवस्थापन कार्यक्रम गर्न यस नगरपालिकाको अगुवाईमा बुटवल उपमहानगरपालिका, सैनामैना नगरपालिका र कञ्चन गाउँपालिका बीच सहमति भई अन्तर स्थानीय तह फोहोरमैला व्यवस्थापनका लागि सैनामैना नगरपालिका वडा न १० को एकला पहाडमा फोहोरमैला संकलन र प्रशोधन केन्द्र निर्माणका लागि ई.आइ.ए स्वीकृत भई जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढेको छ।

## संस्कृति संरक्षण र पर्यटन विकास

हाम्रो प्रतिवद्धताअनुसार सैनामैनाको संस्कृति, सभ्यता, कला पर्यटन संरक्षण र प्रवर्द्धनमा सैनामैना नगर सरकार क्रियाशील रहेको छ। धर्तीपुत्रका रुपमा रहेका थारू समुदायको सांस्कृतिक संस्कारलाई संरक्षण गर्ने र पर्यटन विकास गर्ने उद्देश्यले सैनामैनाको उचडिहवामा थारू समुदायको संस्कृति झल्कने गरी सभाहल सहित आवश्यक पूर्वधार निमार्ण गरी होम स्टे संचालन गरीएको छ। थारू समुदायको संस्कृति, परम्पराको संरक्षणका लागि सैनामैना ५ कोटिया माईथानमा थारू संग्रहालय निर्माण गर्ने कार्य शुरु गरीएको छ। वुद्धकालीन सभ्यतासंग जोडिएको सैनामैना क्षेत्र सैनामैना १ मा खुल्ला संग्रहालयको रुपमा रहेको सैनामैना क्षेत्रका पुरातात्विक वस्तुहरूको संरक्षण गर्दै संग्रहालय निर्माण कार्य अगाडि बढेको छ। धार्मिक आस्थाको केन्द्र पर्रोहा परमेश्वर शिव ज्योर्तिलिङ्ग बोलबम धामको विकासका लागि बोलबम क्षेत्र विकास परियोजना मार्फत डीपीआर

निर्माण भई ७ करोडको लागतमा निर्माण कार्य अगाडि बढेको छ। धार्मिक तथा पर्यटकीय क्षेत्र मलमला मन्दिर सहितको मलमलाक्षेत्र विकास परियोजनाको डीपीआर सम्पन्न गरी सोही अनुसारका पूर्वाधार निमार्ण कार्य अगाडि बढेको छ। मुर्गियामा रहेको नवदुर्गा मन्दिरको भोगाधिकारमा रहेको जग्गा र हाट बजारको जग्गालाई एकीकृत गरी आधुनिक पर्यटकीय पार्क सहितको शैलपुत्री शक्तिपिठ निर्माण गर्ने गरी डीपीआर सम्पन्न भएको छ। सैनामैना १० मा रहेको बौद्ध गुम्बालाई समयानुकूल थप पूर्वाधार निर्माण गरीएको छ।






सैनामैनामा रहेको पिकनिक स्थल, वाल उद्यान, खुल्ला जीमखाना आदिहरूमा आवश्यक वजेटको तर्जुमा गरी पूर्वाधार निर्माण तथा स्तरोन्नति गरीएको छ। नगरभित्रका मठ मन्दिर, गुम्वा साथै थारू समुदायको वस्तिहरूबाट माग भई आएका सबै डिउहारहरू निर्माण गरीएका छन्। नगरभित्रका ३२ वटा सामुदायिक भवनको भौतिक पूर्वाधार निर्माण गरीएको छ। वर्षो देखि सैनामैना नगर पालिकामा बसोवास गरीरहेका आदिवासी जनजातिको कला संस्कृति, भेषभुषा, नाच-गान गीत संगीतको सम्बर्द्धन गर्ने काम भएको छ र नगर भित्र मनाईने साँस्कृतिक मेला महोत्सबलाई यथेस्ठ आर्थिक सहयोग तथा अनुदान नगरपालिकाले गर्दै आएको छ। सयौं वर्षदेखि गरिँदै आएको रात्रीकालिन माघे औंसी भँड्छा मेलालाई प्रवर्दन गरीएको छ।

## विद्युत तथा खानेपानी

विद्युत विकास पूर्वाधारको महत्वपूर्ण पक्ष हो । जनप्रतिनिधिको प्रतिवद्धता अनुरुप "**उज्यालो नगर सैनामैना वासीको रहर**" भन्ने अभियानका साथ नगर सरकारले विद्युतीकरणको कार्यलाई तिव्ररुपमा अगाडि वढाएको छ । नगर भित्र विद्युत नभएको स्थानमा ३९९ वटा विद्युत पोल खरिद गरी २००० मिटर विद्युत लाईन विस्तार गरेको छ। सडकमा सोलार वत्तीको व्यवस्थापन गरेको नगरले करिव २ कि.मिमा विद्युत सडक वत्ती जडान गरेको छ । समस्याको रुपमा रहेको न्यून भोल्टेजको दीर्घकालीन समाधानको लागि सैनामैना ९ र ११ को पिपलडाँडामा विद्युत सबस्टेशनको निर्माण कार्य भइरहेको छ । आवश्यकता अनुसार ट्रान्सफर्मर राख्ने कार्य सम्पन्न भएको छ । पूर्व-पश्चिम लोकमार्ग मुर्गिया-लुम्बिनी सडक, कलौनी-लुम्बिनी सडक, सालझण्डी-ढोरपाटन सडकलगायत अन्य मुख्य १२ वटा सडकको १० किमि एचटिलाईनको विस्तार गरीएको छ । एलटि लाइनको मर्मत तथा विस्तार गरी सैनामैनावासीको विद्युतमा पहुँचको सुनिश्चितता गरीएको छ । नगरका २३२ विपन्न घर परिवारलाई नि:शुल्क विद्युत मिटर उपलव्ध गराइएको छ ।





नेपालको संविधान २०७२ मा स्वास्थ्य सम्बन्धी हकमा उल्लेखित प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको सुनिश्चितताका लागि जनप्रतिनिधीको प्रतिवद्ध रहेको छ भन्ने बुँदालाई कार्यान्वयन गरिएको छ। वास र खानेपानी सरसफाई तथा स्वच्छता योजना मार्फत सैनामैना वासीमा स्वच्छ खानेपानीको पहुँच, पूर्ण सरसफाई र खुल्ला दिसामुक्त सैनामैना नगरपालिकाको भावनालाई प्रतिवद्धता अनुरुप दिगो खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा नगरपालिकाले पुऱ्याइरहेको छ। स्वच्छ पिउने पानी सबैको नैसर्गिक अधिकार भन्ने मूल मर्मलाई अङगीकार गर्दै सैनामैनामा नियमित र निरन्तर रुपमा स्वच्छ तथा सुद्ध खानेपानी वितरणको व्यवस्था गर्नका लागि नगरपालिका प्रतिवद्ध रहेको छ। स्थानीय सरकार गठन पूर्व सुरु गरिएका सम्पूर्ण खानेपानी योजना सम्पन्न भएका छन् भने पुराना योजनाहरूको स्तरोन्नती गरीएको छ। एक घर एक धारा सहित सबैलाई स्वच्छ खानेपानिको सुनिश्चितताको मर्मलाई अङगाल्दै प्रादेशिक सरकारको सहयोगमा थप खानिपानी आयोजनको निर्माण गरि **एक घर एक धारा** भन्ने प्रतिवद्धतालाई साकार पारिएको छ। चुरेमा रहेको ऐतिहासिक क्षेत्र मलमलामा सोलार लिफ्टिङ्गबाट पूर्णरुपमा खानेपानीको सुविधा उपलव्ध गराएको छ। पर्यटकीय स्थल बोलवम पार्क तथा अन्य स्थानहरूमा खानेपानीको प्रवन्ध गरीएको छ। भूमिगत पानीमा मात्र निर्भर नभई भविश्यमा खानेपानीको सतही स्रोतको पहिचान संरक्षण तथा बाँध आयोजनाको प्रारम्भिक कार्यको शुरुवात गरीएको छ।

## उद्योग, व्यापार र रोजगार प्रबर्द्धन

सैनामैनामा उद्योग व्यापारमैत्री वातावरण निर्माण गरीने निर्वाचन प्रतिवद्धताअनुसार उद्योग वाणिज्य संघ, व्यापार संघ, लगायतका संस्थालाई रोजगारदाताको रुपमा सम्मानजनक वातावरणको निर्माण गर्दै सैनामैनाको विकासमा निजी क्षेत्रलाई प्रोत्साहन गरीएको छ। नगर भित्रका साना तथा मझ्यौला उद्योगको विकास तथा प्रबर्द्धनका लागि सैनामैना ७ मा औद्योगिकग्राम निर्माणकार्य




अगाडि बढाई आवश्यक पूर्वाधारको निर्माण गरिँदै छ । सैनामैनामा रहेका हाटबजारलाई व्यवस्थित र आधुनिक वनाउने निर्वाचन प्रतिबद्धता अनुसार वडा न ३ मा ५४ सेडसहितको हाटबजार निर्माण भएको छ भने सोही स्थानमा चिस्यान केन्द्र निर्माणधिन छ। त्यस्तै वडा न ८ र १० मा अत्याधुनिक हाटबजार निर्माण भईसकेका छन् भने बाँकी रहेका हाटबजारको स्तरोन्नति र आधुनिकीकरणको कार्य अगाडि बढाइएको छ ।

सैनामैनामा उद्योग व्यवसाय सञ्चालनको लागि भौतिक तथा वातावरणीय अनुकुलता श्रृजना गरीएको छ सोही अनुरुप बहुचर्चित इलेक्ट्रिक सवारी साधन उत्पादन गर्ने कारखाना स्थापना गर्न सुन्दर यातायात प्रालिसंग नगरपालिकाको सम्झौता भई पूर्वाधार निर्माणको कार्य शुरुभएको छ। जस्ले गर्दा सैनामैनाका सयौं युवाले रोजगारी पाउने अवसर श्रृजना भएको छ। कृषि, पशु पंक्षी मत्स्य पालन, डेरी स्थापनामा प्रोत्साहित गर्ने निर्वाचन प्रतिवद्धतामा प्रतिवद्ध हुँदै यस्ता उद्योग व्यवसाय गर्ने फर्म वा व्याक्तिलाई आवश्यक अनुदान तथा सहुलियत दिदै आएको छ ।









वेरोजगारलाई रोजगारीको अवसर प्रदान गर्न प्रत्येक सरकारको कर्तव्यवोध गरी सैनामैना नगर सरकारले विभिन्न गतिविधि सञ्चालन गरेको छ । नगरको छात्रवृत्ति सहयोगमा सीप सिकी स्वरोजगार हुने युवाहरूलाई केएनआईटिलगायत अन्य सस्थाको सहकार्यमा लामो तथा छोटो समयका सीप तथा आयमूलक तालिमको व्यवस्था मिलाइएको छ। नगर रोजगार केन्द्रमा सूचिकृत व्यक्तिलाई आवश्यक सीपमूलक तालिम दिनुका साथै नगरपालिकाको समन्वयमा रोजगारको व्यवस्था गरीएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ६०६ जना बेरोजगार व्यक्तिलाई रोजगारीको प्रबन्ध गरीएको छ। वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई अभिमुखीकरण कार्यक्रम सूचना तथा परामर्श सेवा र वैदेशिक प्रबर्द्धन वोर्डबाट उपलब्ध हुने आर्थिक सहयता वितरण कार्य गरीएको छ । वैदेशिक रोजगारीका लागि आवश्यक सीप विकास कार्यक्रम सञ्चालन गरीएको छ । दक्षिण कोरियासँग मौसमी कामदार पठाउने प्रारभिक सम्झौता गरिएको छ ।

## सामाजिक सुरक्षा र उपभोक्ता हित एवम् संरक्षण

समाजमा हुने सबै प्रकारका सामाजिक बिभेद, उचनिचको दुर्भावना छुवाछुत घरेलु हिँसा, दाईजो प्रथा, बोक्सीप्रथा जस्ता कुरीति कुसंस्कार अन्त्य गर्न नगर सरकार प्रतिवद्ध छ। लागुपदार्थ तथा लागु औषध विरुद्ध सचेतना अभियान सञ्चालन गरीएको छ। उपभोक्ता हितका लागि पसलहरूमा मूल्य र गुणस्तरको निम्ति अन्य संघसंस्थाको सहकार्यमा नियमित अनुगमन गरीएको छ। महिला विकासको लागि महिला सहकारीलाई महिला विकास कार्यक्रममा आवद्ध गरीएको छ ।



उनीहरूलाई अनुशिक्षण, आधारशिला, सासु बुहारी नेतृत्व तथा कानुनी विषय, लैङ्गीक हिंसा तथा घरेलु हिंसा, सीपमूलक, उद्यमशीलता तथा स्वरोजगार तालिममा सहभागी गराई महिला, सशक्तिकरणमा जोड दिइएको छ । लैङगिक हिंसा विरुद्धको लागि कार्यविधिको निर्माण तथा कोषको स्थापना गरी पीडित महिलालाई सहयोग गरीएको छ । महिलासंग उपप्रमुख कार्यक्रम सञ्चालन गरी महिलाहरूलाई विभिन्न स्वरोजगार हुने खालका सीपमूलक तालिम प्रदान गरीएको छ। मानव वेचविखनविरुद्ध कार्यविधि बनाई प्रत्येक वडामा मानव वेचविखन तथा नियन्त्रण गर्न कार्यविधि अनुसारको ११ वटा समिति सक्रिय रहेका छन् ।






जेष्ठ नागरीकहरूको सम्मानका लागि जेष्ठ नागरीकको परिचयपत्र वितरण गरीएको छ । ८४ वर्ष नाघेका जेष्ठ नागरीकलाई सम्मान गरीनुका साथै घर घरमा गएर स्वास्थ्य परीक्षण गर्ने गरीएको छ। सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणलीबाट वितरण गरीएको छ। जेष्ठ नागरीक सहायता कोष स्थापना गरीएको छ । सैनामैनाको वडा नं. १ मा प्रदेश स्तरको जेष्ठ नागरीक संरक्षण ग्राम र अपाङ्गता पुनर्स्थापना केन्द्र निर्माण गर्नेगरी डीपीआर तयार गरी जग्गा संरक्षण कार्यसंगै निर्माण कार्यको प्रकृया अगाडि बढाइएको छ । अपाङ्गता भएका व्यक्तिको पहिचानका लागि उनीहरूको वर्ग अनुसारको परिचयपत्र सहज, सरल र पारदर्शी ढंगले सफटवेयर मार्फत वितरण गरीएको छ। अपाङ्ग सम्बन्धी तथ्याङ्क संकलन गरी आवश्यक सीपमूलक तालीम, निशूल्क स्वास्थ्य सेवा, न्यानो कपडा वितरण, सांकेतिक भाषा तालिम, सास्कृतिक उद्यम विकासका लागि रकम र सबैारी साधन उपलव्ध गराइएको छ । बालवालिका भविश्यका कर्णधार हुन भन्ने ध्येयका साथ बालवालिकाको चौतर्फि विकासमा नगर सरकार सचेत रहेको छ। यस सर्न्दभमा

टोल टोलमा बालक्लव, वडामा वडास्तरीय र नगरमा नगरस्तरीय बालक्लव गठन गरी विभिन्न कार्यक्रमहरू संचालन गरिँदै आएको छ। वालवालिकाको व्यक्तित्व तथा क्षमता विकासका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरीएको छ। बाल उद्यान पार्कको निर्माण गरीएको छ।

समाज विकासको मूल आधार युवा हुन र यिनको मेहनतले नै समुन्नत समाजसंगै देशको विकास हुन्छ भन्ने मान्यताका साथ सैनामैना नगरपालिकाले विभिन्न युवा केन्द्रित कार्यक्रम संचालन गर्दै आएको छ। युवाहरू शारीरिक हिसावले मात्र नभएर उनीहरूमा सकारात्मक सोच हुने श्रृजनात्मक कार्यमा लाग्ने क्षमता हुने हुँदा नगरको हरेक गतिविधिमा युवाको सहभागिताको सुनिश्चितता गर्ने कार्य नगर सरकारले गरेको छ। यस सर्न्दभमा युवा स्वरोजगार कार्यक्रम युवामैत्री स्थानीय तह विकास कार्यक्रम मार्फत आफ्नो प्रतिवद्धतामा केन्द्रित रहेर सीपमूलक तथा उद्यमशीलता कार्यक्रम सञ्चालन गरेको छ।

नगरको विकास निर्माण तथा नगर बासिको सेवामा समर्पित सैनामैनाका जनप्रतिनिधिको सर्मपणले नगरलाई समृद्धि उन्मुख नगरको रुपमा रुपान्तरण गरेको छ। आफ्नो निर्वाचन प्रतिवद्धतामा गरीएका बाचा र त्यसभन्दा अगाडि वढेर यो समयमा भएको विकास निर्माण, सामाजिक, आर्थिक, संस्कृतिक, शिक्षा, स्वास्थ्य, पर्यटनलगायतका क्षेत्रमा आमूल परिवर्तन भएको छ। विगत दुई वर्षदेखि कोभिड माहामारीको कारण पक्कै पनि नगर विकास तथा आर्थिक व्यवस्थापनमा प्रतिकुल असर परेको छ। तर कुशल नेतृत्वको दुरदर्शी क्षमताका कारण प्रतिकुलतासंग जुध्दै सैनामैनाको उन्नतीमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। सैनामैना नगरपालिकाद्वारा हुने सेवा प्रवाह तथा आर्थिक सामाजिक क्षेत्रमा भएको प्रगतिले साँच्चै नै सिहंदरवार नै गाउँघरमा आएको महसुस नगरासीले गरेका छन्। निर्वाचनका बेला गरीएका प्रतिवद्धताको पूर्ण कार्यन्वयन गर्न सफल नगर सरकारले प्रतिवद्धता भन्दा माथि उठेर गौरवपूर्ण पूर्वाधार तथा विभिन्न क्षेत्रमा उन्नति प्रगति गरेको छ। यही प्रतिबद्धता र प्रगतिका कारण सैनामैना नगरपालिका समृद्धि उन्मुख छ भन्न कसैको दुईमत नहोला। **सैनामैना समृद्धिको आधार उद्योग, पर्यटन, र पूर्वाधार** भन्ने नारालाई साकार पार्दै समृद्ध सैनामैना सुखी र खुसी जनता भन्ने भावनालाई उजागर गर्न सैनामैना सफल हुनेछ। समुन्नत सैनामैना निर्माणको आधारको कार्यकाल रहेको यो विकासको क्रमलाई हेर्दा समृद्ध सैनामैना निर्माणमा भविश्यको भरोसाको रुपमा यो सरकार रहने जनविश्वास रहेको छ। समृद्ध सैनामैना निर्माणको सपनालाई पूरा गर्नको लागि यो कार्यकालमा आर्थिक, भौतिक, सामाजिक र मानविय विकासको एउटा वलियो जग स्थापना गर्ने काम सम्पन्न भएको छ।

# सुशासन तथा सेवा प्रवाहमा भएका कार्यहरू

## राजश्व प्रशासन

नेपालको संविधान २०७२, ले परिकल्पना गरे बमोजिम राज्यशक्तिको बाँडफाँड संविधानको धारा ५७ ले संघ, प्रदेश र स्थानीयमा रहने स्पष्ट व्यवस्था भए बमोजिम सोही धाराको अनुशूची ८ मा स्थानीय तहलाई एकल अधिकारका क्षेत्रहरु निर्धारण गरिएको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सम्वन्धमा स्पष्ट उल्लेख गरिएको छ। सैनामैना नगरपालिका प्राकृतिक श्रोत सधानले भरिपूर्ण एवं समथर भूमिले ओगटेको र बसाईसराईको तिव्र बृद्धिले शहरीकरण तर्फ उन्मुख भइरहेको सन्दर्भमा विगत आ.व. २०७३/७४ सम्ममा स्थानीय सरकार जनप्रतिनिधि विहीन रहेको अवस्थामा आन्तरिक स्रोत उठाउने र परिचालन गर्ने अवस्था निकै कमजोर रहेको अवस्थालाई मध्यनजर गर्दै आ.व. २०७४/७५ देखि जननिर्वाचित पदाधिकारीहरुको पदभार ग्रहण भएपश्चात सवै नगरवासीहरुलाई कर दायरामा ल्याउन र राजश्वका स्रोतहरुको पहिचान गर्न आन्तरिक राजश्व अध्ययन समिति गठन गरि राजश्व सुधार कार्ययोजना लागु गरि स्थानीय सरकारलाई आर्थिक रुपमा सबल, सक्षम र आत्मनिर्भर वनाउन आन्तरिक राजश्व अध्ययन तथा राजश्व सुधार कार्ययोजन तथा आर्थिक ऐन, २०७४ देखि २०७८ सम्म तयार भई लागु भएका छन। सैनामैना नगरपालिकाको आव २०७३/७४ मा रु. ३ करोड ५२ लाख राजश्व संकलन भएकोमा निर्वाचन पश्चात आव २०७४/७५ मा रु.छ करोड १६ लाख, आव. २०७५/७६ मा रु.१० करोड १६ लाख, आव २०७६/७७ मा रु. ८ करोड ४७ लाख, आव २०७७/७८ मा रु.९ करोड ९२ लाख राजश्व संकलन भएको छ भने चालु आव २०७८/७९ मा रु.१४ करोड अनुमान गरिएकोमा हालसम्म जम्मा रु.२ करोड ८६ लाख मात्र आन्तरिक राजश्व संकलन भएको छ। व्यवसाय दर्ता तर्फ आव २०७३/०७४ मा ३७४ थियो भने आव२०७४/७५ देखि हालसम्म जम्मा ५३२३ व्यवसाय दर्ता भएका छन। २५ वटा 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र दर्ता भएका छन।

राजश्वका स्रोतहरुको पहिचान, वर्गिकरण र कार्ययोजना बनाई लागु गरिएको छ। मालपोत तथा भूमिकर र सम्पत्ति करलाई लोकमार्ग तथा अन्य सहायक मार्गलाई आधार विन्दु मानी कालो पत्रे, ग्राभेल/कच्ची र खेतीयोग्य जग्गाको आधारमा जग्गाको मूल्याकंन गरिएको छ। सरभर वेसमा रहेको कर असुलीलाई सुरक्षित र व्यवस्थित गर्ने उद्धेश्य सहित वेभ वेसमा सञ्चालन गरिएको छ। घुम्ति शिविर र नियमित प्रक्रियाबाट करिव ९९ प्रतिशत व्यवसायहरु दर्ता भई सञ्चालनमा आएका छन। करिव ८५ प्रतिशत वहालकरदाताहरु आवद्ध गरिएको छ।

## खानेपानी विस्तार र सरसफाई

स्वच्छ पिउने पानी सबैको नैसर्गिक अधिकारलाई साकार पार्न एकघर एक धारा सहित सवैलाई स्वच्छ खानेपानीको सुनिश्चितता गर्ने प्रतिवद्धता कार्यन्वयनलाई सहयोग गर्दै यस नगरपालिकाबाट थप २ वटा डिप वोरिङ्ग सम्पन्न भएका छन। २००० मिटर पाईपलाईन विस्तार भएको छ। सरसफाईमा पनि अनुशासन कायम गरिएको छ। खानेपानी विस्तारमा प्रदेश र संघीय सरकारको सहकार्य रहेको छ। नयाँ दुईवटा

ट्याकीं निर्माण भएका छन् । असम्भव प्राय मानिएको सैनामैना ६ स्थित मलमला मन्दिरमा सोलार लिफ्टिङ्गबाटपुर्ण रुपमा खानेपानीको सुविधा उपलब्ध गराइएको छ। वोलवम पर्यटकीय पार्कको लागि वोरिङ्ग गाडी पार्क तथा गाउँ वस्तिलाई समेत पुग्ने गरी खानेपानीको व्यवस्था मिलाईएको छ ।

## नदी नियन्त्रण तटवन्ध तर्फ

नगर क्षेत्रभित्र रहेको विभिन्न नदी तथा खोलामा कटानको समस्या भोग्दै आईरहेको र उक्त समस्या समाधानका लागि कञ्चन, खोरमोर, ईगुरिया, पहिला, वनरहवा, तुलवुलिया, घमाहा, वमाहा र दानव नदीमा गरी हालसम्म करिव १६०० मिटर लम्बाईको ग्याबियन जाली भर्ने कार्य सम्पन्न भएको छ। यस कार्यलाई प्रधानमन्त्री रोजगार कार्यक्रम, राष्ट्रपति तराई मधेश चुरे संरक्षण विकास समिति, जनताको तटवन्ध कार्यालय बुटवल तथा सिचाई विकास डिभिजन रुपन्देही र भू तथा जलाधार संरक्षण कार्यलय पाल्पासँग समन्वय गरी नदी नियन्त्रण तथा तटवन्धको कार्य निरन्तर अघि बढिरहेको छ ।



## न्याय प्रणाली

स्थानीय सरकार संलालन ऐन, २०७४को दफा ४६ अनुसार गठन भएको यस न्यायिक समितिले गठन भएको मिति देखिनै उल्लेखनीय कार्य गर्दै आइरहेको व्यहोरा सबैमा विदितै छ । न्यायिक समितिका पदाधिकारी तथा नगरपलिकामा सूचिकृत नगरस्तरीय र वडास्तरीय मेलमिलाप सहजकर्ताहरुलाई तालिम प्रदान गरिएको छ भने समयानुकुल पूनर्ताजगी क्षमता विकास सम्बन्धी तालिमहरु समेत सञ्चालन गरिदै आएको छ । न्यायीक कार्य सम्पादनको लागि आवश्यक कानुनहरु तर्जमा गरी कार्यान्वयमा ल्याईएको छ । नगर भित्र न्यायीक ईजलास निर्माण गरिएको छ भने नगर स्तरीय मेलमिलाप केन्द्र १ तथा वडास्तरीय मेलमिलाप केन्द्र ११ गरी १२ स्थानबाट मेलमिलापको माध्यमबाट न्यायीक कार्य सम्पादन हुदै आएको छ । न्यायीक समितिमा दर्ता हुन आएका निवेदनहरुलाई मेलमिलापको माध्यमबाट छिटोछरितो दुवै पक्षको जित जित हुने गरी मेलमिलाप कार्य गरिंदै आएको छ ।

न्यायीक समितिमा हालसम्म जम्मा २०२ वटा निवेदन दर्ता भएका छन भने ति मध्ये मेलमिलाप ४२, निर्णय आदेश भएका ११, वडा कार्यालयमा पठाएका ४०, तामेलि मुल्तवी ३९, फिर्ता १ र प्रकृयामा रहेका ६९ निवेदन छन । सैनामैना नगरपालिकाले संविधानले दिएको क्षेत्रधिकार भित्रका कामहरुको कार्यान्वयनका

लागि हालसम्म ३० वटा ऐन र ४७ वटा नियमावली/कार्यविधि/निर्देशिका गरी जम्मा ७७ वटा (संसोधन सहित) कानुन निर्माण भई कार्यान्वनमा आएका छन ।






## पञ्जिकरण तथा सामाजिक सुरक्षा

सैनामैना नगरपालिका एक विभिन्न जातजातीहरुको बाहुल्यता रहेको नगरपालिका हो । यस नगरपालिकामा देशका विभिन्न स्थानबाट बसाई सरी आउने परिवारको चापले दिन प्रतिदिन यहाँको जनसंख्या बृद्धि भइरहेको छ । यो नगरपालिका पञ्जिकरण तथा सामाजिक सुरक्षा अन्तर्गत पूर्ण रुपमा अनलाइनमा गएको लुम्बिनीको पहिलो नगरपालिका हो । सैनामैनामा आ.व. २०७३/०७४ देखि सामाजिक सुरक्षा कार्यक्रम र व्यक्तिगत घटना दर्ता कार्यलाई पूर्णरुपमा अनलाइनमा लगे सँगै यस नगरपालिकामा घटना दर्ता दोहोरिने तथा गलत प्रकृतिबाट कार्य हुन नसक्ने भएको छ । स्थानीय तहको निर्वाचन पश्चात जनप्रतिनिधिहरुको सक्रिय सहभागितामा घटना दर्ता शिविर सञ्चालन, आयोजना कार्यान्वयन तर्फ एमआइएस सेवा ईकाइको स्थापना, पुराना अभिलेखहरुलाई डिजिटाइजेशन गर्ने कार्य सम्पन्न भएका छन्। अनलाईन प्रणालीबाट घटना दर्ता तर्फ आव२०७४/०७५ मा ४४४२, आव२०७५/०७६ मा ३३०५, आव २०७६/०७७ मा २१९०, आव २०७७/०७८ मा ३९७३ र यस आव २०७८/०७९ को हालसम्म २४०६ गरी जम्मा १३३१६ ओटा विभिन्न घटना दर्ता गरिएको छ। सामाजिक सुरक्षातर्फ अनलाईन प्रणालीबाट आव २०७४/०७५ मा ५६०१, आव २०७५/०७६ मा ५८५८, आव २०७६/०७७ मा ६१९७, आव २०७७/०७८ मा ६६१६ र यस आव २०७८/०७९ मा जम्मा ६६०६ जना लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन् । जसमा आव २०७४/०७५ मा रु ६ करोड ७१ लाख ८४ हजार ४ सय भत्ता वितरण गरिएको थियो भने उक्त भत्ता क्रमशः बृद्धि हुँदै गई आव २०७८/०७९ मा जाँदा २५ करोड खर्च हुने अनुमान गरिएको छ ।



भभत्ता वितरणलाई बैंकिङ्ग प्रणलीमा पूर्ण रुपमा लगिएको छ । आव२०७४/०७५ मा तीनओटा बैंकबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएकोमा निर्वाचन पश्चात बैंकिङ्ग सेवा विस्तार गरी



८ ओटा बैंक मार्फत भत्ता वितरण भइरहेको छ। नगरले लिएको नीति कार्यान्वयन गर्दै बैंकहरुले ८० वर्ष माथिका जेष्ठ नागरिक र पूण अपाङ्ग भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई घरघरमै भत्ता वितरण गर्ने व्यवस्था मिलाइरहेका छन्। चालु आवमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित बनाउन बैंकका शाखा प्रबन्धक र सामाजिक सुरक्षा भत्ता हेर्ने फोकल पर्सन तथा वडा सचिव र कर्मचारीहरुलाई भत्ता वितरण कार्यविधि सम्बन्धमा अभिमुखिकरण गरिएको छ। नवीकरण प्रकृयालाई सरलिकृत गर्न टोलटोलमा नवीकरण निवेदन लिने कार्यको थालनी गरिएको छ॥

## सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई व्यवस्थित

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाई व्यवस्थित गर्न वडा अध्यक्ष, वडा सचिव तथा अन्य कर्मचारीहरुलाई राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, नियम सामाजिक सुरक्षा ऐन, नियम, कार्यविधि तथा देवानी संहिता २०७४ का विवाहको महलको सम्बन्धमा अभिमुखीकरण गरिएको छ  भने सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण आयोजनालाई यस नगरपालिकाले पूर्णरुपमा कार्यान्वयनमा ल्याएको छ।



# महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्ग

## महिला तथा बालबालिका विकास तर्फ भएका कार्यहरू

महिला विकास कार्यक्रम मार्फत आवद्ध भएका ३ वटा महिला सहकारी सस्थामा १९४ वटा समुहमा ११५२ जना सदस्य र बाल बचत समुह १०६, महिला समिति १९ र ८ वटा महिला सहकारी संस्था रहेका छन् । महिला सहकारी सस्थालाई महिला विकास कार्यक्रममा आवद्ध गरिएको छ । वडा नं ६,७, र ९ मा जम्मा ४५० सदस्य रहेको १५ वटा महिला समूह थप गरिएको छ । महिला समूहका २७० सदस्यहरुलाई अनुशिक्षण तथा आधारशिला तालिम प्रदान गरिएको छ । ३५ जना महिलाहरुलाई प्रजनन् स्वास्थ्य सम्बन्धी तालिम दिइएको छ भने १३० जना महिला तथा पुरुषहरुलाई समविकास तालिम प्रदान गरिएको छ । साथै ४० जना महिलाहरुलाइ सासू बुहारी तालिम प्रदान गरिएको छ । ८ वटै महिला सहकारी संस्थाका पदाधिकारीहरुलाई चौमासिक अन्तरक्रिया कार्यक्रममा सहभागी गराईएको छ । ३५ जना महिलाहरुलाई नेतृत्व तथा कानूनी विषयक तालिम प्रदान गरिएको छ । लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान तथा अन्तर्राष्ट्रिय महिला दिवस अन्तरगत ४५० जना महिलाहरुलाई लैङ्गिक हिसां तथा घरेलु हिंसा सम्बन्धी अभिमुखिकरण गरिएको छ। लैङ्गिक हिंसा निवारणको लागि कार्यविधीको निर्माण तथा कोषको स्थापना भएको छ। हालसम्म संघीय बजेट र स्थानीय बजेट गरी २ लाख कोषमा जम्मा भएको र उक्त कोषबाट १ जना घरेलु हिंसा पीडित महिलालाई सहयोग प्रदान गरिएको छ ।

३० जनालाई ३ महिने व्युटिसियन तालिम प्रदान गरिएकोछ । ३५ जना महिलालाई उद्यमशिलता सम्वन्धी तालिम प्रदान गरिएको छ । वडास्तरमा १६७२ जना महिलाहरुले विभिन्न सीप मुलक तालिम प्राप्त गरेका छन । महिलासँग उपप्रमुख कार्यक्रम सञ्चालनको लागि कार्यविधि तथा उप मेयरको संयोजकत्जमा कार्यक्रम सञ्चालन समितीको गठन भएको छ महिलासँग उपप्रमुख कार्यक्रम अन्तर्गगत ८० जना महिलाहरुले थाकलबाट बन्ने सामाग्री झोला व्याग आदि बनाउने तालिम, २२ जना महिलाहरुले होजेरी तालिम प्राप्त गरेका, २५ जना महिलाहरुले कपडाबाट जुत्ता तथा चप्पल बनाउने तालिम प्राप्त गरेका छन भने २५ जना महिला जनप्रतिनिधिहरुलाई अध्ययन अवलोकन भ्रमण गराईएको छ। एडभान्स तालिम सहित सिलाई मेसिन उपलब्ध गराई २२ जना विपन्न महिलाहरुलाई स्वरोजगार गराईएको छ। मानव वेचिखन तथा नियन्त्रयका लागि कार्यविधी तयार गरी प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा मानव वेचविखन तथा नियन्त्रण समितिको गठन भएको छ ।






## ज्येष्ठ नागरिकतर्फ

६० बर्ष उमेर पुगेका ४२७ जना ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको थियो भने आव ०७५/०७६ देखि सवै वडा कार्यालय मार्फत वितरण गर्न अख्तियारी दिईएकोमा वडाबाट हालसम्म १५६२ समेत गरी जम्मा १९८९ बृद्ध वृद्धाहरुले परिचय पत्र प्राप्त गर्नभएको छ। ८४ वर्ष माथिका २५३५ ज्येष्ठ नागरिकलाई सम्मान गरिनुका साथै ज्येष्ठ नागरिक दिवसको अवसरमा हालसम्म २२ जनालाई सम्मान गरिएको छ। ज्येष्ठ नागरिक दिवा सेवाको लागि कार्यविधी निर्माण गरी एक लाख रकम कोषमा जम्मा गरिएको छ।



## अपाङ्गता तर्फ भएका कार्यहरू

अपाङ्गता परिचयपत्र वितरणको लागि कार्यविधी बनाई उपप्रमुखको संयोजकत्वमा अपाङ्गता परिचय पत्र वितरण समन्वय समितीका गठन गरि परिचयपत्र वितरण कार्य भै रहेको छ। शुरुको अवस्था हस्त लिखित परिचयपत्र वितरण गरिएकोमा थप सहज, सरल र पारदर्शी वनाउनहाल सफ्ट्वेयर मार्फत वितरणका गर्ने प्रवन्ध मिलाइएको छ। हालसम्म ३८१ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरिएकोछ। जसमा क वर्गको ८१, ख वर्गको १८१, ग वर्गको ९६ र घ वर्गको २३ वटा रहेका छन। अपाङ्गता सम्बन्धी तथ्याङ्क संकलन गरिएको छ। जसमा १२ प्रकारका ढ०९ जना अपाङ्गता भएका व्यक्तिहरु यस नगरपालिकामा रहेका छन। बौद्धिक अपाङ्गता भएका १५ जना अभिभावकहरुलाई बाखापालन तालिम तथा बाखा वितरण गरिएको छ। ४५ जना अपाङ्गता भएका व्यक्तिहरुलाई कम्प्युटर तालिम दिईएको छ। २०० जना अपाङ्गता भएका व्यक्तिहरुको निशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको छ साथै १२० जनालाई न्यानो कपडा वितरण गरिएको छ ३० जनालाई सांकेतिक भाषाको तालिम प्रदान गरिएको छ। दुईजना दृष्टिविहिनलाई उद्यम विकासको लागि रकम उपलब्ध गराइएको छ भने १ जना अपाङ्गलाई १ थान चार पांग्रे स्कुटर उपलब्ध गराईएको छ।

## बालबालिका तर्फ भएका कार्यहरू

नागरपालिकाको १देखि ११ वटा वडामा १०८ वटा बालक्लव, ११ वटा वडास्तीय बालक्लव र १ नगरस्तरीय बालक्लव गठन भएको छ। १२० जना बालक्लवका पदाधिकारीहरुलाई २ दिने अभिमुखीकरण गरिएको छ। बालबालिकाको क्षमता विकासको लागि १६ सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई वक्तित्व तथा क्षमता विकास कार्यक्रममा समावेश गरिएको छ ।चौमासिक रुपमा बाल क्लव तथा बालसंरक्षण समितीको वैठक बस्ने गरेको छ ।




## रोजगार तर्फ भएका कार्यहरू

सैनामैना नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट हालसम्म ६०६ जना वेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गरिएको छ । वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई अभिमुखिकरण कार्यक्रम समेत सञ्चालन भएको छ। स्थानीय तह भित्रको वैदेशिक रोजगारीमा जाने तथा जान चाहानेहरुको लागि सूचना तथा परामर्श सेवा प्रदान गर्ने कार्य कार्य भएको छ। वैदेशिक प्रवद्धन वोर्डबाट उपलब्ध गराईने आर्थिक सहायता वितरण सम्वन्धी कार्यमा सहयोग पुऱ्याउने कार्य भएको छ । रोगजार सेवा केन्द्रमा सूचीकृत वेरोजगार व्यक्तिहरु मध्ये न्यूनतम रोजगारी प्राप्त गर्ने रोजगार मुलक तथा सीपमूलक तालिम प्राप्त गर्ने, निजी क्षेत्रको रोजगारीमा सहभागि हुने तथा स्वरोजगार हुने व्यक्तिहरुको विवरण अध्यावधिक गर्ने कार्य भएको छ ।

## सामुदायिक विकास कोष तर्फ भएका कार्यहरू

आ.व.२०७४/७५ अधि साविक जिल्ला विकास समितिबाट गठन भई साविकका पर्रोहा र दुधराक्ष गाविसमा ११० वटा समूह गठन भई परिचालन हुँदै आएकोमा उक्त कार्यक्रमलाई नगरपालिकामा हस्तान्तरण गरिए पश्चात नगरसभाबाट स्थानीय विकास कोष (सञ्चालन कार्यविधि) ऐन २०७५ जारी गरी सोही अनुरुप समुह परिचालन गर्दै आएकोमा नगरपालिकाको नीति वमोजिम साविक सालझण्डीलाई समेत क्षेत्र विस्तार गर्ने क्रममा हाल थप ५ वटा समूह दर्ता भई कुल ११५ समूह सामाजिक परिचालन कार्यक्रममा सक्रिय

रहेका छन । समूहको आन्तरिक बचततर्फ करिब २ करोड ८० लाख पुगेको छ । जसलाई सामुदायिक संस्थाको बैठकमा निर्णय गरी सदस्यहरुले आ-आफ्नै आवश्यकता अनुरुप नै परिचालन हुँदै आएको छ । उक्त रकमको परिचालन गरी सामुदायिक संस्थाका सदस्यहरुले विभिन्न ब्यापार ब्यवसाय सञ्चालन मार्फत आय आर्जन बृद्धि गर्न र व्यक्तिगत बचत गर्न सफल भएका छन ।

## घुम्तीकोष (ऋणपूँजी) प्रवाहतर्फ भएका कार्य

सामुदायिक संस्थाहरुमा लगानीमा रहेको घुम्तीकोष रकम रु.७७ लाख ५६हजार रहेको छ । उक्त रकमले सामुदायिक संस्थाका सदस्यहरुलाई ब्यापार,व्यबसाय गर्न बिना धितो लगानी हुँदै आएको छ । जसबाट आय आर्जनमा बृद्धि भई स्वावलम्बी बन्न मदत पुगेको छ । तालिम तथा सीप विकास तर्फ पशुपालन सम्बन्धी तालिम ५० जना, लेखा परीक्षण तालिम १० जना । मौसमी, बेमौसमी तरकारी खेती तालिम ५० जना, लेखा तथा समूह ब्यबस्थापन तालिम (सामुदायिक संस्थाका अध्यक्ष मेनेजरको लागि), महिला सशक्तिकरण तालिम १०० जना, च्याउ खेती तालिम ३० जना, सुधारिएको चुलो ६०, अगरबत्ती बनाउने तालिम ३०, अचार बनाउने तालिम ३० जना छन् । यस्ता तालिममा प्रत्यक्षरुपमा सहभागि हुन पाउँदा उनीहरुमा नयाँ सीपको विकास हुनुका साथै अन्तरनिहित क्षमतामा बृद्धि भएको छ ।

## सहकारी

आर्थिक विकासमा सहकारीको महत्वलाई आत्मसाथ गर्दै सहकारी प्रवर्द्धनमा विशेष प्राथिकता दिइ कार्य भएको छ । सैनामैना नगरपालिका सहकारी ऐन २०७४ कार्यान्वयनमा आएको छ । हाल सैनामैना नगरपालिकामा नगरपालिका नियामक निकाय भएका २५ ओटा सहकारी छन । भने नगरपालिका भित्र ४० भन्दा बढि सहकारी क्रियाशिल रहेका छन । नगरपालिकाबाट सहकारीको क्षमता विकासका कार्यक्रम सञ्चालन भएका छन । सहकारी नियमित अनुगमन मूल्यांकन कार्य निरन्तर भइरहेको छ । सहकारीको एकीकरण गरि सक्षम र सवल सहकारी विकास गर्ने कार्यमा बहस सन्चालन गरिएको छ ।

सैनामैना नगरपालिका नियामक निकाय भएका सहकारीमा मात्र १६ हजार छ सय शेयर सदस्य रहेका छन भने सहकारी संस्थाहरुमा ९० जना भन्दा वढिले रोजगारी पाएका छन । सैनामैना नगरपालिका नियामक निकाय भएका सहकारीमा मात्र २० करोड वरावरको शेयर पुजी र ५० करोड वरावरको वचत संकलन भएको छ । यसरी संकलित रकमलाई सहकारीले व्यवसाय सन्चालन गर्न चाहेमा औद्योगिक ग्राम भित्र स्थान उपलब्ध गराउने गरी कार्य भै रहेको छ । सैनामैना नगरपालिकामा नियमानुसार सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक वौद्धिक, खेलकुद, शारीरिक वा परोपकारी संस्थाको दर्ता हुने गरेको छ । सैनामैना नगरपालिकाको संस्था दर्ता ऐन र नियमावली कार्यन्वयमा आएको छ । ऐन तथा नियमावली अनुसार हालसम्म ७४ वटा संस्था दर्ता भएका छन ।

## सार्वजनिक सेवा प्रवाह

जनताको सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय सरकार रहेको र उक्त सरकारले जनतालाई नजिकबाट सेवा प्रवाह गर्नुपर्ने हुन्छ । निर्वाचन हुँदा नगरपालिकाको एउटा पनि कानून नबनेको परिस्थितीमा २०७४ सालको स्थानीय निर्वाचन सम्पन्न भए पश्चात नगरपालिकाले स्थानीय शासन सञ्चालनको लागि आवश्यक कानून तर्जमा गर्दै कानून बमोजिम कामकारवाही अगाडि बढाउँदै आइरहेको छ । नगरवासीलाई नगरपालिकाले गरेका कार्यक्रमको सम्बन्धमा सुसूचित गराउन जनतासँग जन प्रतिनिधि, हाम्रो सैनामैनाराम्रो

सैनामैना, हाम्रो सेरोफेरो, खुशी विद्यार्थी जस्ता कार्यक्रमहरु नियमित रुपमा सञ्चालन भइरहेका छन् । नगरपालिकाले सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण जस्ता कार्यक्रमलाई निरन्तरता दिएरहेको छ । नगरपालिकामा नगर प्रबक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था मिलाइएको छ। स्थानीय सरकारको काम कारवाहीलाई प्रभावकारी वनाउँदै निर्माण गरिएका ऐन कानूनहरुलाई कार्यान्वयनमा ल्याइ विषयगत क्षेत्रका अत्यावश्यक कानून तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

सेवाप्रवाहलाई सरलिकृत बनाउन अधिकतम सूचना प्रविधिको प्रयोग गरिएको छ। नगरपालिका तथा वडा कार्यलयमा डिजिटल नागरिक वडापत्र राख्ने प्रकृया अगाडि वढाइएको छ। जनतालाई सरल विधिबाट समयमै सेवा प्रदान गर्ने गरीनगरपालिकाका शाखाहरुको स्पष्ट कार्यविवरण बनाई लागु गरिएको छ। जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरी नगरवासीलाई सहज रुपमा सेवा प्रवाह गर्न संस्थागत सुदृढिकरण गरिएको छ । पारदर्शिता तथा जवाफदेहीता कायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गरिएको छ । नगरपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरु छिटो छरितो, चुस्त, दुरुस्त र प्रभावकारी बनाउन कम्प्युटरकृत सेवा प्रणालीको बिकास गर्दै लगिएको छ। सुचनाको हक प्रत्याभुत गराउन सुचनाको वर्गिकरण गरि नियमित रुपमा नगरपालिकाको आधिकारिक website, Facebook Page, youtube च्यानल मार्फत सुचनाप्रवाह गर्दै आईरहेको छ । कार्यालय व्यवस्थापन तर्फ आव २०७३/०७४ मा नगरपालिकाको ६ ठाउँबाट वडा कार्यालयहरु सञ्चालन भएको अवस्थामा निर्वाचन पश्चात ६ स्थानबाट सञ्चालन भएका सेवाहरु ११ ओटै वडा कार्यालयमार्फत सेवा प्रवाह गर्ने गरी कार्यालय व्यवस्थापन गरिएको छ । नगरपालिकाको हकमा नगरपालिकाबाट प्रदान गरिने सेवाहरु एकद्वार प्रणालीबाट सञ्चालन गर्ने गरी सरभरको व्यवस्था मिलाई विभिन्न शाखाहरु गठन भई प्रत्येक शाखाको कार्यविवरण तयार गरी सोही बमोजिम सेवा प्रवाह भइरहेका छन् । नगरपालिकाको आफ्नो भवन नभई भाडामा कार्यालय सञ्चालन गर्दै आइरहेकोमा निर्वाचन पश्चात प्रशासनिक भवनले पूर्णता पाएको छ । नगरपालिका, विषयगत शाखा वडा कार्यालयहरुमा प्रयाप्त फर्निचर, कम्प्यूटर लगायतका सेवा सञ्चालन गर्न आवश्यक पूर्वाधार तथा सामाग्री खरिद गरिएका छन् । कार्यालय, विषयगत शाखाहरु, वडा कार्यालयहरुमा ई-हाजिरीको व्यवस्था मिलाइएको छ । नगरपालिका तथा मातहतका विषयगत शाखा, वडा कार्यालयहरुमा शुद्ध पिउने पानीको व्यवस्थापनको लागि इलेक्ट्रिक फिल्टर जडान गरिएका छन् । भने, सबै सामूदायिक विद्यालय, ईलाका प्रहरी कार्यालय रन्यौरा तथा सालझण्डी र पर्रोहा बहुमुखी क्याम्पसलाई समेतलाई विद्युतीय फिल्टर उपलब्ध गराइएको छ ।

नगरपालिका भित्र सुविधा सम्पन्न सभाहलको व्यवस्था मिलाइएको छ । वडा कार्यालय, विषयगत शाखा तथा नगरपालिकाको लागि आबश्यक फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा ल्यापटपको व्यवस्था मिलाइएको छ नगरपालिकामा एउटा मात्र जीप रहेकोमा दुईओटा थप गरी ३ ओटा जिप सन्चालनमा ल्याईएको छ । एउटा टिप्पर फोहोर व्यवस्थापनमा प्रयोग भएको छ भने प्राविधिक लगायतका अन्य कर्मचारीहरुलाई सेवालाई शीघ्रताका साथ प्रवाह गर्न १८ ओटा मोटरसाइकल खरिद गरिएका छन् । सैनामैना, कन्चन गापा, शुद्धोधन गापा र गैंडहवा गापाको लागि संयुक्त परिचालन गर्ने गरी अन्तर स्थानीय तह विपद व्यवस्थापन कोष मार्फत एउटा दमकल सञ्चालनमा ल्याइएको छ। कार्यालय शाखा तथा वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा सीसीक्यामराको प्रबन्ध मिलाइएको छ । नगरपालिका भित्र प्रत्येक कार्यकक्षलाई प्रविधि मैत्री तथा सुविधा सम्पन्न वनाइएको छ । नगरपालिका तथा सबै वडा कार्यालयमा सुचना पाटी तथा सुझाव पेटिकाको प्रबन्ध मिलाइएको छ । सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन नगरपालिका, विषयगत शाखा र वडा कार्यालयहरुमा ४८ थान ल्यापटप, ७३ थान डेष्कटप कम्प्यूटर र ११७ थान प्रिन्टर

खरिद गरी प्रयोगमा ल्याइएको छ । विद्युतको वैकल्पिक व्यवस्थाको लागि नगरपालिकामा जेनेरेटर खरिद गरिएको छ भने नगरपालिका, विषयगत शाखा तथा वडा कार्यालयहरुमा सोलार तथा इन्भर्टरको व्यवस्था मिलाइएको छ। सैनामैना नगरपालिकालाई सबैसामु चिनाउनको लागि सैनामैनाको समग्र स्थिति झल्कने गरी सैनामैना दर्पण पुस्तक प्रकाशन गरिएको छ। सञ्चारकर्मीलाई उच्च मनोबलका साथ जनतालाई सुसुचित गर्न प्रोत्साहन गरिएको छ। उत्कृष्ट सञ्चाकर्मीलाई सम्मान गरिएको छ। पत्रकारितामैत्री नगरपालिकाको विकासलाई निरन्तरता दिइएको छ।कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न र मनोवल उच्च राख्न कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराईएको छ। साथै कर्मचारी र शिक्षकलाई प्रदान गरिँदै आएको पुरस्कारलाई निरन्तरता दिइएको छ। नगरपालिकामा कार्यरत अस्थायी र करार सेवाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको छ। साविकका स्थानीय निकाय (जिविस, नगरपालिका, गाविस)का स्थायी कर्मचारिको तह मिलान र स्तरवृद्धि गरि कर्मचारीको मनोवल उच्च वनाइएको छ। उपभोक्ताहरुको हितलाई मध्यनजर राखि गुणस्तरीय उपभोग्यवस्तुहरुको उपयोग र बिक्री वितरण गर्ने कार्यलाई मर्यादित र व्यवस्थित गर्न बजार अनुगमनलाई निरन्तरता दिइएको छ। नगरपालिका भित्र हालसम्म ११७ वटा टोल विकास संस्था गठन गरी गठन भएका टोल विकास संस्थाको क्षमता अभिवृद्धि गरी नगरपालिकाको विकास र जनचेतनामूलक कार्यमा प्रत्यक्ष सहभागी गराईएको छ। टोल विकास संस्थालाई नियमित रुपमा वार्षिक सञ्चालन अनुदानप्रदान गरिदै आएको छ। यस नगरपालिकाको विदेशी मुलुक चीनको गान्सु प्रान्तको क्यानन् स्वायत्त क्षेत्रसँग भगिनी सम्बन्ध कायम गर्न प्रारम्भिक सम्झौता भई सकेको छ।

## सिंचाई विकास पूर्वाधार तर्फ

कृषि उत्पादनलाई वृद्धि गर्ने उदेश्य अनुरुप यस नगरबाट सिंचाई पूर्वाधार निर्माणमा विशेष ध्यान दिइएको छ। हालसम्म यस नगरपालिका बाट ८४३ मिटर लम्बाइको पक्कि कुलो निर्माण सम्पन्न भएको छ। ३१ वटा सिंचाई भल्भ विस्तार तथा मर्मत कार्य सम्पन्न भएका छन। ७ स्थानमा वोरिङ्ग धसाएर सिचाईको लागि प्रयाप्त मात्रामा पानीको व्यवस्था गरिएको छ। ४ स्थानमा रहेका कुलोको बाँधहरुलाई मर्मत तथा पुनर्निर्माण गरिएको छ। कृषिका लागि दर्ता भएका समूह फर्मलाई मध्यनजर गरी स्यालो ट्युवेलहरु निर्माण गरी सञ्चलानमा ल्याइएको छ।



# विचार, आलेख
# तथा
# विश्लेषण र टिप्पणी खण्ड

# अद्वितीय पुरातात्विक सम्पदाको सैनामैना



## सम्पदा, संरक्षण र समृद्ध सैनामैना निर्माणमा कोरिएका डोबहरू



झपेन्द्र जिसी

प्राचीन मानव सभ्यताको एउटा महत्वपूर्ण एउटा अध्ययन, खोज र अन्वेषणशाला सैनामैना हो। प्राचीन मानव सभ्यताको केन्द्र सैनामैना पनि थियो भन्ने कुरा यहाँ अव्यवस्थित पुरावशेष सम्पदाले नै आफ्नो परिचय दिइरहेका छन्। सैनामैनाको आसपास सोरौलीदेखि बौराहाखोला, रानी कुवा, ठूलो कुवा जस्ता स्थलमा गई अवलोकन गरे मात्रै पनि सैनामैनाको प्राचीन इतिहास र सभ्यताको सहज सूचना प्राप्त हुने नै छ। यत्रतत्र छरिएर रहेका प्रस्तरकला (मूर्ति र शिलापत्र), एवम् वास्तुकला (दरबार, घर, चैत्य विहार र इनार) लगायत सयौं सयौं भग्नावशेषहरुको स्थलगत अध्ययन अवलोकन गरे मात्र पनि प्राचीन मानव सभ्यताको संसारमा साक्षात्कार गराउन सफल छन्। बुद्धकालीन सोह्र महाजनपदमध्ये कपिलवस्तु एउटा महाजन पद थियो र त्यहीँ जनपदको अभिन्न अङ्ग सैनामैना रहेको पुरातत्वविद्हरुको शोध अनुसन्धानले सङ्केत गरेको छ। डा.बमबहादुर अधिकारी लेख्छन्-कपिलवस्तु महानगर गणराज्य भित्र खोमदुस्सा, मेतलुप, सन्सुमार, चातुमा शागाम शक्कसर र शिलावती नामक सहरहरु पर्दथे [१] शामगाम शक्कर भनेर सैनामैनालाई नै भनिएको हो भन्ने कुरामा जति पनि इतिहासकारहरु र पुरातत्वविद् र अन्वेषकहरुले कलम चलाएका छन्। यसमा सर्वसम्मति नै पाइन्छ। त्यसैले शामगाम शक्कर भनेकै हालको सैनामैना हो भन्ने पुष्टि हुन्छ। बुद्धको जन्म इ.पू. ५६३, निर्वाण प्राप्त इ.पू. ५२८ र महापरिनिर्वाण इ.पू. ४८३ का देखिन्छ। यसरी नै १८९९ सेरोफेरोमा कपिलवस्तुको अध्ययनमा आएका पर्सिवल लण्डनले शामग्राम सैनामैना बुद्धकालीन सहरमध्ये एक हो भनी उल्लेख गरेका छन्। यी आदि तथ्यहरुको आधारमा अध्ययन गर्दा सैनामैना प्राचीन सहर हो। पौराणिक एवम् काल्पनिक नभई यथार्थ धरातलमा उभिएको बुद्धकालीन सहर थियो। यस कुरामा डा.बिष्णुप्रसाद घिमिरे र डा.गितु गिरी समेत सहमत हुँदै आआफ्ना ग्रन्थहरुमा उल्लेख गरेका छन्।[१] प्राचीन

[१] झपेन्द्र जिसी, डा. गितु गिरी, रामप्रसाद भट्टराई, बम बहादुर थारु, केशव अर्याल २०७६, सैनामैना दर्पण, रुपन्देही पृ. ४३

कपिलवस्तुको अध्ययन अन्वेषणमा आएका भारतीय पुरातन्त्रविद् पी.सी.मुखर्जीले सैनामैनाको भुवनबाट उभिएर तयार गरेको पुरातात्विक सम्पदाहरुको लगत सहितको नक्सालाई पुरातात्विक अध्येता एवम् अन्वेषक सुशील कुमार गौतमले आफ्नो शोधपत्र २०६५ मा प्रस्तुत गरेका छन् । यसबाट यही पुष्टि हुन्छ कि प्राचीन कपिलवस्तु र यसैसित जोडिएको र यसैको अभिन्न अङ्ग सैनामैना कला, संस्कृति र सभ्यताको केन्द्र, कला, वास्तुकलाले भरिपूर्ण भव्य महलको सहर, भव्य विहार र चैत्यले सजिएको मनै लोभ्याउने सहर थियो भन्ने सूचना प्राप्त हुन्छ । तर, ती घर भवन, चैत्य विहार, सडक र अन्य संरचना अहिले ज्यूँकात्यूँ छैनन् । तिनका पुराना भग्नावशेष छन्, घर भवनको आकारप्रकार छन्, प्रस्तर र इँटाले बनेका नमुना इनारहरु दर्जनौं छन्, प्रस्तरमूर्तिहरु सयौंका सङ्ख्यामा छन्, केही सतहमाथि छन् तर प्राचीन सहर त सतहमुनि छन्, र ती सहरको सभ्यता सतहमुनि कुचिएर च्याँपिएर, पिसिएर, थिचिएर बसेका छन् । उद्दार गर भनेर गुहार गुहार भन्दै रोदन क्रन्दन गर्दैछन् सतहमुनिबाट तर आवाज राम्ररी सुन्ने कहिले, कसले ? ढिलो भएको छ । सैनामैना सरकार र केही विद्वान अन्वेषकहरुको ध्यान भने केन्द्रित भएको छ । नगरपालिका संरक्षणमा जुटेको छ ।





## २. सैनामैनाको नामकरण :

इतिहासको पूर्वकालमा इतिहास लेख्ने चलन थिएन । समाज श्रुतिस्मृतिबाट अगाडि बढ्दै थियो । भाषा, लिपि र अक्षरको आविष्कार मानव जातिले आआफ्नो ठाउँ परिवेश अनुसार पछिपछि गरे पनि आफूले गरेका कामहरुलाई लिपिबद्ध गर्ने काम भएनन् । केही लेख्न नै थालियो भने पनि कसैको प्रशंसामा अतिरंजित गरेर र कसैको विपक्षमा अति घृणापूर्वक लेख्ने कार्यको थालनी भए । त्यसैले इतिहास पूर्वको तथ्य प्रमाण पाउन सकिन्न, समाजको विम्बप्रतिविम्ब, कथा पुराणहरुमा पाइन्छ । त्यो इतिहास होइन । मानवजाति विशेषत: शासकहरुले आफूले गरेका कामहरुलाई मुद्रामा, शिलापत्र, ताम्रपत्रमा कुँदन थाले, मूर्तिहरु बनाउन थाले लगाए । त्यसलाई लिपिवद्ध पनि गर्न थाले । अहिलेका पुस्ताले त्यसैलाई आधार मानेर लेख्ने हो । सैनामैना शब्दको व्यूत्पत्ति सम्बन्धमा पनि त्यही झमेला छ । तर सत्यको नजिक जे भरपर्दो लाग्छ, त्यसैलाई आधार मानेर सैनामैनाको अर्थ लगाउनुपर्ने अवस्था छ । सैनामैना शब्दको व्युत्पत्ति सम्बन्धमा देहायका तर्कहरु प्रस्तुत छन्

## २.१ सामगामको पर्यायवाची शब्द सैनामैना

साम भनेको एक किसिमको जुनेलो वा कोदो जस्तै देखिने अन्न हो। यसलाई अर्को शब्दमा सामा वा सावाँ पनि भनिन्छ। शक्कर भनेको गुलियो स्वाद दिने विरुवा हो। शक्करकन्द भनेको जमिनमुनि फल्ने कन्दमूल हो, यसलाई गन्जी पनि भनिन्छ। शक्कर भनेर उँखुलाई पनि लिन सकिन्छ, यसले गुलियो रस दिन्छ।



सामगाम शक्करलाई पर्यायवाचीको रुपमा सैनामैना भनिएको अर्थ लगाइएको छ। यस खाले अन्न कन्दमूल उत्पादन हुने ठाउँ सैनामैना वा सामगाम रहेछ। बुद्धले यहीं सामगाम शक्कर (सैनामैना) मा मज्जिम निकायको सुत्तान्त देशना (उपदेश) सुनाएको बताइन्छ।

## २.२ लखनऊकी रानी बेगमद्वारा सैनामैनामा आश्रय

सन् १८५७ मा भारतमा अङ्ग्रेज शासनका विरुद्ध सिपाही विद्रोह हुँदा लखनऊकी रानी बेगम यही सैनामैनामा आएर केही समय शरण लिएको वा लुकेर बसेको स्थान थियो भनिन्छ। सेना भनेका सिपाही र मेना भनेका पाले पहरेदार, सुसारे सहित बसेका हुँदा अर्थात् सेन (सैनिक)+ मेना (पाले सुसारे भरिया) समूहलाई एकसाथ सैनामैना उच्चारण गर्दै जाँदा जनजिब्रोले सैनामैना शब्दको उत्पत्ति गरेको हो भनिन्छ।

## २.३ झाँसीकी महारानी मनुवाई उर्फ लक्ष्मी बाईको पनि आश्रय स्थल

झाँसीकी महारानी मनुवाई उर्फ लक्ष्मी बाई पनि अङ्ग्रेजको दमनबाट शरणार्थीका रुपमा आफ्ना सेनामेना सहित यसै सामग्राममा बसेकी हुँदा यसलाई सेनामेना भन्दैभन्दै सैनामैना शब्दको व्युत्पत्ति भयो भनिन्छ।

२.४ सेनामेना सहित सैनामैनामा आएर बुद्धकी आमा महामायादेवीले आफ्नी अति मिल्ने साथी मैनासँग मितेरी/सैना लाएकी हुँदा यसैबाट सैनामैना नाम रह्यो पनि भनिन्छ।

२.५ बुद्धलाई बैराग्यबाट मुक्त गर्न यसै सामग्राममा राजा शुद्धोधनले एउटा सुन्दर महल निर्माण गर्न लगाइ बसोबासको समेत व्यवस्था मिलाएकोले सैनामैना बुद्धकालीन सहर मध्येको एक सहर र दरबार महल आदिले समेत नामुद रहेको बताइन्छ। पर्सिबल लन्दनले तीन सहर मध्येको एक सहर भनेर वकालत गर्नु र पुरातत्वविद् पी.सी.मुखर्जीले सैनामैना स्थित प्राचीन सहरको नक्सासमेत तयार गर्नुले समेत सैनामैनाको बुद्धकालीन ऐतिहासिक सभ्यतालाई दर्शाउँछ।

२.६ विद्वान्हरुले सैनामैना तीन सहर उल्लेख गरेका छन्। प्राचीन भग्नावशेष वास्तुकलाको प्राप्ति, सम्पदाहरुको सम्पन्नतालाई हेर्दा तीन सहर तीन ब्लकमा अवस्थित रहेको देखिन्छ। पूर्व पश्चिम राजमार्गको रानीबगिया

र मुर्धूनीदेखि पूर्व रानीकुवा पुरावशेषसम्म एउटा सहर, रानीकुवादेखि पूर्वसिमसार क्षेत्रसँग जोडिएको भूभाग एउटा सहर र बौराहा खोलादेखि पूर्व बुटवल उपमहानगरपालिका वडा नं. १२ चारपाला सामुदायिक वनक्षेत्र योगडाँडा(जोगीडाँडा) सम्मको एउटा सहर रहेको अनुमान गरिएको छ । चारपाला क्षेत्रभित्र नै रिब्दीकोट राज्यका राजा तुथासेनदेखि १० औं पुस्तासम्मको अवधि वि.सं. १५४८सम्म हिउँदे सेन राजाहरुको राजधानी रहेको देखिन्छ, जसलाई राजपुर राजधानी दरबार भनेर पनि चिनिन्छ ।

२.७ निष्कर्ष पुरातात्विक सम्पदासम्पन्न यी तीन सहरको सैनामैनामा प्राप्त बुद्धकालीन सम्पदाप्रस्तर चक्रप्रस्तरबुद्धमूर्ति आदिले लुम्बिनी सङ्ग्रहालयलाई सम्पन्न बनाएका छन् । नाम जसरी रहेको भए पनि वा नामका सम्बन्धमा विभिन्न तर्कविर्क गरिए पनि सारत: सैनामैना भनेको प्राचीन ऐतिहासिक सम्पदा सम्पन्न बुद्धकालीन सहर हो । सेनामेनाबाट सैनामैना बन्नुका पछाडि बलियो तर्क छ र सत्यको नजिक पनि प्राचीन सामगाम शक्कर क्षेत्रलाई पछिल्ला दिनमा सैनामैना भनेको हुन सक्छ । जेहोस् सैनामैना. सामगाम शक्कर नै हो भन्दा यसको विकल्प नाम अर्को कुनै पाइँदैन ।



## ३. सैनामैनाको इतिहास सम्पदा र महत्व

प्राचीन नेपालको प्रसङ्ग उठाउँदा नेपाल शब्द अथर्व परिशिष्ट अन्दाजी इ.पू. ६००-८०० र समुन्द्र गुप्तको प्रयाग प्रशास्तिमा इ.स. ३३५-१७५ अङ्कित भएको पाइन्छ । यी र यस्तै ग्रन्थहरुले नेपाल प्राचीन देश भएको पुष्टि हुन्छ भने कुर्मांचल (कुमाऊँ) देखि कामरुप(कामाख्यामाई) आसामसम्म नेपाल विस्तृत भएको सङ्केत मिल्दछ । बौद्धग्रन्थहरुको आधारमा भन्ने हो स्वयं सिद्धार्थ बुद्धको जन्म इ.पू. ५६३ र महापरिनिर्वाण इ.पू. ४८३ भएको प्रमाणिक इतिहास छ । साथसाथै मंजुश्री बोधिसत्वलाई महाचीनबाट त्रेता युगमा नेपाल

आएर काठमाडौं चोभारको डाँडोकाटी वस्ती विकास गर्नुका साथै धर्माकर क्षत्रीलाई उपत्यकाको राजा बनाएको वृतान्त इतिहासकारहरुले लेखेका छन् । तर, दिघ निकायको हवाला दिंदै बालचन्द्र शर्माले मंजुश्री बोधिसत्व नाम देवनगरी लिपि हुनु र दिघ निकायमा मंजुश्री बोधिसत्व सिद्धार्थ बुद्धको शिष्य भएको कुरा बुद्ध र मंजुश्रीको संवाद भएको कुरा पाली भाषामा प्रस्तुत गरेका छन् ।[२] यसबाट के पुष्टि हुन्छ भने मंजुश्री बोधिसत्व यतैकतै कपिलवस्तुतर्फबाट काठमाडौं उपत्यकामा गई वस्ती विकास गरेको हुन सक्ने देखिन्छ । तर नेपालको इतिहास लेखनमा ने मुनिलाई अगाडि सारेर अनि महाचीनबाट आएका मंजुश्रीको कथा जोडेर इतिहास लेखेका छन् । कपिलवस्तु र कपिलवस्तुको अभिन्न अङ्ग सैनामैनाको यथार्थपरक धरातलमा उभिएर हेर्दा कपिलवस्तु र यस आसपासकै इतिहास जेठो देखिन्छ ।

२.७ सारत: सैनामैना बुद्धकालीन ऐतिहासिक सहर हुनुले पनि यसको महत्व उच्चस्तरको छ । साँच्चै भन्ने हो नेपालको इतिहास लेखनको थालनी कपिलवस्तुबाट गरिनु पर्ने देखिन्छ । किनकि बुद्धको जीवनकालमै कोशल नरेश विरुढ्ढले कपिलवस्तुमा आक्रमण गरी ७७ हजार बौद्धिष्टको सगरहवामा हत्या गरेपछि काठमाडौं उपत्यकामा पलायन भएका बौद्धिष्टहरुले काठमाडौं उपत्यकामा स्वयभू, विहार, बौद्ध गुम्हा मात्र होइन भव्य वास्तुकला सम्पन्न घर, भवन, दरबार आदि निर्माण गरेको देखिन्छ । कपिलवस्तु र काठमाडौं उपत्यका घनिष्ट अन्तरसम्बन्ध देखिन्छ । ध्वेनसाङ, फाइयान जस्ता बौद्ध यात्रीहरु बुटवल सैना हुँदै लुम्बिनी र भारततर्फ गएको बताइन्छ । प्राचीन चीनको रेशममार्ग पनि यही सैनामैना हुँदै भएको विद्वान्हरुले लेखेका छन् ।

२.८ त्यसरी नै केरेलाका शङ्काराचार्य (सन् ७७८-८२०) ले बौद्ध धर्म दर्शनका विरुद्ध हिन्दू धर्मको उत्थान अभियान संचालन गर्दा ८४ हजार बौद्ध ग्रन्थ भष्म गरेपछि पलायन भएका बौद्धहरु क्रमश काठमाडौं पनि गए । दशौं शताब्दीमा पद्मपाणि लोकेश्वर उर्फ पद्मपाणि मत्यस्येन्द्र नाथले हिन्दूहरु र बौद्धहरुको द्वन्द्व साम्य पार्ने अभियान चलाए । जसको फलस्वरुप हिन्दू देवदेवीका नामका अगाडि बज्रवाराही, बज्रभैरव, बज्रेश्वरी आदि नामकरण भएको पाइन्छ । पद्मपाणि मत्स्येन्द्रनाथ लोकेश्वरका भग्न र सग्ला मूर्तिहरु यसै सैनामैना क्षेत्रमा प्राप्त भएका छन् । यसले पद्मपाणि मत्स्येन्द्रनाथ अवलोकितेश्वरको एउटा आश्रम सैनामैना बौराहा खोला आसपासमा अवस्थित भएको तथ्यतर्फ सङ्केत गरेको छ । पद्मपाणि मत्स्येन्द्रनाथ उर्फ लोकेश्वर/ अवलोकितेश्वर बज्रयान सम्प्रदायको बोधिसत्य थिए । उनलाई काठमाडौं उपत्यकामा सहकालका देवता मानिन्छ । उनी हिन्दू र बौद्धहरुबाट सम्मानित र संपूजित साझा देवता हुन् । रातो मत्स्येन्द्रनाथको जात्रा उनकै सम्मानमा पाटनमा धुमधामका साथ राष्ट्रिय पर्वका रुपमा प्रत्येक वर्ष मनाउने गरिन्छ। पद्मपाणि मत्स्येन्द्रनाथले धार्मिक सहिष्णुता र सद्भाव बृद्धि गरी नेपाली समाजमा एकताबृद्धि गरेको बताइन्छ । सैनामैनामा प्राप्त भएका प्रस्तरमूर्तिहरु प्रस्तर सैनामैना दर्पणको पृष्ठ ३६ र ३७ मा अङ्कित गरिएका छन् । त्यसरी नै ऐजन पुस्तकको पृष्ठ ८०, ८१, ८२ र ८३ मा पनि प्रस्तरमूर्ति समाविष्ट रहेका छन् । यो सैनामैना क्षेत्र पद्मपाणि अवलोकेश्वरको एक आश्रम भएको जनाउ दिन्छ ।




## २.९ पद्मपाणि योग तथा प्राकृतिक चिकित्सालय

२०७६ सालमा एक वर्षको स्थलगत अध्ययन अवलोकन पछि सैनामैना नगरपालिकाले सैनामैना दर्पण ग्रन्थ प्रकाशन गरेको छ । अध्येताहरुको एक टिम (पंक्तिकार)झपेन्द्र जि.सी., गितु गिरी, रामप्रसाद भट्टराई, बम बहादुर थारु र केशव अर्यालले अध्ययनका क्रममा पदमपाणि मत्स्येन्द्रनाथ अवलोकेश्वरको आश्रम सैनामैना बौराहा खोला क्षेत्रमा अवस्थित हुन सक्ने सम्भावनातर्फ सङ्केत गऱ्यो । त्यसैको आधारमा सैनामैना बौराहा खोला तटमा संचालित प्राकृतिक चिकित्साय आफ्नो नाम परिवर्तन गरी बोधिसत्व पद्मपाणि मत्स्येन्द्र नाथको सम्मानमा पुरातात्विक ऐतिहासिक सम्पदाको जगमा उभिएर प्राकृतिक चिकित्सालयको नाम पद्मपाणि योग तथा प्राकृतिक चिकित्सालय बनाउने ठहर गरी अघि बढायो । साथसाथै पद्मपाणि अवलोकेश्वरका हुन्, बौद्ध दर्शन र बौद्ध अभियानमा बोधिसत्वको के महत्व छ, बज्रयान सम्प्रदाय र धार्मिक समन्वय, योग साधनमा बज्रयान सम्प्रदाय र हठयोगको महत्व के छ, पतञ्जलीको योगसूत्र र हठयोग साधनको अन्तरसम्बन्ध के हो ? यस विषयमा चिकित्सालय समितिले पद्मपाणि योग तथा प्राकृतिक चिकित्सालय नामकरण गऱ्यो । केन्द्रका अध्यक्ष रामप्रसाद भट्टराईको प्रत्यक्ष निर्देशनमा खोज अनुसन्धान गरेर पद्मपाणि मत्स्येन्द्रनाथ शोध ग्रन्थ २०७६ माघ १४ मा प्रकाशित भएको छ । यसको लेखन सम्वादन झपेन्द्र जिसी, डा. गितु गिरी र डा. दीपक पौडेलबाट भएको छ । पद्मपाणि बोधिसत्वलाई लौकिक स्वरुपमा र अलौकिक स्वरुपमा प्रस्तुत गरेको पाइन्छ । कपिलवस्तुबाट पलायन भएका बज्रयान सम्प्रदायका बौद्धिष्टहरु काठमाडौं गएपछि थुप्रै बौद्धमार्गीहरुले आफ्नो थरलाई परिवर्तन गरी बज्राचार्य आदि पनि लेख्न थाले ।





## २.१० सैनामैना दर्पण र पद्मपाणि मत्स्येन्द्रनाथ

सैनामैना नगरपालिको अभिप्रेरणामा सैनामैनाको इतिहास, दर्शन, धर्म, संस्कृति र पर्यटन समेटिएको सैनामैना क्षेत्रमा यत्रतत्र छरिएर रहेका र लुम्बिनी सङ्ग्राहलयलाई पूर्ण बनाउन लुम्बिनी सङ्ग्रहालयमा सजाइएका पुरावशेष सम्पदा वा पुरातात्विक सम्पदाको जिआइएस म्याप सहित नालीबेली प्रस्तुत गरेको छ। यति धेरै प्राचीन पुरातात्विक सम्पदा सायदै नेपालको कुनै ठाउँमा होला। एक पटक यो सैनामैना दर्पण जो कोहीले पढ्ने समय खर्चन सके। उसैलाई यसबारे जानकारी हुनेछ। पुस्तक पढ्नु भनेको सूचना लिने प्रक्रिया हो। सूचना प्राप्त भइसके पछि स्थलगत भ्रमण गरेर अध्ययन अवलोकन गर्न सके झनै वस्तुगत जानकारी हुनेछ। सैनामैना नगरपालिकाले प्राचीन पुरातात्विक सम्पदा संरक्षण गर्न र अध्ययन अन्वेषण गर्न गराउन जुन प्रयासहरुको थालनी गरेको छ, यो आफैमा सैनामैनाको प्राचीन बुद्ध कालीन अवस्थाको सुन्दर परिचय पनि हो। यसको नेतृत्वकर्ता जनप्रतिनिधिहरु बधाइका पात्र बनेका छन्, भविष्यले उनीहरुको थप उच्च मूल्याङ्कन गर्नेछ भन्ने लाग्छ।



समुदायबाट संचालित प्राकृतिक चिकित्सालयले पद्मपाणि मत्स्येन्द्रनाथ उर्फ अवलोकेश्वर बोधिसत्वको योगदानलाई उच्च महत्व दिएर पद्मपाणि मत्स्येन्द्रनाथ ग्रन्थ जुन प्रकाशित गरेको छ, यसले सैनामैना क्षेत्रको अनुसन्धान अन्वेषणको ढोका खोल्न सफल भएको देखिन्छ। पद्मपाणि मत्स्येन्द्रनाथको इतिहासलाई यस क्षेत्रबाट थप अगाडि बढाउन सक्ने देखिन्छ।

## ३. कपिलवस्तुको खोजी अभियान

बुद्धकै जीवनकालमा विरुद्धको कपिलवस्तुमाथिको आक्रमण, आगजनी ७७ हजार बौद्ध भिक्षुहरुका हत्या आदि कारणले बौद्धहरु कपिलवस्तुबाट पलायन हुन बाध्य भए। सन् ७७८-८२० मा केरलामा जन्मेका शङ्कराचार्यले हिन्दूधर्मको उत्थान गर्ने क्रममा ८४ हजार बौद्ध ग्रन्थको नष्ट विनष्ट गरेपछि बंचेखुचेको

पनि बौद्धभिक्षुहरु पलायन भए । यसरी नै भूकम्प, बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपका कारण समग्र कपिलवस्तु जङ्गलमा परिणत भयो । मानवसभ्यताको उच्च स्थानमा पुगेका सहरवस्तीहरु सतहमुनि पुरिए । लुम्बिनी, तिलौराकोट, सैनामैना सबै निर्जन र अज्ञात अवस्थामा लामो समयसम्म रहे । यसबीच चिनियाँ यात्री हुएन साङ फाइनजस्ता तिब्ती बौद्ध यात्रीहरुले स्थलगत भ्रमण गरी यसको वृतान्तहरु लेखे । यसैका आधारमा कपिलवसतुको खोजी हुन थाल्यो । सन् १८९३ मा बलरामपुरका मेजर जसकरण सिंहले बुद्धको जन्मस्थल लुम्बिनी र शुद्धोदनको राजधानी तिलौराकोट दरबार आफूले देखेको बताए पछि सन् १८९५ मा इस्ट इण्डिया कम्पनी सरकारले जर्मन नागरिक डा.फुहररलाई शोध अन्वेषण गर्न खटायो। सन् १८९९ मा कम्पनी सरकारले पुरातत्वविद् पी.सी.मुखर्जीलाई कपिलवस्तुको उत्खनन् र अन्वेषण गर्न खटाए पछि पाल्पाका वडा हाकिम खड्ग शमशेरको सहयोगमा उत्खनन र अन्वेषण भयो । त्यसपछि लुम्बिनी, तिलौराकोट, निग्लिहवा, गोटीहवा, सैनामैना समेत पत्ता लाग्यो। सम्राट अशोकले खडा गरेका निशानी अशोकस्तम्भका आधारमा कपिलवस्तुको ज्ञात हुन गएको हो। अध्ययन, उत्खनन र अन्वेषण पूरा भएको छैन। अरु थप अध्ययन उत्खनन र अन्वेषणको खाँचो छ। त्यसको प्रतीक्षामा सैनामैना पनि छ।

## ४. सैनामैना कहाँ छ ?

हाल सैनामैना भनेर सैनामैना नगरपालिकालाई चिनिन्छ। खास सैनामैना चारपाला जङ्गलदेखि बौराह खोला, सोरोली, रानीकुवा आदि क्षेत्र नै हुन् । तर सैनामैना यति भनेर मात्र पूरा हुँदैन । प्राचीन कपिलवस्तुको अभिन्न अङ्ग प्राचीन सहर सैनामैना भव्य र विस्तृत थियो भन्ने कुरा यहाँ प्राप्त पुरावशेषका खण्डहरहरुले बताइरहेका छन्। सङ्कीर्णतामा होइन विस्तृत र व्यापकतामा सैनामैना खोजिनुपर्छ। हालको बुद्ध सर्किटको महत्वपूर्ण अवयव सैनामैना हो र लुम्बिनी विकास कोष, पुरातत्व विभाग र नेपाल सरकारका निकायहरुले सैनामैना क्षेत्रलाई समेटेर ओझेलमा परेको ऐतिहासिक मानव सभ्यता र बौद्ध संस्कृतिले उच्च सभ्यता निर्माण गर्न खेलेको भूमिकालाई प्रकाशमा ल्याउन जरुरी छ।



## ५. सैनामैना नगरपालिका र पद्मपाणि योग तथा प्राकृतिक चिकित्सालयको चासो र सम्पदा संरक्षण

प्राचीन कपिलवसतुको सभ्यता संस्कृतिमा साङ्ख्य दर्शनका प्रणेता महर्षि कपिलमुनि, पातञ्जल योग सूत्रका महर्षि पतन्जलि, पद्मपाणि मत्स्येन्द्रनाथ अवलोकेश्वरको चर्चा परिचर्चाका साथ सयौं ऐतिहासिक

सम्पदाहरु प्रस्तर मूर्ति, घर भवन, स्तुप दरबार विहार आदिको भग्नाविशेषबारे सैनामैना दर्पण र पद्मपाणि मत्स्येन्द्रनाथ ग्रन्थहरुले सूचना प्रवाह गर्न सफल छन् ।

सैनामैना नगरपालिका र प्राकृतिक चिकित्सालय अत्यन्त दिलचश्वी दिएर सम्पदा संरक्षणमा योगदान गरेका छन् । यस्तो सुकार्य गर्नेहरु सह्रानीय पनि उत्तिकै छन् । यसलाई निरन्तरता दिन सक्नुपर्ने देखिन्छ ।

प्राचीन बुद्धकालीन इतिहास मात्र होइन मध्यकालीन सिंजाका खस मल्ल शासन काल (वि.सं. ११५० देखि १४६१) ले पनि सम्पदा संरक्षण गर्न ऐतिहासिक भूमिका खेलेर सूचना प्रवाह गरेका छन् । लुम्बिनी स्थित अशोक स्तम्भमा रिपु मल्लश्चिरंजयतु उत्कीर्ण हुनु, सैनामैना क्षेत्रमै बौद्धतान्त्रिक लामामन्त्र ओम् मणि पद्मे हुँ भन्ने शिलापत्र प्राप्त हुनु, दाउन्ने पहाड माथागढीमा पृथ्वीमल्लले आफ्ना मन्त्री देव वर्मा छन्त्याललाई शैलदुर्ग (माथागढी) निर्माण गर्न आदेश दिनु र बनाइनुले पनि यो क्षेत्रको ऐतिहासिक महत्व छ । त्यसरी नै सेन काल वि.सं. १३६३ देखि तुथाराम सेनले राजपुर दरबार नामबाट चारपाला जङ्गल भित्र रिब्दीकोट राज्यको शीतकालीन राजधानी संचालन गर्नु र पछि वि.सं. १५४८ मा विस्तृत पाल्पा राज्य स्थापना भएपछि शीतकालीन दरबार राजधानीको रुपमा हालको बुटवल मणिमुकुन्द पार्कमा संचालन हुनुमा पनि सैनामैना क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ ।

## ६. लेखेर नसकिने सैनामैना क्षेत्रका पुरातात्विक सम्पदाको सूची

सैनामैनाका ऐतिहासिक सम्पदाको सूची लेखेर सकिन्न, किनकि यसको सङ्ख्या ठूलो छ । कम्तीमा रानी कुवा क्षेत्र, बीच टोलको उत्तरी क्षेत्र, जोगी डाँडा (योग डाँडा) क्षेत्र, सानो प्लेट क्षेत्र, ठूलो प्लेट क्षेत्र, वक्सरडाँडा क्षेत्र, पर्सवाल क्षेत्र, वौराहा खोला र राजपुर खोला क्षेत्र र दानो खोलाको त्रिवेणी कर्साघाट क्षेत्र आदिमा मात्रै अवलोकन गरे पनि अवलोकनकर्तालाई बोध हुनेछ सैनामैना क्षेत्रको ऐतिहासिक महत्व के हो भनेर ।




कलाको बारेमा अवगत हुन सैनामैना दर्पणको पृष्ठ ७८ देखि पृष्ठ १०५ सम्म ५७ वटा कलाका चित्र प्रस्तुत गरिएको छ । वास्तुकला अर्थात् चैत्यविहार, दरबार महल, स्तुप आदिका बारेमा सैनामैना दर्पणको पृष्ठ १०७ देखि १५२ सम्म वास्तुकलाका फोटो चित्र प्रस्तुत गरिएका छन् । व्यक्ति स्वयं गएर स्थलगत अवलोकन गरे प्राचीन, मध्यकालीन कला र वास्तुकला बारे सहज बोध हुनेछ ।

## ७. योजनावद्ध र दिगो विकास नै सैनामैनाको भविष्य

सैनामैनाले टोलटोलमा अध्ययन भ्रमण गरेर योजना छनौट गरेको छ । कृषि, पर्यटन, उद्योग र पूर्वाधार, सुसंस्कृत, समृद्ध नगर सैनामैनाको आधार" दूरदृष्टि निर्माण गरेर आवधिक र दीर्घकालीन योजनाका साथ विकास र समृद्धिका कार्ययोजनाहरु सम्पादनमा नगरपालिका लागेको पाउँदा छलफलहरुमा सहभागी भएका हामीहरुलाई पनि निकै खुसी लाग्यो ।

७.१ कोभिड-१९ बाट नागरिकको ज्यूज्यान बचाउन गरेका प्रयासहरु, खानेपानी तथा सरसफाइ क्षेत्रका कामहरु, सार्वजनिक सेवा प्रवाहमा अवलम्बन गरिएका नीति व्यवहार र कार्यहरु, सुशासन र पारदर्शिताका क्षेत्रमा सार्वजनिक सुनुवाइका कार्यक्रमहरु, कृषि प्रवर्द्धन र पशु व्यवसायमा कृषकहरुलाई प्रोत्साहित गरिएका प्रयासहरु, प्रधानमन्त्री स्वरोजगार कार्यक्रमले रोजगारी सिर्जनामा प्रदान गरिएका तालिम र प्रयासहरुले आत्मनिर्भरता बृद्धिमा निकै सहयोग पुऱ्याएको देखिन्छ ।

७.२ "प्रविधिमा आधारित अपनत्वसहितको गुणस्तरीय शिक्षा सैनामैनाको प्रतिवद्धता" भन्ने सन्देशका साथ अगाडि बढाइएका कार्यक्रम अन्तर्गत विद्यालयलाई ल्यापटप, प्रोजेक्टर, कम्प्युटर, प्रिन्टर न.पा.ले उपलब्ध गराएको पाइयो । विद्यालयहरुमा २७८ कम्प्युटर १४८ ल्यापटप, ३० थान प्रिन्टर र ८७ थान प्रोजेक्टर वितरणले आजको युगअनुकूल शिक्षा प्रसारणमा सह्रानीय काम गरेको देखिन्छ । यसरी नै विद्यालय पूर्वाधार निर्माणमा अहम् भूमिका निर्वाह गरेको पाईयो ।

७.३ नगरपालिकाले दर्जन योजनालाई गौरवका योजनाका रुपमा अघि सारेको छ । त्यस अन्तर्गत वातावरण मैत्री सहर निर्माण गर्न ढोरपाटन बसपार्क सहित व्यापारिक भवन निर्माण, राजपानी क्षेत्रमा सिमासार संरक्षणका साथै पर्यटन गन्तव्य निर्माण गर्न डिपिआरको तयारी, सैनामैना ७ मा औद्योगिक ग्राम निर्माण, सैनामैना ६ र ८ मा ५०० विघा जमिनमा आधुनिक सहर बस्ती निर्माण, सैनामैना १ मा ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री पुनर्स्थापना केन्द्र निर्माण, सैनामैना १ वमाहा नदीदेखि ११ कोठी नदीसम्म राजमार्ग क्षेत्रमा सिसिक्यामेरा जडान, कालीरह क्षेत्रमा सिंचाई खानेपानी वितरण र पर्यटन प्रवर्द्धनका लागि बहुवर्षीय, योजना संचालन, चुरे संरक्षण र सिंचाइका लागि ३ वटा बृहत्, पोखरी निर्माण, सैनामैना ३ मा ५४ सेड सहितको र सैनामैना रामापुरमा ५२ सेड सहितको आधुनिक हाटबजार निर्माण, चिस्यान केन्द्र,सहरी आधुनिक सडक निर्माणमा पेटी/फुटपाथ सहितका सडक निर्माण, सालझण्डी क्षेत्रको बजारलाई व्यवस्थित गर्न पुल निर्माण र कृषि उत्पादनलाई बजारसँग जोड्न पूर्वपश्चिम लोकमार्गको आडैमा कृषिपार्क निर्माण जस्ता गौरवका आयोजनाहरु केही संचालन हुँदै छन् र केही संचालन हुने क्रममा रहेका छन् । कञ्चन न.पा.,बुटवल उपमनपा र सैनामैना न.पा.को बीच एकान्त पहाडमा १० करोड लागतमा आधुनिक डम्पिङ साइड निर्माण गर्दै गरेको पनि योजनामा देखियो । यो सफा र स्वच्छ सहर निर्माणको आधार हो भन्ने लाग्छ ।

निष्कर्ष

सारत: सैनामैना पुरातात्विक सम्पदाको हिसाबले अत्यन्त सम्पन्न नपा हो। यो आधुनिक बसोबासका लागि मोडेल सरह उन्मुख न.पा. पनि हो। प्राकृतिक स्वरुपलाई कायम राख्दै, वातावरण मैत्री र अत्याधुनिक नमुना सहर निर्माण हुन सक्ने सम्भावना यसले बोकेको छ । नपा परिवारले दीर्घकालीन सोंच बनाएर निर्माण कार्यमा जुटेको छ । सैनामैना न.पा.का सम्भावनालाई नजिकबाट आँकल गर्दा यो नपा क्षेत्र नेपालकै अत्याधुनिक, वातावरण मैत्री, समृद्ध र शान्त सहर वस्तीमा विकास हुने देखिन्छ। समय अवधि अन्दाजी १० वर्ष लाग्न सक्छ, प्रकृतिमैत्री, वातावरणमैत्री सुन्दर स्वच्छ छ नमुना सहर बन्ने छ भन्ने आशा विश्वास जागेको छ । पुरातात्विक सम्पदासम्पन्न सैनामैना पर्यटन प्रवर्द्धन, सांस्कृतिक प्रवर्द्धन, कृषि उत्पादन, उद्योग संचालनमा र स्वरोजगारका अवसरहरु समेत सिर्जन गरी आत्मनिर्भर नमुना सहर बन्न सक्ने सम्भावनालाई नकार्न सकिँदैन। फेरि पनि सम्पदा संरक्षण प्रथम प्राथमिकताको विषय हो भन्ने कुरामा हेक्का रहोस्। सम्पदा सम्पन्न, कला, वास्तुकला र संस्कृति सम्पन्न सैनामैनाले इतिहासको अमूल्य नासोलाई सदुपयोग र संरक्षण गर्दै नेपालकै समृद्ध नमुना नगरपालिका बन्न सकोस्। हार्दिक शुभकामना।

सन्दर्भ ग्रन्थ

१) बालचन्द्र शर्मा २०३३, नेपालको ऐतिहासिक रुपरेखा वाराणसी, कृष्ण देवी शर्मा ।

२) झपेन्द्र जिसी, डा. गितु गिरी, रामप्रसाद भट्टराई, बम बहादुर थारु २०७६, सैनामैना दर्पण, रुपन्देही ।

३) झपेन्द्र जिसी, डा. गितु गिरी, डा. दीपक पौडेल २०७६ माघ, पद्‌मपाणि मत्स्येन्द्रनाथ, रुपन्देही, पद्‌मपाणि योग तथा प्राकृतिक चिकित्सालय

४) डा. बम बहादुर अधिकारी २०७४, नेपालको बृहत् इतिहास काठमाडौं, दीपक पुस्तक भण्डार ।

५) डा. गितु गिरी २०१२, बृहत् लुम्बिनी क्षेत्रको पर्यटकीय सम्पदा, लुम्बिनी विकास कोष ।

६) महेश चौधरी २०६४, नेपालको तराई तथा यसका भूमिपुत्रहरु दाङ, शान्ति चौधरी ।








# सैनामैनामा सञ्चालित केही महत्वपूर्ण बहुवर्षीय आयोजना



**टिका खरेल**

सैनामैना । सैनामैनाको समृद्धि र विकासमा महत्वपूर्ण मानिएका केही गौरवका आयोजना प्रभावकारी रुपमा अगाडि बढेका छन् । संघीय सरकार र प्रदेश सरकारको सहकार्यमा सैनामैनामा सञ्चालित बहुवर्षीय योजनाहरुको संक्षिप्त र बुँदागत रुपमा यहाँ प्रस्तुत गरिएको छ :

## १. मुलुककै लामो सैनामैना चक्रपथ



पूर्वाधार विकासको क्षेत्रमा सडकलाई मेरुदण्ड मानिन्छ । सैनामैनाले मुलुककै लामो र व्यवस्थित चक्रपथ निर्माण गरेर पूर्वाधार विकासका कामलाई प्राथमिकतामा राखेको छ । ५७ किलोमिटर लामो चक्रपथ निर्माण गरेको छ । चक्रपथमा पर्ने ९ वटा पुलमध्ये ६ वटाको निर्माण पूरा भएको छ । बाँकी पुलको निर्माण कार्य अगाडि बढेको छ ।

११ वटै वडा र बुटवल तथा लुम्बिनीलाई सहायक मार्गबाट पनि जोड्नेगरी बनाइएको चक्रपथको अधिकांश भाग पिच भइसकेको छ । यो बहुवर्षीय आयोजनाका रुपमा अगाडि बढेको छ ।

## २. ज्येष्ठ नागरिक एवम् अपाङ्ग संरक्षण ग्राम

सैनामैनामा व्यवस्थित ज्येष्ठ नागरिक एवम् अपाङ्ग संरक्षण ग्राम निर्माण भइरहेको छ । वडा नं. १ को बनकट्टामा ज्येष्ठ नागरिक एवम् अपाङ्ग संरक्षण ग्राम संरक्षण ग्रामको डीपीआर तयार भएको छ । जसको लागत रु १ अर्ब ४० करोड अनुमान गरिएको छ । उक्त परियोजना निर्माण लागि ६.५ विघा जग्गाको व्यवस्था गरिएको छ भने उक्त जग्गा संरक्षणको लागि कम्पाउण्ड वाल निर्माण गरिएको छ ।





## ३.सैनामैना सांस्कृतिक खुला संग्रहालय

बुद्धकालीन सभ्यताको झल्को दिनेगरि मुलुककै व्यवस्थित खुला संग्रहालय निर्माण भइरहेको छ । वडा नं. १ बनकट्टामा रहेको करीब ११ विघामा ठूलो र खुला संग्रहालय निर्माणका लागि डीपीआर तयार भएको छ । जसको लागत अनुमान करिव ६० करोड रहेको छ ।




## ४. कृषि उपज संकलन केन्द्र, कर्साघाट

सैनामैना र बुटवल उपमहानगरपालिकाको संयुक्त रुपमा बुटवल-१६ र सैनामैनाको वडा नं. १ को कर्साघाटमा संयुक्त रुपमा कृषि उपज केन्द्र निर्माणको प्रक्रिया अगाडि बढेको छ। यसको डीपीआर तयार भइ वातावारणीय प्रभाव मूल्यांकनको काम पनि सम्पन्न भएको छ ।

## ५. बोलवम एकिकृत विकास परियोजना

नगरमा पर्यटनको क्षेत्रमा धेरै सम्भावना बोकेको दोस्रो पशुपतिनाथ भनेर चिनिने श्री पर्रोहा परमेशवर ज्योर्तिलिङ्ग बोलबम धामलाई लुम्बिनी प्रदेशकै प्रमुख धार्मिक एवम् ऐतिहासिक पर्यटकीय स्थल बनाउने लक्ष्य

सहित पालिकाले गुरुयोजना बनाएर काम भइरहेको छ । प्यागोडा शैलीमा तामाको छानोसहित दुईतल्ले मूल मन्दिर बनाउन ६ करोड ५७ लाख रुपैयाँमा ठेक्का सम्झौता धमाधम निर्माण भइरहेको छ । सबै संरचना निर्माणका लागि १४ करोड बजेट अनुमान गरिएको छ ।





## ६. बोलवम पर्यावरणीय पार्क

सैनामैना २ मा रहेको बोलबम पर्यवरणीय पार्कको संरक्षण, सम्बर्द्धन र विस्तारका काम भइरहेका छन् । यसका लागि डीपीआर तयार गरी पर्यटन क्षेत्रको रुपमा नगरपालिकाले सहकार्यम काम सुरु गरेको छ । यसका लागि नगरपालिकाले सुरुमा पार्कमा जाने बाटो बनाउने काम गऱ्यो । बाटोलाई संरक्षरण गर्न ६० लाखको लागतमा पर्खाल निर्माण गरिएको छ । बनभोज (पिकनिक) स्पोटको रुममा बिकास गर्न पानी अति आश्यक पर्ने तर त्यहा पानी थिएन । नगरपालिकाले रु ४५ लाखको लागतमा खानेपानीका लागि बोरिङ्ग गाडिएको छ भने लिफ्टिङ्ग गरी पानी पुर्‍याएको छ । पार्क क्षेत्रमा नै रु ३० लाखको लागतमा जलाधार पोखरी निर्माण गरेको छ । यसबाट क्षेत्रमा रहेका बन्यजन्तुलाई पिउने पानीको अभाव हुने छैन । रु १५ लाखको लागतमा पार्क क्षेत्रमा नै खुल्ला जिम हाउस समेत निर्माण भएको छ ।





## ७. लामीरह बहुउद्देश्यीय जलासय पार्क

नगरको अर्को मुख्य योजना मध्ये लामिरह बहुउद्धेश्यीय आयोजना संघीय सरकार, लुम्बिनी प्रदेश सरकार र नगरपालिकाको सहलगानीमा अगाडि बढेको छ । वडा नं. ३ को गंगानगरमा यो आयोजना निर्माण हुनेछ । सिमसार क्षेत्र संरक्षण र पानीको रिचार्ज गर्ने चक्रलाई टेवा पुऱ्याउने र जल पर्यटनका रुपमा विकास गर्नेगरी यसलाई अगाडि बढाइएको छ। करिब ६० विगाहा क्षेत्रफलमा बन्ने यसक्षेत्रको महत्वपूर्ण आयोजना मानिएको लामिरह जलासय बाँधको डीपीआर तयार भएको छ। जसको लागत अनुमान करिब १ अर्व ५० करोड रहेको छ। राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन इकाइ कार्यालय र विज्ञहरुको टोलीले यो आयोजनामा सहकार्य गरिरहेका छन् । यो आयोजनको निर्माण सँग सैनामैना पर्यटन हवको रुपमा विकास हुनुको साथै यस क्षेत्रको ५०० विगाह भन्दा बढिमा खेती योग्य जमिनमा सिचाई पुग्नेछ ।






## ८. शैलपुत्री शक्तिपीठ मन्दिरका

धार्मिक पर्यटकीय स्थलकै रुपमा विकास गर्न सैनामैना-३ मुर्गियामा रहेको दुर्गा मन्दिरमा नेपालमै पहिलो पटक शैलपुत्री शक्तिपीठ मन्दिरको निर्माण गरिने भएको छ । करिव १.५ विघा क्षेत्रफमा निर्माण हुने मन्दिरको लागि नगरपालिकाले २३ करोड ५० लाखको लागतमा सो परियोजनाको डीपीआर तयार पारेर सुझाव संकलन गरिएको छ । नव दुर्गा मन्दिरलाई बृहत रुपमा धार्मिक पार्कको रुपमा विकास गर्ने लक्ष्य नगरपालिकाले लिएको छ ।





## ९. बहुउद्देश्यीय फुटवल रंगशाला

नगरभित्र आर्कषक फुटबल संरचना बनाउनुपर्छ भन्ने ध्येयले नै नगरको मुख्य बजार मुर्गियामा पर्रोहा खेलमैदानलाइ स्तरउन्नती गरी आर्कषक राष्ट्रिय फुटबल रंगशालाको अबधारणाले अन्तिम रुप लिदै गइरहेको छ। हाल ट्याकको काम सम्पन्न भएको छ भने प्यारािफटको काम पनि अगाडि बढेको छ।



## १०. सैनामैना अस्पताल

सैनामैनामा आफ्नै पालिकास्तरको व्यवस्थित अस्पताल निर्माण भइरहेको छ। सुरुमा १५ शैयाका लागि निर्माण भइरहेको अस्पतालको स्तर थप्न सकिने गरी निर्माण गरिँदैछ। ११ करोड ३६ लाख बराबरको बजेटमा पहिलो चरणको निर्माण भइरहेको छ। अस्पतालमा बहिरङ्ग विभाग(ओपीडी) अन्तरङ्ग विभाग (आपिडी, अपरेशन थियटर, इमरजेन्सी, प्रसुति सेवालगायतका इकाई रहनेछन्।

अस्पताल २ बर्ष भित्र निर्माण सम्पन्न गर्ने गरि श्याम सुन्दर/एन बि जे भि बुटवलले अस्पताल भवन निर्माण गरिरहेको छ। अस्पतालको संरचना ५० शैया क्षमताको रहेको छ।





## ११. नमूना ढल प्रशोधन केन्द्र

नगरको महत्वपूर्ण बहुबर्षीय आयोजनाका रुपमा रहेको नमूना ढल प्रशोद्यन केन्द्र वडा नं.३ र ४ मा निर्माण भइसकेको छ । सैनामैनामा सरसफाईमा अर्को नमुना कामका रुपमा ढल प्रशोधन केन्द्र निर्माण भएको छ । घरदेखि निस्किने फोहोर पानीलाई व्यवस्थित ढलमा जोडेर प्रशोधन केन्द्रसम्म पुऱ्याउने र त्यहाँ प्रशोधन पछि सिंचाईलगायतमा प्रयोग गर्न मिल्ने बनाइएको छ । संघीय सरकारको सहयोगमा मुर्गिया खानेपानी उपभोक्ता समितिमार्फ यो महत्वपूर्ण परियोजना अगाडि बढेको छ ।





## १२.अन्तर-स्थानीय तह फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र

सैनामैना नगरपालिका-१० एकला पहाडमा रहेको खाली जमिनमा अन्तर-स्थानीय तह फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र निर्माण भइरहेको छ । बुटवल उपमहानगरपालिका र कञ्चन गाउँपालिकाले यो महत्वपूर्ण परियोजनाको निर्माणमा सहकार्य गरेका छन् । पहिलो चरणमा ११ करोड ५० लाख बराबरको बजेटमा निर्माणकार्य अगाडि बढेको छ ।





## १३. मलमला एकिकृत परियोजना

सैनामैना नगरपालिका-६ स्थित मलमला देवी मन्दिर धार्मिक पर्यटनका लागि प्रमुख आर्कषक गन्तव्यका रुपमा विकास हुन थालेको छ । मलमाल क्षेत्रमा कार्ययोजना मन्दिर जानका लागि कालोपत्रे गरेको सडक, धर्मशाला, गणेश मन्दिर, चुरे पार्क, दृष्यावलोकन केन्द्र निर्माण, आदिवासी संग्रहालय निर्माण गरिनेछ । यसका लागि डीपीआर निर्माण गरि काम अगाडि बढाइएको छ । मन्दिर जाने सडकमा सिंढी निर्माण, बोरिङ्ग गाडी लिफटिङ्ग गरी पानी माथी पुऱ्याउनुको साथै टिकटक र सेल्फी पार्क निर्माण गरिएको छ ।





## १४. गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला

रुपन्देहीको सैनामैना नगरपालिका-७ लम्टैयामा नमूना क्रिकेट रंगशाला निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भएको छ। रंगशाला निर्माण सम्पन्न हुन करीब २ अर्ब १९ करोड रुपैयाँ अनुमान गर्दै डीपीआरमा ९४ हजार ८ सय १७ वर्गमिटर क्षेत्रफल समेटिएको छ। लुम्बिनीबाट करीब १२ किलोमिटर उत्तरतर्फ निर्माण हुन लागेको सो रंगशाला नेपालकै सबै भन्दा ठूलो ९० यार्डको हुने नगरपालिकाले जनाएको छ। सो रंगशाला पूर्व-पश्चिम राजमार्गबाट २ किलोमिटर दक्षिणमा पर्छ।




## १५. सैनामैना औद्योगिक ग्राम, सैनामैना-७, लम्टैयामा

करिब २२ विगाह क्षेत्रफलमा निर्माण गर्न लागेको औद्योगिक ग्राम क्षेत्रमा पनि कम्पाउण्ड वाल, कटिङ-फिलिङ र ट्याक निर्माणको काम मात्र भएको सम्पन्न भएको छ।





## १६. सैनामैना सांस्कृतिक सहर

तीन सय विघा जग्गामा सैनामैना सांस्कृतिक सहर निर्माणका लागि प्रक्रिया अगाडि बढेको छ। भूउपयोग योजना अनुसार वातावरणीय प्रभााव मूल्यांकन गराएर डीपीआर तयार पार्ने काम भएको छ। व्यवस्थित र नमुना सहर निर्माणले सैनामैनाको दिगो विकासमा टेवा पुऱ्याउने विश्वास गरिएको छ।



## १७. विद्युत सवस्टेसन

रुपन्देहीको सैनामैनामा नगरपालिकामा विद्युत सबस्टेसनको निर्माण अन्तिम अवस्थामा छ । नेपाल विद्युत प्राधिकरण बुटवल वितरण केन्द्र अन्तर्गत सैनामैनाको वडा नम्बर-९ पिपलडाँडामा ३३/११ के.भी, १६.६ एम.भी.ए को निर्माण कार्य सुरु भएको हो । नगरमा विद्युतको लो भोल्टेज, ओभरलोड र विद्युत कटौतीको समस्यालाई समाधान गर्ने उद्देश्यसहित उक्त सवस्टेशनको निर्माण गर्न लागीएको हो । नगरमा जनप्रतिनिधि आउँदा आधा उज्यालो, आधा अध्यारो अवस्थामा रहेकोमा अहिले पूरै क्षेत्रमा बिजुली पुगेको छ । सैनामैना क्षेत्रमा निर्माण हुने औद्योगीक ग्राम, रिफ्रेश सेन्टर र निकट भविश्यमा स्थापना हुन लागेको विद्युतीय बस एसेम्बल प्लान्टलगायतका क्षेत्रमा विद्युत आपूर्ती सहज हुने बताए। अबको १ वर्षमा निर्माण सक्ने गरी निर्माण कम्पनीलाई ९ करोड ४५ लाख रुपैयाँमा आरके इन्टरनेशनल लाई जिम्मा दिइएको छ । सो सबस्टेशनको

निर्माण कर बाहेक ९ करोड ४५ लाख ५६ हजार ४ सय १४ रुपैंयामा श्री आरके इन्टनेशनल कृष्णनगर कपिलवस्तुले ठेक्का सम्झौता गरेको हो ।



## १८. प्रदेशस्तरीय रिफ्रेससेन्टर

सैनामैनाको वडा नं. ९ मा प्रदेश स्तरीय रिफ्रेस सेन्टर निर्माण भइरहेको छ । लुम्बिनी प्रदेश सरकारसंगको सहकार्यमा साढे ३ करोड भन्दा धेरै लागतमा रिफ्रेस सेन्टर निर्माण भइरहेको छ । पूर्व-पश्चिम राजमार्ग अन्तरगत पिपल डाँडामा उक्त आयोजनाको निर्माण भइरहेको छ । लामो दुरीका सवारीका चालकहरुलाई सुत्न समेत मिल्ने गरी आराम गर्ने व्यवस्था तथा यात्रुहरुले समेत आराम गर्न पाउनेछन् । अबको एक वर्षमा निर्माण सक्नेगरी ३ करोड ५५ लाख ७९ हजार ५१० लागतमा हुने पहिलो चरणको निर्माणको जिम्मा भिमेश्वर मामा जेभीले लिएको छ । २ विगाह जग्गामा निर्माण हुन लागेको रिफ्रेस सेन्टर निर्माण पछि सञ्चालनको जिम्मा समेत पाएको सैनामैना मुलुककै पहिलो खुल्ला दिसामुक्त नगर समेत हो ।




## १८. पार्कहरुको संरक्षण र विस्तार

वडा नं.९ स्थित बालउद्यान, वडा नं. १० स्थित फूलवारी पार्क र वडा नं. ११ स्थित राजापानीको जलाधार संरक्षण क्षेत्रको डीपीआर तयार भैसकेका छन् । नगरमा ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक मूल्यहरुको पहिचान, संरक्षण र विकास गर्ने कामलाई तीव्रता दिइएको छ । थारु समुदायको संस्कृतिको संरक्षण गरी पर्यटन प्रवर्द्धनको लागि वडा नं.२ उछ्टिहवामा थारु होमस्टे सभाहल निर्माण कार्य सम्पन्न भएको छ ।

पाहुना घर निर्माण गर्नका लागि प्रोत्साहन स्वरुप अनुदान समेत दिइएको छ । त्यस्तै भड्सामा थारु डिवार सामुदायिक भवन समेत निर्माण भएको छ ।






## १९. सैनामैना ट्रमा सेन्टर

सैनामैनामा १०० बेडको ट्रमा सेन्टर निर्माण योजनाको संघीय योजनाको रुपमा स्विकृत भै कार्यान्वयनको चरणमा रहेको छ । स्वास्थ्यको आधारभूत अधिकारलाई कार्यान्वयन गर्ने उद्देश्यले र राजमार्ग हुने दुर्घटनाको जोखिमलाई मध्यनजर गर्दै उक्त उपचार केन्द्र निर्माण गर्न लागिएको हो ।

## २०. सालझण्डी-ढोरपाटन बसपार्क र व्यवसायिक भवन निर्माण

यातायात सेवालाई व्यवस्थित गर्न वडा नं. १० सालझण्डीमा बसपार्क निर्माण गरी सञ्चालनमा ल्याइएको छ, जसमा ब्यवसायिक भवन समेत निर्माण गरिएको छ । सालझण्डी-ढोरपाटन सडकलाई लक्षित गरी प्रस्थान विन्दु सालझण्डीमा बसपार्क र व्यवसायिक भवन निर्माण सम्पन्न भएको छ । बसपार्कसहितको व्यवसायिक भवनमा ४६ वटा सुविधासम्पन सटर, दुई शौचालय, प्रतिक्षालय, टिकट काउन्टर, कार तथा बस पार्किङ, हरियाली खुल्ला क्षेत्रसमेत निर्माण हुने छन् । पूर्व-पश्चिम लोकमार्गमा बन्ने सो बसपार्कमा करिब सय वटा बस पार्किङ गर्न सकिने छ । एक बिगाहा ७ कठ्ठा क्षेत्रफलमा निर्माण हुन लागेको उक्त बसपार्कको लागत करिब ३२ करोड र व्यवसायिक भवनको लागत ४ करोड ६३ लाख रुपैयाँ रहेको छ ।






## २१. सिमसार क्षेत्रको संरक्षण र विस्तार

सैनामैनाको वडा नं ११ मा रहेको जलैंया सिमसार क्षेत्रलाई संरक्षण र विस्तार गर्ने काम सुरु भएको छ। हाल ९ विगाह क्षेत्रफलमा रहेको यो सिमसार क्षेत्रको संरक्षण र विस्तारका लागि प्राथमिकताका साथ काम अगाडि छ। सैनामैनाले जलैंया सिमसार क्षेत्रको पनि गुरुयोजना बनाएर संरक्षण र विस्तारको काम भइरहेको छ। यस्तै पानबारीमा रहेको सिमसार क्षेत्रको संरक्षणा र सम्वर्द्धन गरिएको छ। सिमसारको संरक्षण गर्दै त्यसमा जैविक विविधताको अध्ययन स्थल र जलपर्यटनको केन्द्र बनाउने समेत लक्ष्य लिइएको छ। सैनामैनामा पानीका प्राकृतिक स्रोतको संरक्षण र रिचार्जका साथै जलपर्यटनका सम्भावनालाई साकार पार्ने कामलाई तीव्रता दिइएको छ।



## २२. विपन्न परिवारलाई आवास

वर्षौंदेखि सैनामैनामा बसोबास गर्दै आएका तर घरबारविहीन रहेका अत्यन्त विपन्न परिवारलाई छनोट गरी नगरपालिकाले नमूना बस्ती निर्माण गरेर हस्तान्तरण गरेको छ। ठूला परियोजनाको निर्माण गर्दा विस्थापित हुनसक्ने र भूमिहीन अवस्थाका अति विपन्न परिवारलाई लक्षित गर्दै विपन्न आवास केन्द्र निर्माण गरिएको हो। वडा नं. ११ मा निर्माण भएको नमूना बस्तीमा नमूना घर र प्रयाप्त शौचालय निर्माण गरिएका छन्। आर्थिक वर्ष २०७५/७६ बाट सुरू गरिएको बस्ती निर्माण पूरा भइ हस्तान्तरण गरिएको छ। नगरपालिकाका सबै वडाबाट एक-एक जना सबैभन्दा विपन्न परिवारलाई छनोट गरी घर हस्तान्तरण गरिएको छ।





## २३. निजी क्षेत्रको लगानी बढ्दै

सैनामैनामा निजी क्षेत्रले पनि लगानीका लागि आकर्षण बढाएका छन् । यसैक्रममा सैनामैना नगरपालिका ८ र ९ को नदी उकास जग्गामा विद्युतीय सवारी साधनको एसेम्बल प्लान्ट निर्माण हुने भएको छ । नगरपालिका र सुन्दर टेर्डस प्रा.लि काठमाडौं बिच कम्पनी सञ्चालन गर्ने सम्झौता भएको छ । नगरको भडसी, भडसा र शङ्करपुर गरी तीनवटा टोलको करिब ९ बिघा जग्गामा एसेम्बल प्लान्ट निर्माण गर्न नगरपालिकाले सुन्दर ट्रेडर्स प्रालिलाई २५ वर्षका लागि जग्गा लिजमा दिनेगरी सम्झौता भएको छ । पहिलो चरणमा सैनामैनामा करिब तीन अर्ब ६० करोडको लगानीमा कम्पनी संचालनमा आउने छ । प्लान्ट निर्माणपछि यहाँका स्थानीयले रोजगारी पाउने, आन्तरिक मात्रै नभई अन्तर्राष्ट्रिय बजारमा पहुँच पुग्ने, राजश्व वृद्धि हुने विश्वास गरिएको छ ।






# शिक्षामा सैनामैनाको नौलो अभ्यास



कृष्ण मल्ल

पाँच वर्षको अबधिमा रुपन्देहीको सैनामैना नगरपालिकाले गरेको शिक्षाका अभ्यासहरु अरु पालिकाका लागि सिक्न लायक छन् । शिक्षकलाई प्रविधिमैत्री बनाउनेदेखि विद्यालयलाई अभिभावकसम्म जोड्ने सैनामैनाको तरिका उदाहरणीय छ । यसले विद्यालय शिक्षामा सकारात्मक परिवर्तनहरु देखिन थालेको छ ।

शिक्षाको समस्यालाई जोडेर कार्यक्रम मार्फत जोड्ने काईदाले समुदायलाई फाईदा पुगेको छ । शिक्षामा स्रोत व्यवस्थापन गरी विद्यालय शिक्षाको आवश्यकता परिपूर्तितर्फ अघि बढ्नुले शिक्षाको अभ्यासमा थप मद्दत पुगेको यहाँका स्थानीयहरु बताउनुभयो छँन् । वर्तमान अवस्थामा विद्यालयको भौतिक पूर्वाधारलाई सम्बोधन गर्दै आगामी दिनको आवश्यकतालाई समेत आंकलन गर्दै सैनामैनाले शिक्षामा दुरदर्शिता देखाउन खोजेको छ ।






सैनामैना नगरपालिका लुम्बिनी प्रदेशको रुपन्देही जिल्लाको उत्तर पश्चिममा अवस्थित नगरपालिका हो । यस नगरपालिकामा ११ वटा वडामा सामुदायिक, संस्थागत र धार्मिक गरी ३६ वटा विद्यालयहरु रहेका छन् । नगरपालिकाको दक्षिण भागमा बहुसंख्यक आदिवासी थारु जातिहरुको बसोवास रहेको छ भने उत्तरी भेगमा मिश्रित खालको जातजातीहरुको बसोबास छ । सैनामैनामा भएका शिक्षाका अभ्यासलाई निम्नानुसार समूहगत रुपमा राख्न सकिन्छ ।

## १) विद्यालयको भौतिक पूर्वाधार विकासः

विद्यालयको भौतिक पूर्वाधार तर्फ यस अवधिमा ७९ वटा कक्षा कोठाहरु निर्माण भएका छन् । त्यसैगरी ९ वटा शौचालय निर्माण भएको छ । गुणस्तरीय शिक्षा नै विकासको मुल संवाहक हो भन्ने भनाईलाई मनन् गरी पूर्वाधार विकास विना शैक्षिक उपार्जन सम्भव नभएकोले परम्परागत वातानुकुलित नभएका कक्षाकोठाहरुलाई विस्थापन गरी अपांगमैत्री आधुनिक र व्यवस्थित कक्षाकोठा निर्माणलाई उच्च प्राथमिकतामा राखि निर्माणकार्यलाई निरन्तरता दिएको नगरपालिकाको भनाइ छ । विद्यालयको पुराना भवनलाई रेट्रोफिटिङ्ग गरि भुकम्प प्रतिरोधि बनाइएको छ ।














नगरका विद्यालयहरुमा ८ वटा विज्ञान प्रयोगशाला, ५ वटा पुस्तकालय, ४ वटा आईसिटी ल्याव निर्माण गरिएका छन्। पालिकाले ९ वटा विद्यालयहरुमा रङरोगन लगाएर विद्यालय चिटिक्क पारेको छ। बालबिकास केन्द्रदेखि कक्षा ३ सम्मका सबै कक्षाकोठाहरुलाई बालमैत्री कक्षाकोठाको रुपमा व्यवस्थापन गरिसकेको छ। स्वच्छ पिउने पानीको लागि सबै विद्यालयहरुमा आधुनिक फ्रिज सहितको फिल्टर जडान गरेको छ। सम्पूर्ण विद्यालयहरुलाई हालसम्म ३०० सेट डेस्क वेन्च उपलब्ध गराईनु साथै वार्षिक रुपमा रग्रोगन कार्यको लागि बजेटको व्यवस्था गरिएको छ।

पालिकाका अनद्रसार वडा नं. १ मा रहेको सैनामैना मा.वि. विद्यार्थीको चापअनद्रसार कक्षाकोठा नभएको र पद्रराना भवनहरु जीर्ण भएकोले ६ कोठे भवन निर्माण सम्पन्न भएको छ। यस आ.व. मा थप ८ कोठे भवन निर्माणको डिपिआर सम्पन्न भई ठेक्का प्रक्रिमा गएको छ। वडा नं.१० स्थित पशद्रपति माविमा ४ कोठे भवन निर्माण सम्पन्न भएको छ।

रामापुर माविमा ४ कोठे भवन निर्माण सम्पन्न भएको छ र पद्रानो ६ कोठे भवन एवं सैनामैना ७ मा अवस्थित सरस्वती माविको पुरानो ३ कोठे पूरा भएको छ। यस क्षेत्रकै पद्रानो शैक्षिक संस्थाको रुपमा रहेको पर्रोहा माविको पुराना भवनहरु निकै जीर्ण अवस्थामा रहेकाले हाल १६ कोठा भवन निर्माण सम्पन्न भएको र १८ कोठा भवन निर्माणधीन रहेको छ। सैनामैना-५ स्थित पश्चिम पर्रोहा मावि ४ कोठे भवन निर्माणधीन रहेको छ। मलमला माविमा ४ कोठे भवन निर्माण सम्पन्न भएको छ। कोटियादेवि माविमा २ कोठे भवन निर्माण सम्पन्न भएको र ८ कोठे भवन निर्माणाधीन रहेको छ। जनज्योति आधारभूत

विद्यालयमा ३ कोठे भवन निर्माण सम्पन्न भएको छ । कालिका आधारभूत विद्यालयमा एक हल निर्माण सम्पन्न भएको छ । महेरहवा देवि आधारभूत विद्यालयमा अधूरो भवनको निर्माणले निरन्तरता पाएको छ । सालझण्डी माविमा कम्पाउन्ड वाल बनाइएको छ। पालिकामा सैनामैना पश्चिम पर्रोहा मावि संघीय सरकार र रामापुर मावि प्रदेश सरकारको नमूना विद्यालयमा छनौट भइ त्यसको पूर्वाधार विकास भैरहेको छ ।

## २) शिक्षकमा प्रविधि सीप हस्तान्तरणः

नगरपालिकाले शिक्षण सिकाइ प्रभावकारी बनाउनका लागि यस अघि शिक्षकहरुलाई आईसिटि तालिम दिई सकेको छ । नगरपालिकाभरिका बालविकासदेखि माध्यमिक तहको कक्षा १२ सम्मका शिक्षकलाई आईसिटि तालिमको व्यवस्था गरेको हो । प्रविधिसँग नजिक गराई शिक्षकलाई प्रविधि मार्फत शिक्षण क्रियाकलाप गर्न सक्ने बनाउने उद्देश्यले आईसिटि तालिमको योजना गरेको नगरपालिकाको भनाई छ ।



नगरपालिकाले तीन चरणको योजना बनाई शिक्षक तालिमको व्यवस्था गरेको हो। पहिलो वर्ष नगरपालिकाले शिक्षकलाई तालिम १ हप्ताको आधारभूत कम्प्यूटर तालिम दिएको थियो । त्यसपछि नगरपालिकाले दैनिक ६० घण्टे अर्थात १ महिने तालिम दिइसकेको छ । चालु वर्षमा पनि नगरपालिकाले ६० घण्टे तालिम योजनामा राखेको छ । नगरपालिकामा दरबन्दीका शिक्षकको संख्या २५० छ भने नीजि स्रोतका शिक्षक समेत गरेर ३४० जना शिक्षक रहेका छन् ।

## ३) आइसिटीको प्रयोग कक्षाकोठासम्मः

सैनामैना नगरपालिकाले सामुदायिक विद्यालयका १६० जना शिक्षकलाई ल्यापटप वितरण गरेको छ। नगर भित्र रहेका १७ वटै सामुदायिक विद्यालयका शिक्षकहरुलाई एक/एक थान ल्यापटप वितरण गरिएको

नगरपालिकाले जनाएको छ । सैनामैनाको शैक्षिक गुणस्तर सुधारका लागि चालु आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रममा नगर प्रमुख चित्रबहादुर कार्कीले सामुदायिक विद्यालयमा 'एक शिक्षक एक ल्यापटप' वितरण गरिने घोषणा गर्नुभएको थियो । सोही प्रतिवद्धता अनुसार शिक्षकलाई ल्यापटप उपलब्ध गराइएको सैनामैना नगर प्रमुख कार्कीले बताउनुभयो । उहाँले प्रविधीमैत्री बनाई सिकाइ क्रियाकलाप गर्दा समय सापेक्ष र विद्यार्थीलाई सिक्न सजिलो हुने देखिएकाले यसतर्फ नगरपालिकाले जोड दिएको बताउनुभयो ।



उहाँले आफूहरु निर्वाचित भैसकेपछि विद्यालयहरुमा कम्प्युटर, प्रोजेक्टर, ल्यावका सामग्री वितरण गरेको र विद्यालयको भौतिक निर्माणमा बिशेष ध्यान दिएको बताउनुभयो । नगरको शैक्षिक विकासमा नगरपालिकाले आवश्यक सहयोग गर्ने सैनामैना नगरपालिका प्रमुख प्रशासकीय अधिकृत भिमप्रसाद तिवारीले बताउनुभयो । शिक्षक र कक्षाकोठालाई प्रविधि मैत्री बनाउने कामले सकारात्मक परिवर्तन देखाउन थालेको उहाँले बताउनुभयो । अधिकृत तिवारीले नगरपालिकाले शिक्षा बजेटमा प्राथमिकता दिदै आएको र यसलाई निरन्तरता दिने बताउनुभयो ।

## ४) प्रविधि सामग्रीमा सहयोग र सहकार्यः

पालिकाले प्रविधिमा आधारित अपनत्व सहितको गुणस्तरीय शिक्षा, सैनामैनाको प्रतिबद्धता भन्ने नारालाई साकार पार्न विद्यालयलाई सूचना प्रविधियुक्त वनाउने कार्य गरिरहेको छ । जस अन्तरगत विद्यालयलाई ल्यापटप, प्रोजेक्टर, कम्प्युटर, प्रिन्टर लगायतका सामग्रीहरु उपलब्ध गराइएको छ ।

सैनामैना नगरपालिकाको ७५ प्रतिशत र शिक्षकहरुको २५ प्रतिशत लागत सहभागितामा एक करोड २० लाख ९५ हजार ५ सय २० रुपियाँमा १६० थान ल्यापटप वितरण गरिएको शिक्षा शाखा प्रमुख हेमराज

अर्यालले जानकारी दिनुभयो। उहाँका अनुसार चालु शैक्षिक शत्रमा पर्रोहा माविका १५ जना, रामापुर मावि १५, पशुपति मावि १५, सैनामैना मावि २१, दुर्गा भवानी मा.वि. ८, जनकल्याण मावि१२, कोटीयादेवि मावि १०, मलमला मावि ८, सरस्वती मावि ९, साल्झण्डी मावि ११, पश्चिम पर्रोहा माविका ४ जनालाई ल्यापटप वितरण गरिएको छ। त्यस्तै, जनज्योति आधारभुत विद्यालय परसावलका ४, महेरवा आधारभुत विद्यालय २, जनचेतना मा.वि. ८, राष्ट्रिय मावि ९,जनज्योति आधारभुत विद्यालय साल्झिण्डी ६, कालिका आधारमूत विद्यालयका ३ जना शिक्षकलाई ल्याप्टप वितरण गरिएको छ।






अहिलेसम्मको संख्यात्मक रुपमा हेर्दा विद्यालयमा २७८ वटा कम्प्युटर, १४८ ल्यापटप, ३० प्रिन्टर तथा ८७ वटा प्रोजक्टर प्रयोगमा रहेका छन्। चालु आर्थिक वर्षका लागि २३० वटा ल्यापटप र २४ वटा प्रोजेक्टर लागत साझेदारीमा वितरणको व्यवस्था मिलाईएको छ। यी सामग्रीहरुलाई शिक्षण सिकाइमा प्रयोग गर्न शिक्षकको क्षमता विकासको लागि सबै शिक्षकहरुलाई कम्प्युटर र कक्षाकोठाहरु प्रविधि मैत्री बनाउनमा जोड दिइएको छ। जनकल्याण माध्यमिक विद्यालयका प्रधानाध्यापक अर्जुनप्रसाद पोखरेलले नगरपालिकाको एक शिक्षक एक ल्यापटप, शिक्षकलाई प्रविधी सीपको तालिम र प्रधानाध्यापक तथा शिक्षक प्रोत्साहन कार्यक्रम उदाहरणीय भएको प्रतिक्रिया दिनुभयो। अबको क्रममा नगरपालिकाले कक्षाकोठाको फर्निचर व्यवस्थापन र कक्षा कोठा कम भएका विद्यालयतर्फ कार्यक्रम केन्द्रित गर्नुपर्ने उहाँको सुझाव छ ।

## ५) विज्ञान, कानून, प्राविधिक शिक्षा र पढाई छाडेका आमाहरुलाई पनि अवसरः

शैक्षिक सत्र २०७८ देखि पालिकाभित्रका विद्यालयमा कक्षा ११ मा विज्ञान विषयको पठनपाठन शुरु गरिएको हो। बुटवल पश्चिम तर्फका बालबालिकाहरु विज्ञान विषय अध्ययनको लागि अन्यत्र जानुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य भएको सैनामैना माविका प्रअ नेत्रलाल पुरीले बताउनुभयो। त्यसैगरी कानून विषयको पठनपाठन पनि पालिका भित्र व्यवस्थापन गरिएको छ। जनकल्याण माध्यमिक विद्यालयले कानून बिषयको पठनपाठन शुरु गरेको हो।

यस्तै कक्षा १० पूरा गरेका र प्राविधिक सीप सिकेर स्वरोजगार हुन चाहने युवाहरुलाई नगरपालिकाको १ करोड ८ लाख ५५ हजार बराबरको छात्रवृत्तिमा १८ महिने प्राविधिक तालिम दिइएको छ। कोरिया नेपाल प्राविधिक शिक्षालयको सहकार्यमा नगरपालिकाले प्राविधिक सीप दिएको हो। यसबाट १६७ जना यूवा लाभान्वित भएका छन्।

त्यसैगरी आफ्नो पढाइ पूरा गर्न नसकेका वा बीचैमा विद्यालय छाड्न बाध्य भएका महिला (आमाहरु) लाई लक्षित गरि महिला विद्यालय संचालनमा ल्याइएको छ । शैक्षिक शत्र २०७८ देखि महिला विद्यालय शुरु गरिएको हो ।

## ६) शिक्षक दरबन्दी मिलानः

नगरपालिकाले नगर भित्रका रहेका विद्यालयको विद्यार्थी शिक्षक अनुपात हेरी दरबन्दी मिलान गरेको छ । पालिकाभित्र रहेका विद्यालयको तहगत विद्यार्थी संख्या यकीन गरेपछि नगरपालिकाले दरबन्दी मिलान गरेको हो। त्यसरी दरवन्दी मिलान गर्दा प्राथमिक तहका शिक्षकहरुलाई विद्यालयको विद्यार्थी संख्या अनुसार पालिका भित्र सरुवा गरिएको थियो। न्यून तलबमा काम गर्न बाध्य भएका विद्यालयका कर्मचारीहरुको तलब भत्तामा थप गरी न्यूनतम पारिश्रमिक मासिक १५ हजार पुऱ्याइएको छ ।

## ७) सामुदायिक विद्यालयमा अभिभावकको आकर्षणः

नगरपालिकाले अभिभावकलाई सचेतना जगाउने उद्देश्यले अभिभावक अभिमुखीकरण कार्यक्रम संचालन गरिरहेको छ । अभिमुखीकरण कार्यक्रममा अभिभावक, शिक्षक र विद्यालय व्यवस्थापन समितिको कसको भूमिका के हुन्छ भन्ने बिषयमा छलफल र पृष्ठपोषण लिने गरिएको छ । नगरपालिकाका विद्यालयगत रुपमा आयोजना हुने कार्यक्रममा जिल्लामा रहेका राम्रा अभ्यास गरिरहेका विद्यालयका अनुभवी र रोडमोडल प्रधानाध्यापकलाई उपस्थित गराई उनीहरुले अनुभव बताउनुभयो ने काम समेत गरिएको सहजकर्ता विष्णु पोखरेलले जानकारी दिनुभयो। उहाँका अनुसार अभिभावक अभिमुखीकरण कार्यक्रमले अभिभावकमा हाम्रो पनि भूमिका रहने रहेछ भन्ने ज्ञान बढेको छ । त्यसैगरी अभिभावक विद्यालयमा किन जाने ? गएर के गर्ने ? कस्लाई भेट्ने भन्ने बिषयमा स्पष्ट हुने गरेको छ। यसले गर्दा विद्यालयको गतिविधीमा सहयोग पुग्ने गरेको अनुभव सुनाउनुभयो। अभिभावकहरुको चाहनाअनुसार सबै विद्यालयहरुले अंग्रेजी माध्यमबाट पठनपाठन शुरु गरेका छन्। पालिकामा रहेका ७ वटा विद्यालयहरुमा बालबालिकाहरुको लागि बसको व्यवस्था मिलाइएको छ। सबै सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड उपलब्ध गराइएको छ। नर्सरीदेखि कक्षा ५ सम्म अध्यानरत सबै वालवालिकालाई दिवाखाजा खाने व्यवस्था गरिएको छ।






मलमलादेवी माविको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जीवनाथ पाण्डेले नगरपालिकाले शिक्षा प्रति दिएको ध्यानले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नमा सहयोग पुगेको बताउनुभयो । उहाँले शैक्षिक सुधारका संकेतले सामुदायिक विद्यालयमा अभिभावकको चासो बढेर गएको बताउनुभयो । जसवाट सामुदायिक विद्यालयमा वालवालिकाहरु प्रत्येक बर्ष करिब एक हजारका दरले बृद्धि भइरहेका छन् । २०७५ सालमा सामुदायिक विद्यालयमा ८ हजार ६ सय ८३ विद्यार्थी थिए भने २०७८ सालमा १० हजार ९ सय २२ विद्यार्थी अध्ययनरत छन् । यसबाट सामुदायिक विद्यालयमा २ हजार २ सय ३९ जना विद्यार्थी बृद्धि भएको देखिन्छ ।

## ८) पालिकास्तरीय खेल सप्ताहः

सबै सामुदायिक विद्यालयका छात्रा छात्र सहभागी हुने गरी प्रत्येक बर्ष खेल सप्ताह सन्चालन गरिएको छ । यसबाट विद्यालयमा रहेका खेलकुदका बाल प्रतिभाहरुको पहिचान गर्नका लागि सहयोग पुग्ने गरेको छ । विभिन्न जिल्लाका क्लबहरु सहभागी हुन पाउने गरी मेयर कप फुटबल संचालन गरिँदै आएको छ । विद्यालयलाई करिब ५० लाख बराबरको खेल सामग्री तथा विपन्न बालबालिकालाई न्यानो कपडा वितरण गरिएको छ ।

## निचोडः

सैनामैना नगरपालिकाभित्र अहिले सामुदायिक र संस्थागत विद्यालयमा गरी १०,९२२ विद्यार्थी अध्ययनरत छन् । विद्यालय तहमा अध्ययनरत केही बालबालिकाहरु अहिले पनि सैनामैनाबाट बुटवलतर्फका विद्यालयमा आउने गरेका छन् । अर्कोतर्फ सैनामैना रुपन्देहीको तीब्र शहरीकरण भएको क्षेत्र हो । तसर्थ नगरभित्र रहेका बालबालिकालाई नगरभित्रकै विद्यालयमा अध्ययन गर्ने बनाउन, सामुदायिक विद्यालयतर्फ बढेको आकर्षणलाई कायम राख्न र नयाँ थपिने जनसंख्याभित्रका बालबालिकालाई शिक्षा दिने गरी सैनामैना नगरपालिकाले शिक्षाको योजना बनाउन आवश्यक देखिन्छ । त्यसैगरी नगरको पहलमा प्राविधिक र व्यावशायिक धारको शिक्षाका कार्यक्रम संचालन गर्न पनि नगरपालिका अगाडि बढ्नुपर्ने आवश्यकता छ ।





पाँच वर्षको अवधिमा सैनामैना नगरपालिकाभित्र भएको शिक्षाका अभ्यासहरु अरु पालिकाका लागि सिक्न लायक छन् । शिक्षकलाई प्रविधिमैत्री बनाउँदै अभिभावकसम्म पुग्ने सैनामैनाको तरिकाले सकारात्मक नतिजा देखाउन शुरु गरेको छ । नगरपालिकाको बजेटले मात्र होइन बाहिरी स्रोत व्यवस्थापन गरी विद्यालय शिक्षाको आवश्यकता परिपूर्तितर्फ अघि बढ्नुले पनि शिक्षाको अभ्यासमा थप मद्दत पुगेको हो । वर्तमान अवस्थामा विद्यालयको भौतिक पूर्वाधारलाई सम्बोधन गर्दै आगामी दिनको आवश्यकतालाई समेत आंकलन गर्नु सैनामैनाको अर्को दुरदर्शिता देखिन्छ ।(मल्ल शिक्षा पत्रकार समूहका केन्द्रीय अध्यक्ष हुनुहुन्छ ।)









# सडक सञ्जाल विस्तार र व्यवस्थित गर्दै सैनामैना





नरेश चौधरी

केही समय अघि सैनामैनाका कतिपय टोलमा पुग्न सहज सडकको प्रबन्ध थिएन। खोलामा पुल थिएनन् भने धेरै टोलमा सहज यातायातको प्रबन्ध पनि थिएन। तर, जब सैनामैनामा जनप्रतिनिधि निर्वाचित भए त्यसपछि सैनामैनाको कायापलट सुरु भयो। दिगो विकास लक्ष्यका साथ योजना तय गरिए र भूउपयोग गुरुयोजना बनाएर व्यवस्थित सहर निर्माणको काम अगाडि बढ्यो।

सडक पहुँच नपुगेका ठाउँमा अहिले फराकिला र व्यवस्थित सडक निर्माण भएका छन् भने मुलुककै लामो चक्रपथ पनि यहीं सैनामैनाले निर्माण गरिरहेको छ। सडक पूर्वाधारमा गरिएको लगानीलाई सैनामैनाको समृद्धिसंग जोडेर हेरिएको छ। नगरले व्यवस्थित सडक बनायो अब व्यवस्थित सडक सञ्जालले व्यवस्थित सैनामैना बनाउन योगदान गर्नेछ। प्रष्ट भिजन, दिगो विकासको प्रष्ट खाका र योजनाबद्ध विकासका काममा समर्पित रहेको दृष्टान्त प्रमुख चित्रबहादुर कार्कीले प्रस्तुत गर्नुभएको यहाँका कामबाट देख्न सकिन्छ। नगर यातायात गुरुयोजना निर्माण गरेर सडक सञ्जाललाई व्यवस्थित गरिएको छ।

अहिले नगरपालिकाले नगरका सबै टोलहरुलाई सडक सञ्जालसंग जोडेको छ। जनप्रतिनिधिहरु निर्वाचित भैसकेपछि नगरपालिकाले सडक निर्माण प्रकृयालाई तीव्रताका साथ अगाडि बढाएको हो। आर्थिक वर्ष २०७३/०७४ मा १० किलोमिटर पक्की सडक रहेकोमा नगरपालिकाले यस पाँच वर्षको अवधिमा चक्रपथ समेत गरि १०० किलोमिटर भन्दा धेरै सडक कालोपत्रे गरिएको छ। सडक विस्तार र स्तरोन्नतिमा यो मुलुकमै नमुना र व्यवस्थित काम हो। सैनामैनामा अगाडि बढाइएको सडक पूर्वाधारका काम यसक्षेत्रका पालिकाहरुका लागि पनि अनुकरणीय मानिएका छन्।

पहिल्यै तयार भएको नगर यतायात गुरुयोजनालाई परिमार्जन गरि थप व्यवस्थित गरिएको छ। नगर यातायात गुरुयोजना परिमार्जित गरि आधुनिक र व्यवस्थित बनाएको छ। नगरपालिका भित्रका सडकहरुलाई गुरुयोजना अनुसार वार्गिकरण गर्दै प्राथमिकीकरण गरिएको छ। पहिल्यै निर्माण भएका सडकलाई गुरुयोजना अनुसार ढालिएको छ र अधिकांश सडकलाई स्तरोन्नति गरिएको छ। सडकको मर्मत सम्भार र स्तरोन्नतीमा

जोड दिइएको छ । नगरका सडकलाई स्तरोन्नती गर्ने तथा नालीसहितका व्यवस्थित सडक निर्माण गर्ने काम यहाँको प्राथमिकतामा परेको छ ।

हालसम्म पक्की सडक ११० कि.मी. स्तरोन्नत १२५ कि.मी. सडक निर्माण भएका छ । नगरपालिकामा हालसम्म करिब १० हजार मिटरभन्दा धेरै पक्की नाली निर्माण गरिएको छ । ५३ वटा स्थानमा मोटरेवल पुल तथा कल्भर्ट निर्माणको काम भएको छ । झण्डै एक हजार भन्दा धेरै ह्युम पाईप विछ्याईको छ । बाटो भत्किने तथा पहिरो रोकथाम गर्न करिब पाँच सय मिटर बराबरको रिटेनिङ्ग वाल निर्माण गरिएको छ ।





## लुम्बिनी जोड्ने लिंक रोड निर्माण

बुद्धकालीन सभ्यताको सैनामैनालाई लुम्बिनी, विमानस्थल, अन्तर्राष्ट्रिय नाका कक्रहवा र उत्तरको नाका कोरोला जोड्ने सालझण्डी-ढोरपाटन सडकको संगम विन्दु मानिन्छ । सैनामैनाका सबै वडालाई लुम्बिनीसंग लिंक गर्नेगरी सडक सञ्जाल विस्तार गरिएको छ ।

सडक निर्माण र विस्तारमा पनि परम्परागत रुपमा गरिएको प्रिमिक्स प्रविधिलाई परिमार्जन गर्दै क्रमश: आधुनिक अस्फाल्ट प्रविधिबाट कालोपत्रे गरिएको छ । यसले सडकको दिगोपना एवं गुणस्तरीयता बढाउने छ । दिईएको छ । सडक निर्माणका लागि आधुनिक मापदण्ड निर्धारण गरि सडकको निर्माण, विस्तार तथा मर्मत सम्भार गरिएको छ ।

एक सय पचास करोड लगानीमा सैनामैना नगरपालिकाको गौरवका रुपमा रहेको नेपालकै लामो ५७ किलोमिटर बराबरको सैनामैना चक्रपथको निर्माणकार्य तीब्र भइरहेको छ । हिंजो सडक सञ्जाल नपुगेका, सहज यातायातको पहुँच नभएका विभिन्न टोललाई सुगममा परिणत गर्नेगरी चक्रपथ निर्माण र स्तरोन्नति गरिएको छ । दानव, घमाहा, ईंगुरिया, वनरहवा र कञ्चनलगायतका नदिहरुमा पुल निर्माण गरिएको छ भने थप पुलको निर्माण भइरहेको छ ।सैनामैनाको चक्रपथका लागि प्रदेशिक डिविजन मार्फत कार्यान्वयन भैइरहेको छ ।

चक्रपथको हालसम्म ४६ किलोमिटर भन्दा बढी सडक निर्माण कार्य सम्पन्न भैसकेको छ। साविक पर्रोहा, दुधरक्ष र सालझण्डी गा.वि.स. गाभिएर बनेको नगरपालिकाका सबै टोललाई सहज यातायातको पहुँच विस्तारका लागि चक्रपथ निर्माण गरिएको हो। सविक गा.वि.सहरु पर्रोहा र दुधराक्ष ४१ किलामिटर र पछि साल्झण्डी सैनामैना नगरपालिकामा गभिए पछि १६ किलोमिटर चक्रपथमा थपिएको छ।



चक्पथ तीन खण्डमा निर्माण भैरहेको छ। पहिलो  र दोस्रो खण्ड गरि ४१ किलोमिटर चक्पथ निर्माण कार्य सम्पन्न भैसकेको छ। चक्पथमा पर्ने तीनवटा पुलको निर्माण कार्य सम्पन्न भैसकेका छन् भने चारवटा पुल निर्माणाधीन अवस्थामा रहेका छन्। तेस्रो खण्डमा पर्ने १३ किलोमिटर चक्पथको ट्र्याक खोलिएको छ। यस खण्ड र चक्रपथमा पर्ने तीनवटा पुलको निर्माणका लागि नगरपालिकाले एडीबीसंग प्रस्ताव गरेको छ। संघीय, प्रदेश र स्थानीय सरकारको एक सय पचास करोड बढी लागतमा बन्न लागेको यो चक्रपथ निर्माणकार्य सम्पन्न पश्चात नगरका सबै वडा तथा बस्तिहरुलाई जोड्ने छ र मुलुककै नमुना चक्रपथ बन्नेछ।

लुम्बिनी र ऐतिहासिक बौद्धकालिन सभ्यता तथा धार्मिक क्षेत्रहरुलाई यस चक्पथले जोड्ने छ।  चक्पथ निर्माणले यस क्षेत्रको धार्मिक तथा पर्यटकीय स्थलको विकास, कृषि उपजको सहज बजारीकरण र सहज यातायातमा टेवा पुग्ने छ। चक्पथले नगरका भित्री बस्तीहरुलाई विकासको मुल प्रबहमा ल्याउने तथा नगरको समृद्धिका लागि महात्वपूर्ण भूमिका खेल्ने सैनामैनाका युवा अभियन्ता यमलाल खरेलको प्रतिक्रिया छ। उहाँले सैनामैनामा जनप्रतिनिधि निर्वाचित भएपछि योजनाबद्ध र दिगो विकासको पहल भएको बताउनुभयो।








## मेजर रोडको मर्मत र विस्तार

सैनामैनाको अर्को आन्तरिक वाइपास सडकका रुपमा रहेको मेजर रोडलाई यहाँको महत्वपूर्ण सडक मानिन्छ। मेजर रोडको मर्मत तथा विस्तार गरिएको छ। मेजर रोडलाई स्तरोन्नति गर्दै असफल्ट प्रविधिबाट कालोपत्रे गरिएको छ र कतिपय ठाउँमा स्तरोन्नत गरिएको छ। कालोपत्रे गर्न बाँकी रहेको ६ कि.मी. सडकको कालोपत्रे गर्ने काम सुरु भएको छ। सडकमा पर्ने विभिन्न नदीमा तीनवटा पुल निर्माणको प्रक्रिया अगाडि बढाइएको छ। यसका लागि विश्व बैंकसंग सहकार्य गरिने भएको छ।

२०२३ सालमा निर्माण सुरु गरिएको सडकले अहिले बल्ल मुहार फेर्दैछ। यातायातको पहुँचमा पुर्‍याउन तथा पहिलेको समयमा हुने लुटपाटका घटनाबाट जोगाउन (घोंडाको प्रयोग गरि डाँकाहरु लखेट्न) र माल सामान ढुवानी गर्नका लागि यो सडकको निर्माण गरिएको बताईन्छ। सैनामैनाको सालझण्डीदेखि बुटवलसम्म जोड्नेगरी यो सडक निर्माण गरिएको थियो। सैनामैनामा बौरह खोलादेखि साल्झण्डीसम्म ११ किलोमिटर लम्बाईको यो सडकलाई सैनामैनाको आन्तरिक वाइपासको महत्वपूर्ण सडक मानिएको छ।

भूपै सैनिक मेजर स्व.नरबहादुर थापा सेनाबाट अवकाश पाएपछि उहाँको अगुवाईमा थारु समुदायका व्यक्तिहरुको श्रमदानबाट यो सडकको निर्माण सुरु गरिएको बताइन्छ। त्यसबेला यहीं सडक नै मुल सडक मानिन्थ्यो। पूर्व-पश्चिम राजमार्ग बन्नु अघि नै यहाँ यो मेजर रोड निर्माण गरिएको थियो। पछि पूर्व-पश्चिम राजमार्ग बनेपछि यो रोड ओझेलमा परेको थियो। पछि बस्तीको विकास र ट्राफिक चाँप बढ्दै गएपछि यो आन्तरिक वाइपासकाके सडकका रुपमा विकास गरिएको छ। बसाईसराई पछि शहरीकरण पनि तीब्र भएपछि आन्तरिक सडकको विस्तार अपरिहार्य जस्तै बनेको छ। सैनामैना ग्रामीण सहरका रुपमा तीब्र विकसित भएसंगै बैकल्पिक सहायक मार्गका रुपमा यसलाई विस्तार र स्तरोन्नति गरिएको छ।

## ठाउँठाउँमा पुल निर्माण, यातायातले जोडिए सबै बस्ती

नगरपालिकाका सबै बस्तीलाई यतायात सञ्जालमा जोड्ने गरी निर्माण भएका सडकका विभिन्न ठाउँमा पुल निर्माण गरिएको छ। बरौली, कञ्चन, ईंगुरिया, सुखौरा, कर्साघाट, दानव, घमाहा र वनरहवा नदीमा पुल निर्माण गरिएको छ। यी पुलले नगरका कैयौं टोल र बस्तीलाई सहज यातायतको पहुँचमा जोड्ने छन्।

## सैनामैनामा रहेका मुख्य र बाइपासका सडक

सैनामैना नगरपालिका लुम्बिनी, कक्रहवा अन्तर्राष्ट्रिय नाका हुँदै उत्तरको कोरोला नाकासम्म पुग्ने सडकको मुख्य संगमका रुपमा सैनामैना रहेको छ। सैनामैनाले लुम्बिनी र कोरोला नाकालाई जोड्ने छ। सैनामैनाको सालझण्डीमा यो मुख्य मार्गको स्टेशन निर्माण गर्ने प्रक्रिया अगाडि बढाइएको छ। सैनामैनालाई जोड्ने र यातायातको पहुँचमा विस्तार गर्ने कही सडक र सडकखण्ड निम्न अनुसार रहेका छन् :

पूर्व-पश्चिम राजमार्गको बमहा-कोठी नदी सडकखण्ड १४ कि.मी

सैनामैना चक्रपथ ५७ कि.मी.

मुर्गिया-लुम्बिनी सहायक राजमार्ग ६ कि.मी.

कलौनी लुम्बिनी सहायक राजमार्ग ६ कि.मी.

उत्तर-दक्षिण जोड्ने साल्झण्डी-ढोरपाटन सडक ५ कि.मी. र मुख्य संगम स्थल

नगरका सडकहरुलाई विभिन्न मापदण्ड निर्धारण गरि निर्माण, विस्तार तथा मर्मत सम्भर गरिएको छ। जनप्रतिनिधिहरु निर्वाचित भए पछि ५ वर्षको अवाधिमा निम्न अनुसार सडक निर्माण विस्तार तथा मर्मत सम्भार गरिएको छ।





# सैनामैनामाले स्वास्थ्य क्षेत्रमा मारेको फड्को



**चन्द्रकान्त खनाल**

सैनामैना। नयाँ संविधान जारी भएसंगै स्थानीय सरकारका रुपमा जनप्रतिनिधि निर्वाचित भएपछि योजनाबद्ध र दिगो विकासका काम भएका छन् । यसको एउटा सफल अभ्यासका रुपमा स्वास्थ्य क्षेत्र रहेको छ। आधारभूत स्वास्थ्यलाई संविधानको मौलिक हकमा राखिएसंगै त्यसलाई कार्यान्वयन गर्न र व्यवहारिक बनाउन सैनामैनाले महत्वपूर्ण कार्यहरु गरेको छ।

सुरुमा नाममात्रमा रहेका स्वास्थ्य संस्थाहरु अहिले सुबिधासम्पन्न भएका छन र प्रयोगशालासहित दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गरिएका छन् । योग, आयुर्वेदको समेत यहींबाट विस्तार भएको छ भने, आधारभूत स्वास्थ्य संस्थाका रुपमा भविष्यमा सय बेड भन्दा धेरैको अस्पतालका रुपमा विस्तार गर्न मिल्नेगरी १५ बेडको अस्पताल निर्माण भइरहेको छ । सरकारी स्वास्थ्य चौकीहरूप्रति सेवाग्राहीको विश्वास समेत बढेको छ । सैनामैना १ स्थित पदमपाणी योग तथा प्राकृतिक चिकित्सालय पनि यहीं सैनामैनामा सञ्चालनमा छ । प्राकृतिक चिकित्सा पद्धतिबाट यहाँ प्रभावकारी उपचार हुँदैआएको छ । कोभिड १९ संक्रमणका बेला यहाँ अस्थायी अस्पताल पनि सञ्चालनमा ल्याएर सयौंको उपचार गरिएको थियो ।



## धमाधम बन्दैछ अस्पताल, तयार भयो सर्पदंश अस्पताल

सैनामैनामै १५ शैयाको अस्पताल निर्माण भइरहेको । हाल १५ शैयाका रुपमा निर्माण भइरहेको अस्पताल भविष्यमा सय शैया भन्दा धेरैको बनाउन सकिने गरी संरचना निर्माण गरिँदैछ। सैनामैना-१० सालझण्डीमा सर्पदंश प्राथमिक उपचार केन्द्र सञ्चालन भएको छ । ११ वटै वडामा आधारभूत स्वास्थ्य चौकी पनि स्थापना भएका छन । नगरमा २४ सै घण्टा बर्थिङ सेन्टर, १० वटा गाउँ घर क्लिनिक र १० वटा नै खोप केन्द्रबाट नियमित सेवा प्रवाह भइरहेको छ ।

## महामारीको रोकथाम, उपचार र खोपको प्रबन्ध

कोभिड-१९ को महामारी नियन्त्रण, रोकथाम, उपचार र जनचेतनामा प्रभावकारी काम गरिएको छ । कोभिडको समयमा क्वारेन्टिन, आइसोलेशन, कोरोना विशेष अस्पताल निर्माण गर्नुका साथै सबैको निशुल्क परीक्षण गरिएको थियो । यस्तै सबैका लागि खोप सुनिश्चित गरि १२ वर्षमाथिका सबै नागरिकले कोभिड विरुद्धको दुबै मात्रा खोप लगाएर सैनामैना नगरपालिकाका पूर्ण खोप सुनिश्चिततायुक्त नेपालकै पहिलो स्थानीय भएको छ। १२ वर्षमाथिका ७१ हजार ५ सय १० जनसंख्या रहेको नगरपालिकामा लक्षित उमेर समूहका सबैले कोभिडविरुद्धको दुबै मात्रा खोप लाएपछि नगरलाई पूर्ण खोप सुनिश्चिततायुक्त नगर घोषणा गरिएको हो । नगरभित्रका करिब ७० हजारले पूर्ण खोप लगाएका छन् ।




सैनामैना नगरपालिका स्वास्थ्य संयोजक हेमराज पन्थीका अनुसार आर्थिक वर्ष २०७४/०७५ मा २९ हजार ९ सय ६ जनाले सेवा लिएकोमा जनप्रतिनिधि आएपछि स्वास्थ्य संस्थामा सेवा सुधार गरी सेवा लिनेको संख्या दोब्बर बृद्धि भएको छ। आव ०७६ /७७ मा ४६ हजार २ सय ५८ जनाले उपचार सेवा लिएकोमा वर्ष ०७७ /७८ मा करिब ५५ हजारले सेवा लिएका छन् ।




क्लौनी स्थित दुधराक्ष स्वास्थ्य चौकी रहेको स्थानमा नेपाल सरकार मार्फत स्वास्थ्य केन्द्र भवन र लुम्बिनी रण अम्बिका आँखा अस्पतालको सहयोगमा आँखा उपचार केन्द्र स्थापनाको लागि पूर्वाधार निर्माणको काम पनि सुरु भएको छ । मुर्गियामा रहेको पर्रोहा स्वास्थ्य चौकीमा पनि आँखा उपचार केन्द्र सञ्चालनमा रहेको छ ।







## अस्पतालजन्य उपकरणमा सहकार्य

सैनामैनाले सञ्चालन गरेको स्वास्थ्य संस्था विस्तार र उपकरणयुक्त बनाउने अभियानमा यहाँका निजी क्षेत्र, सामाजिक संघ संस्था, नागरिक अगुवा र सामाजसेवीले सहकार्य गरेका छन् । विभिन्न व्यक्तित्व र संघसंस्थाबाट अस्पतालका लागि आवश्यक पर्ने मोनिटरयुक्त बेड, अक्सिजनयुक्त बेड र आइसोलेसन बेड विस्तारमा सहकार्य गरेका छन् । सैनामैनामा नगरमा दक्ष र तालिमप्राप्त गरी कूल ४८ जना स्वास्थ्यकर्मीले सेवा दिइरहेका छन् । जनप्रतिनिधि आएपछि स्वास्थ्यमा राम्रो भएको स्थानीय नागरिक अगुवा असोक भुसालले बताउनुभयो ।





## सैनामैनामा उपलब्ध स्वास्थ्य सेवाहरू

क) सैनामैना १० सालझण्डीमा सर्पदंश प्राथमिक उपचार केन्द्र

ख) तीनवटा प्रयोगशाला (ल्याब) सहितका स्वास्थ्य चौकी

ग) २४ सै घण्टा बर्थिङ सेन्टर संचालन

घ) १० वटै वडामा आधारभूत स्वास्थ्य चौकी सञ्चालन

ङ) १३ वटा गाउँघर क्लिनकबाट खोप तथा स्वास्थ्य सेवा प्रवाह

च) १३ वटा खोप केन्द्रहरुबाट नियमित रुपमा सेवा प्रवाह

छ) आमा सुरक्षा कार्यक्रम

ज) आँखा उपचार केन्द्र संचालनमा

झ) निशुल्क र सहज एम्बुलेन्स सेवा

ञ) विशेषज्ञ डाक्टर सहित नगरमा ४८ जना स्वास्थ्यकर्मी

ट) बिभिन्न ३८ प्रकारका औषधी नि:शुल्क

ठ) जेष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा

ड) ७१ जना स्वास्थ्य स्वयंसेविका मार्फत समुदायमा सेवाप्रवाह

ढ) सैनामैना आयुर्वेद औषधालय सञ्चालन

ण) ईसिजि सेवा सञ्चालन

त) नेपालमै पालिकाबाट एन्टिरेबिज भ्याक्सिन निशुल्क

थ) बिषेज्ञ डाक्टरसहितको सेवामा स्वास्थ्य शिविर

स्थानीय तहमा जनप्रतिनिधि आएपछि स्वास्थ्यमा सुधार भएका छन । भबन उपकरण औषधी र आबश्यक दरबन्दी अनुसार स्वास्थ्यकर्मी भएपछि स्वास्थ्यमा उल्लेखनीय परिर्वतन आएको स्थानीय युवा अगुवा नारायण भुसालको भनाई छ । उहाँले आधारभूत स्वास्थ्य क्षेत्रमा सैनामैनामा नमुना काम भएको बताउनुभयो ।









# कृषि तथा पशुक्षेत्रमा सैनामैनाले मारेको फड्को





कृष्ण खनाल

सैनामैना । विकासोन्मुख सहरको रुपमा रहेको सैनामैना नगरपालिका आफैमा गौरवपूर्ण इतिहास बोकेको नगर हो । नगरपालिका स्थापना पश्चिात सुरुआती चरणमा नयाँ संरचनाबाट सुरुवात भएको यो स्थानीय तहले ४ बर्षमा कृषि तथा पशुपालन क्षेत्रमा कयौ अनुकरणीय काम गरेको छ । नगरपालिका स्थापना पश्चात आएका जनाप्रतिनिधिहरुले कृषि तथा पशुपाल क्षेत्रमा ठोस रुपमा जनताको आशातित उपलब्धीको रक्षा गरेको  समेत पाईन्छ ।

केही भू-भाग मात्रै सहरी क्षेत्रले ढाकेको भएपनि नगरपालिकाका अधिकांस भूभाग अझै पनि ग्रामिण ईलाकामा पर्दछन् । ति ग्रामिण क्षेत्रका मानिसहरुको आम्दानीको स्रोत भनेको कृषि तथा पशुपालन क्षेत्र नै रहेको छ । यसको अलवा विभिन्न किटपालन तथा प्रांगारिक खेतीमा समेत विशेष जोड दिइएको छ ।

चार वर्षको यस अवधिमा लगभग दुई वर्ष लामो कोरोना महामारीको लहरका कारण विकास निर्माणका लगाएतका कार्यहरु अवरुद्ध भएको सबैलाई विधितै छ।महामारी बिरुद्धको लडाँईलाई उच्च प्राथमिकतामा राखि कोरोना संक्रमणको संभावित जोखिम न्यूनिकरणको लागि आवश्यक सुरक्षा मापदण्ड अपनाउँदै विकास निर्माणका कार्यहरु नगरपालिकाले सूचारु राखेको छ ।

विपदका कारण अनुमानित राजश्व संकलनमा भारी मात्रामा गिरावट आउदा पनि निरन्तर रुपमा विकास निर्माणको काममा नगरपालिकाले विशेष योगदान दिएको छ । सोही अनुसार कृषि तर्फ सैनामैना नगरपालिकामा ले दिगो कृषिलाई अवलम्बन गरी सोही अनुसारको कार्ययोजना निर्माण गरेर लागिरहेको ।

वि.स. २०७४ साल भन्दा अगाडि कृषि प्राविधिक सेवा जिल्लाबाट मात्रै उपलब्ध थियो। किटनासक विषादी, कृषक स्वयंमले खरिद गर्नुपदथ्यो । बीऊ विजन सम्वन्धी सेवामा सम्पुर्ण सिजन अनुसारका वीउ आफैले खरिद गर्नपर्ने, जिल्ला कृषि विकास कार्यालयबाट थोरै मात्रामा उन्नत जातका तरकारीका वीउ/खाद्यान्न वालीको वीउ प्राप्त हुने ईतिहासमा पाईन्छ ।




सैनामैनामा वीउ उत्पादन कार्यक्रममा रामापुर कृषि सहकारी संस्थावाट खाद्यान्न वालीको वीउ उत्पादन कार्यक्रम संचालन गरिएको थियो। भकारो सुधार कार्यक्रममा पाँच हजार दुई सय वरावरका १० वटा मुत्र संकलन गर्न मिल्ने स्थल निर्माण भएका थिए यसरी संकलित मुत्र विरुवामा प्रयोग गरिन्थयो । क्षमता विकास कार्यक्रममा जिल्ला कृषि विकास कार्यालय तथा क्षेत्रीय तालिम केन्द्रमा कृषि सेवा केन्द्रवाट वार्षिक ३/४ जना कृषक छनौट गरी तालिममा पठाउने गरिन्थ्यो ।

त्यो समयमा कृषक समूह/कृषि फार्म/समिति/पकेटको तर्फ कृषक समुह ४२ वटा आर्थिक बर्ष २०७४/७५ मा दर्ता भएको पाईन्छ। सोही समयमा पकेट विकास कार्यक्रममा ७ वटा थिए सालभन्डीमा मकै, धान, तरकारी र पर्रोहामा धान पकेट कार्यक्रम सञ्चालनमा रहेका थिए। समिती ७ वटा र कृषि फर्म ५ वटा मात्रै दर्ता भएका थिए।

नगरपालिकाले आर्थिक बर्ष २०७४/०७५ मा स्थानीय सरकार गठन पश्चात आवश्यक जनशक्ति व्यवस्थापन गरी नगरपालिकाकै कृषि विकास शाखाबाट तरकारी वाली, खाद्यान्नवाली, फलफूल वाली, दालवाली आदीमा लाग्ने रोग किरा नियन्त्रणको लागि किटनाशक तथा रोग नाशक विषादी कृषकहरुले निशुल्क प्राप्त गरिरहेका छन ।



वीउवीजन सेवातर्फ हिउँदे र वसन्ते तरकारीको वीउ कृषि समूह/कृषि सहकारी र कृषि फर्महरुको माग अनुसार नि:शुल्क वितरण गरिएको छ भने सवै क्षेत्रमा प्राविधिक सेवा निशुल्क रुपमा प्रदान गरिदै आएको छ। यसैगरी फलफूलका विरुवा हालसम्म आँप १८ हजार, लिची १२ हजार कागती ५ हजार, अम्वा ८ हजार र कटहर २ हजार विरुवा वितरण भएको नगरपलिकाको तथ्यांकमा छ ।

नगरपालिकाको तथ्यांक अनुसार हालसम्म खाद्यान्न वालीमा धानको वीउ ७० मे.टन, गहुँको वीउ ३५ मे.टन, वसन्ते मकैको वीउ ५ मे.टन वितरण गरिएको छ। तेलहन वालीमा तोरी २ मे.टन, सूर्यमुखी ०.५ मे.टन वितरण भएको छ। दालवालीमा मसुरो ५ मे.टन, रहर १ मे.टन, मुङ्ग १  मे.टन र च्याउको वीउ: ४५ हजार प्याकेट वितरण गरिएको छ। २८ लाखको लागत साझेदारीमा २० वटा हाइटेक नर्सरी र टनेल निर्माण सम्पन्न भएको छ। वहुतह वृक्षारोपणतर्फ ९ लाख लागतमा १ वटा ग्रिन हाउस र ३ वटा टनेल निर्माणाधिन अवस्थामा रहेका छन ।

नगरपालिकाले अर्गानिक कृषिमा समेत विशेष जोड दिएका छ। जसको लागि लागत साझेदारीमा १९ लाख लागतमा १९ वटा वटा घरेलु भर्मि कम्पोष्ट प्लान्ट निर्माण भएका छन। यस्तै पूर्वाधार विकासतर्फ कृषि क्षेधमा सैनामैना ८ वासगढीमा ४० लाखको लागत साझेदारीमा वीउ भण्डारण गृह निर्माण भएको छ। यस्तै १ करोड २४ लाख लागत साझेदारीमा साना कृषि औजार तथा यन्त्र उपकरण सहयोग कार्यक्रम तर्फ ८ थान पावर टिलर, ६५ थान मिनिटिलर, ४५ थान पम्पसेट, ४५ थान इलेक्ट्रिक मोटर, र २०० थान स्प्रेयर वितरण भएका छन भने १० लाखको लागत साझेदारीमा छ वटा कुलो निर्माण गरिएको छ।

कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुका लागि १० लाख ६० हजार लागतमा त्पादन सामाग्री ५३

जना कृषकलाई वितरण गरिएको छ। यस्तै २ सय ७५ जना कृषक सहभागि हुने गरी ११ वटा समुहलाई व्यवसायिक रुपमा फुलखेति गर्नका लागि ५ लाख ५० हजार अनुदान उपलब्ध गराईएको। नगरपालिकाले २४ लाख ६० हजारको लागत साझेदारीमा १५ जना कृषकलाई ४०० थान माहुरीको घार, ३०० के.जी आधार चाका र ५० गोला माहुरी वितरण गरिएको छ।

कोभिडको समयमा व्यावसायिक तरकारी तथा फलफुल खेति गर्ने २५ जना व्यावसायिक कृषकहरुलाई प्रोत्साहन स्वरुप नगद अनुदान रु.१२ लाख ५० हजार हजार उपलब्ध गराईएको छ। व्यावसायिक कृषकहरुलाई (लसुन, प्याज र मसुरो) खेति गर्न ३१ कृषकलाई रु. ९ लाख ३० हजार अनुदान उपलब्ध गराईएको छ। ५ लाख ८५ हजारको लागत साझेदारीमा व्यावसायिक तरकारी र फलफूल खेति गर्ने २० कृषकहरुलाई १२० रोल प्लाष्टिक वितरण गरिएको छ।

क्षमता विकास कार्यक्रममा कृषक समुहको माग अनुसार रु.७ लाखको लागतमा ७० वटा समुहका १७ सय ५० जना जनालाई स्थलगत तालिम प्रदान गरिएको छ।नगरपालिकाबाट २१ लाख ५० हजारको लागतमा १७ वटा समुहका ४ सय २५ जना सहभागी हुने गरी कृषक पाठशाला संचालन गरिएकोमा सवै आइपिएम सहजकर्ताको रुपमा तयार भएका छन। यस्तै १२ वटा कृषि सहकारी, १ सय ३१ वटा कृषक समूह,









६६ वटा कृषि फर्म, ४ वटा पकेट विकास कार्यक्रम दर्ता भई सञ्चालनमा आएका छन्। नगरपालिका भित्र उत्कृष्ठ कृषक छनौट गरी वार्षिक रुपमा सम्मान तथा पुरस्कृत गर्ने गरिएको छ। नगरपालिकाको स्थापना

दिवस तथा विभिन्न अवसरमा कृषकहरुलाई सम्मान तथा पुरस्कृत गरिँदै आएको छ । यस्तै पशुपालनतर्फ नगरपालिकाले आर्थिक बर्ष २०७४/०७५ पहिले पशु स्वास्थ्य सेवामा प्राविधिक सेवा उपलब्ध भैरहेको थियो ।

कृषकहरुले पशुविकासका लागि र नश्ल सुधारका लागि खोपहरु आफै खरिद गरी लगाउनुपर्थ्यो र त्यो महँगो पनि थियो। एउटै पशुमा गर्भाधान गराउन दुई तीन पटकसम्म खोप लगाउनुपर्ने अवस्था पनि हुँदा पशुपालक किसानलाई त्यसले मारमा पारेको थियो। पछि यसलाई नगरपालिकाले साथ दियो। बाख्रापालनका लागि आवश्यक पीपीआर खोप नि:शुल्क प्राप्त हुने गरेको थियो। आन्तरिक तथा वाह्य परजिवी नियन्त्रणमा औषधी कृषक आफैले खरिद गर्नपर्थ्यो। पशु आहारा सेवामा जिल्ला पशु सेवा कार्यालयबाट बार्षिक २/३ क्वीन्टल घाँसको विउ तथा बहुबर्षीय २५०० घाँसको सेटस् स्लिप प्राप्त हुने गरेको थियो। नश्ल सुधार सेवामा कृत्रिम गर्भाधान बार्षिक २००० वटा हुने गरेको थियो। भकारो तथा गोठ सुधार कार्यक्रममा बार्षिक ५/१० वटा गोठलाई रु.५००० देखि रु. १०,००० सम्म कार्यक्रममा अनुदान आउने गरेको थियो क्षमता विकास कार्यक्रममा जिल्ला पशु सेवा कार्यालय तथा क्षेत्रीय तालिम केन्द्रबाट यस पशु सेवा केन्द्रमा बार्षिक २/३ जना कृषक छनौट गरी तालिममा पठाईने गरिन्थयो। समुह/समिति/फार्म/पकेटको विवरणमा समुह-२५ वटा, समिति-३ वटा, पशु फार्म-८० वटा दर्ता भएका थिए।



पकेट क्षेत्र गाई/बाख्रा थियो। दैनिक दूध उत्पादन ८,१२५ लिटर रहेको थियो। सोही आर्थिक बर्षमा स्थानीय सरकार गठन पश्चात आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा सञ्चालन भएको छ। पशु स्वास्थ्य सेवामा आन्तरिक तथा वाह्य परजीवि नियन्त्रण र अन्य रोगहरुको औषधी कृषकले नि:शुल्क प्राप्त गर्ने गरेका छन। पशु खोप (पि.पिआर, एच.एस.+वि.क्यु, एफ.एम.डी, स्वाइन फिभर र रेविज) को नियमित रुपमा निशुल्क उपलब्ध गराईएको छ। पशु आहारा सेवा तर्फ हिँउदे/बर्षे घाँसको विउ ६० क्वीन्टल, बहुबर्षीय घाँस ४० हजार सेटस/स्लिप, किम्वुको विरुवा ३५हजार वितरण भएको छ। नश्ल सुधारमा वार्षिक ४ हजार छ सय गाई भैसीमा कृत्रिम गर्भाधान भएको छ। उन्नत जातको १७ वटा वोका वितरण गरिएको छ। लागत साझेदारीमा युवा लक्षित कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तरगत गोठ/खोर/साईलोपिठ मर्मत सुधार

कार्यक्रममा लाभान्भिन परिवार संख्या १ सय २९ रहेका छन। जसमा रकम १ करोड ९६ लाख रहेको छ। ६४ लाखको लागत साझेदारीमा साना कृषि औजार तथा यन्त्र उपकरण सहयोग कार्यक्रममा विद्युतीय च्याफकटर-१०४, काउम्याट-२२, डी-फ्रिज-७, मिलकक्यान-१०, चिलिङ भ्याट-१ वितरण गरिएको छ।




कोभिड प्रभावित भई गाउँ फर्केका जम्मा १११ कृषकहरुका लागि रु.४४ लाख ५० हजारको लागत सझेदारी कार्यक्रम अन्तरगत उत्पादन सामाग्री दिइएको छ। ४० लाखको लागत सझेदारीमा एक स्थानीय तह एक उत्पादन कार्यक्रम ८० कृषक लाभान्वित भएका छन। ५४ लाखको लागत साझेदारीमा १५ कृषकको एक समुहलाई गाई प्रबर्द्धन कार्यक्रममा सहभागी गराइएको छ। ३० लाखको लागत साझेदारी बाखा प्रवर्द्धन कार्यक्रम १६ जना कृषकलाई सहभागी गराइएको छ। १९ लाख ४० हजारको लागत सझेदारीमा २ वटा बाखा श्रोत केन्द्र स्थापना भएका छन। ४४ लाखको लागत साझेदारी कार्यक्रममा बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम तर्फ ५० जना कृषक लाभान्वित भएका छन। यसरी पशु विकास तर्फ ४ करोड ९२ लाख लागत सझेदारी कार्यक्रममा कुल ५४६ कृषक लाभान्वित भएका छन्।

पशु विकास तर्फका क्षमता विकास कार्यक्रममा पशु विकास शाखाबाट बार्षिक रुपमा पशुपालन तालिम सञ्चालन भएका छन। जसबाट बार्षिक १५० जनालाई तालिम दिएको छ। पशु विकास तर्फ हालसम्म १५ वटा समुह, ३५० वटा पशुपंछी फर्म र एउटा बाखा पालन सम्वन्धी सहकारी दर्ता भएका छन। पशु सुरक्षण विमा सम्बन्धी विमितले तिरेको प्रिमियम ५० प्रतिशत अनुदान लागु भएको छ। जसमा जम्मा ३२ लाख भुक्तानी भएको छ।सैनामैनामा दुध उत्पादन सत प्रतिशत वृद्धि भई दैनिक १७ हजार लिटर दुध उत्पादन हुने गरेको छ।

पशु विकासमा विगतका बर्षहरुमा उन्नत जातका बोका बितरण भई त्यसबाट नश्ल सुधार गरी सैनामैना नगरपालिका वाख्राको स्रोत केन्द्र स्थापना भई मासुमा आत्मनिर्भर हुने अवस्थामा पुगेको छ। कृत्रिम गर्भाधान कार्यक्रम गाई भैसीमा प्रभावकारी रुपमा संचालन भएको हुदाँ दूधमा आत्मनिर्भर हुन सहयोग पुगेको छ। माहामारीरोगहरु (भ्यागुते, चरचरे, खोरेत, स्वाइन फिभर, पिपिआर आदि) को खोप नियमित रुपमा संचालन



भई पशुहरुको मृत्युदर न्यूनिकरण भएको छ। उन्नत जातका हिउँदे, बर्षे र बहुबर्षे घांस निःशुल्क वितरण हुदाँ दाना, चोकर, ब्रानको खर्चमा न्यूनिकरण भएको छ। सैनामैना नगरपालिका घांसमा आत्मनिर्भर हुन गई कृषकको आम्दानीमा वृद्धि भएको छ। नगरपालिकामा वहुवर्षीय घासको श्रोतकेन्द्रको रुपमा विकास भएको छ।



यस नगरपालिका अन्तर्गत रहेका व्यवसायिक बाख्रा फार्महरुले बाख्राको नश्ल सुधार कार्यलाई प्रभावकारी बनाउँदै, उन्नत बाख्राका पाठापाठी, बोका बिक्री वितरण गर्दै आएका छन। व्यवसायिक रुपमा पशुपालन गर्दा राम्रो आम्दानी भएकोले पशुपालन तर्फ फर्म दर्ता गर्न सेवाग्राहीहरु निकै उत्साहित भएका छन् नगरपालिका भित्र उत्कृष्ठ पशुपंछी पालक कृषक छनौट गरी वार्षिक रुपमा सम्मान तथा पुरस्कृत गर्ने गरिएको छ। गौरवको योजनाको रुपमा रहेको कृषि तथा पशु जन्य समाग्री एकै स्थानबाट प्राप्त गर्ने गरी ११ विघाहा जग्गामा कृषि पार्क (होल्डिङ्ग सेन्टर) निर्माण गर्ने कार्य अगाडि वढाईएको छ। "कृषि, पर्यटन, उद्योग र पूर्वाधार, सु-संस्कृत, समृद्ध नगर सैनामैनाको आधार" भन्ने नारालाई आत्मसाथ गर्दै नगरपालिकाले दिगो कृषिपनामा विशेष जोड दिएको पाईन्छ।

## आर्थिक विकासमा टेवा पुग्ने गरी नगरपालिकाले गरेका नमुनायोग्य काम

- महको ब्रान्डीङ्ग।
- बहुतह कृषि कार्यक्रम आयोजना।
- विदेशबाट फर्किएकालाई स्वदेशम रोजगारमुलक कृषि कर्ममा अनुदान।

- कृषि यन्त्र, औजार वितरण गरी यन्त्रीकरणमा टेवा।
- बेमौसमी तरकारी खेतका लागि अनुदान सहयोग।
- प्रांगारिक कृषि खेतमा जोड सहित भर्मिकम्पोष्ट कार्यक्रम संञ्चालन ।
- सैनामैना स्मार्ट कृषि कार्यक्रम ।
- परम्परागत खेती लाई पोत्साहन आधुनिक प्रविधमा जोड ।
- सहकारी, समुह मार्फत कृषि कार्यलाई जोड।















# सैनामैनाको खेलकुद रफ्तार : पूर्वाधार र प्रतियोगीतामा अब्बल







**दिपक न्यौपाने**

खेलकुद बिकासमा  पूर्वाधार र प्रतियोगिता एक सिक्काका दुई पाटा हुन ।   अझ भनौं पूर्वाधार बिना खेलकुद प्रतियोगिता नुन बिनाको तरकारी जस्तै हो । हामीले धेरै ठाउँमा देखे सुनेका र पढेका छौ, कतै खेल पूर्वाधारको अभाबमा प्रतियोगिता हुन सकेका छैनन भने कतै प्रतियोगिता प्रतियोगितामा मात्रै सिमित भइरहेका छन ।

तर रुपन्देहीको उदयमान नगरपालिका सैनामैना नगरपालिका भित्र बन्दै गइरहेका खेलकुदका संरचना र प्रतियोगिताले समग्र रुपन्देहीकै खेलकुद बिकासमा इटामाथी इटा थपेको छ । अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रगंशालादेखी वडावडामा ब्याडमिन्टन कोर्टले नगरको खेलकुद झनै सिँघारिँदै गइरहेको छ भन्दा अत्युक्ति नहोला ।

स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने नारासहित खेल पूर्वाधार बिकासको क्षेत्रमा नगरले उल्लेख्य काम गरेको छ । अझ बिद्यालयस्तरबाट नै खेलाडी उत्पादनमा नगरपालिकाले खेलेको भूमिका प्रशंसनीय मानिएको छ। कुनै पनि खेलकुदको बिकासका लागि ग्रासरुटबाटै अभियान शुरु गर्नुपर्छ । खेलाडीको प्रतीभा र बिशेषताका आधारमा गरिने बिद्यालयस्तरबाट भएका प्रतियोगिताले नगरको खेलाडी उत्पादनमा ठूलो योगदान दिएको छ । ब्याडमिन्टन तर्फको आकर्षणलाइ बुझ्दै नगरपालिकाले वडा नम्बर ३ मा कभर्डहलको निर्माण कार्य सम्पन्न गरेको छ भने वडा नम्बर ६ र १ मा कभर्डहलको निर्माण धमाधम भइरहेको छ। योसंगै निजी क्षेत्रबाट सञ्चालित कभर्डहल तथा कोर्टहरुलाई



प्रोत्साहन गर्नुका साथै टोलटोलबाट ब्याडमिन्टन खेलाडीहरु उत्पादन गर्नको लागि हालसम्म १४ वटा ब्याडमिन्टन कोर्ट निर्माण सम्पन्न गरेको छ ।

यस्तै बास्केटबल खेलतर्फको आर्कषण बढाउन पनि नगरपालिकाले २ वटा कोर्ट सम्पन्न गरेको छ । नगरपालिकाले फुटबल खेलको बिकास र बिस्तारलाइ अन्य खेलको तुलनामा बढी प्राथमिकताका साथ अगाडि बढाएको देखिन्छ ।

प्रत्येक बर्ष सञ्चालन हुने मेयरकप फुटबल र वडावडामा हुने वडास्तरीय फुटबल प्रतीयोगीले नगरको फुटबल निरन्तर चलायमान बनाइनै रह्यो । नगरभित्र आर्कषक फुटबल संरचना बनाउनुपर्छ भन्ने ध्येयले नै नगरको मुख्य बजार मुर्गियामा पर्राेहा खेलमैदानलाइ स्तरउन्नती गरी आर्कषक फुटबल रंगशालाको अबधारणाले अन्तिम रुप लिदै गइरहेको छ । हाल ट्याकको काम सम्पन्न भएको छ भने प्याराफिटको काम पनि अगाडि बढेको छ ।





बार्षिक झन्डै करोडको हाराहारीमा सैनामैनामा खेलकुद प्रतियोगितामा बजेट छुट्याइँदा फुटबलले भने राम्रो प्राथमिकता पाएको छ । निरन्तर रुपमा सैनामैना मेयर नकआउट फुटबल प्रतियोगिताले बजेटको अधिकाशं हिस्सा ओगटेको छ । मेयरकप र वडास्तरीय फुटबल प्रतियोगिताले नगरको फुटबललाइ बर्षभरी नै चलायमान बनाएपनि स्थानीयस्तरका खेलाडी उत्पादनमा कत्तिको योगदान दियो त भन्ने मुलप्रश्न आउछ । बर्षेनी लाखौ खर्च गरेर मेयर कप फुटबल सञ्चालन गरेपनि अधिकांश क्लब र खेलाडी नगरबाहिरबाट





सहभागी हुँदा खास अर्थ आउँदैन । खेल जित्न र  रमाइलोका लागि मात्र नभएर साच्चिनै नगरभित्रका प्रतिभा प्रस्फुटित गर्नको लागि नगर खेलकुद बिकास समितीले मेयरकप फुटबल सञ्चालन गर्दा बिशेष ध्यान दिएर योजना बनाएको समितिलेबताएको छ। यता राष्ट्रपती रनिङ शिल्ड र विद्यालय फुटबल आशा जगाउने खालको देखिएको छ । नगर खेलकुद बिकाससमिती मार्फत नगरभित्र रेफ्रिहरु उत्पादनको लागि भन्दै प्रशीक्षणमुलक कार्यक्रम सञ्चालन गरेको सैनामैनाले वडावडामा क्रिकेट, फुटबल र भलिबलका दक्ष रेफ्रीहरु उत्पादन गर्न तालिम सञ्चालन गरेको छ ।

खेलाडी उत्पादनमा स्थानीय तहले ध्यान दिएपनि सोचेजस्तो परिणाम आउन नसक्नुका पछाडि थुप्रै कारण रहेको खेलकुद बिश्लेषक प्रकाश तिमिल्सेनाको भनाइ छ । उहाँका अनुसार खासगरी एक बर्षमा एउटै प्रतियोगितालाइ फोकस गरेर त्यसै अनुसार बजेट बिनियोजन गरी खेलाडीको पहिचान र बृद्धि बिकासमा ध्यान दिनुपर्छ। उहाँले भनेजस्तै सैनामैनामा यो अभ्यास भने शुरु भैसकेको छ ।

नगरमा संघीय आयोजनाको रुपमा रहेका निर्माणधीन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला प्राकृतिक खेल मैदानका रुपमा निर्माण कार्य भइरहेको छ। यो आयोजनालाइ सम्पन्न गर्न २ अर्ब भन्दा बढी लागत प्रस्तुत गरिएको छ। नेपालकै सबैभन्दा ठूलो ८० यार्डको यो रंगशालाबाट खेल पर्यटन बिकासमा फड्को मार्न सकिनेमा द्विविधा छैन। लुम्बिनी र महेन्द्र राजमार्गसग जोडिएको सैनामैनाले योजना अनुसार खेलकुदका पूर्वाधार सम्पन्न गर्न सके प्रत्यक्ष र परोक्ष फाइदा जिल्ला र जिल्ला बाहिरले पनि लिने छ।




लोपोन्मुख खेलहरुलाइ संरक्षणमा समेत नगरपालिका लागिपरेको छ । जसअन्र्तरगत आर्चरी खेललाइ पुनःउत्थान गरी वडा नम्बर ३ मा सञ्चालन गरिएको छ। आर्चरी खेल खेलन बिभिन्न जिल्लाबाट समेत खेलाडी र अफिसियलको सहभागीता हुँदा आर्चरीको रौनक देख्न सकिन्छ। र सोही अनुसार खेलाडी उत्पादन पनि भइरहेको छ । यस्तै नगरको वडा नम्बर ५ र ११ मा खेलकुद मैदान स्तरउन्नतीले पनि वडामा खेलकुदको माहोल छाएको छ । नगरका तीन ठाउँमा आर्कषक खुल्ला ब्यायामशाला निर्माण पनि खेलकुद पूर्वाधार बिकासमा अर्को खुड्किलो पार गर्नु हो। नगरले ४५ लाखको सिमित बजेटमा पनि बोलबम पार्क, मलमला मन्दिर परिसर र बनकट्टीमा आर्कषक ब्यायामशाला तयार गरिरहेको छ। ब्यायामशाला निर्माणले स्वच्छ र तन्दुरुस्त सैनामैना नागरीक अभियानमा थप सहयोग पुग्ने नै छ। खुला ब्यायामशाला बिश्वब्यापी

नै लोकप्रिय छ । नगरमा यसलाइ बैज्ञानिक बिधि र योगमा आधारीत रोगसँग लड्न सक्ने क्षमता बिकास हुने खालका प्रबिधिबाट ब्यायामशाला सञ्चालन हुँदा आम नगरबासीमा खेलकुदको महत्व उजागर हुनेछ ।

खेल खेलाडीको अभियानलाइ सार्थक बनाउन ढिलै गरी भएपनि गठन भएको सैनामैना नगरस्तरीय खेलकुद समितीले एथलेटिक्सतर्फ पनि खेलाडी पहिचान र प्रतियोगितालाइ निरन्तरता दिएको छ । अन्य स्थानीय तहजस्तै सैनामैनामा पनि खेलकुद बिकासको जग बसाल्ने काम भैसकेको छ। आगामी दिनमा इभेन्टहरुमा छलाङ मार्ने खालका योजनाहरुलाइ अगाडि बढाएको खण्डमा त्यसले सार्थकता पाउने देखिन्छ, खेलकुद पत्रकार मन्च रुपन्देहीका अध्यक्ष सुमन अधिकारी भन्नुहुन्छ । प्रत्येक वडा वडामा खेल मैदानहरुको स्तर उन्नतीसगै महिनैपिच्छे प्रतियोगिता सञ्चालन गर्न सके  सैनामैना खेलकुदमा पनि अब्बल ठहरीनेछ। प्रत्येक विद्यालयमा एउटा खेल शिक्षक राखेर जरैबाट खेलाडीको सम्भावनालाइ अगाडि बढाउन सकिन्छ ।

क्रिकेटमा निजीतर्फको लगानी पनि सैनामैनामा उत्साहजनक पाइएको छ। बिभिन्न क्लब तथा विद्यालयहरुले क्रिकेट एकेडेमी स्थापना गरेर नियमीत प्रशिक्षण चलाइरहेका छन । नगरभित्रबाट दर्जन खेलाडीहरुले राष्ट्रियस्तरका प्रतियोगितामा सहभागीता जनाइरहेका छन । समग्रमा खेलकुदका हरेक बिधामा खेलाडी पहिचान र खेलको  बिकासका लागि सैनामैना नगरपालिकाले बिशेष प्राथमिकता राख्दै गर्दा पूर्वाधारले पनि फड्को मारिरहेको छ ।










# व्यवस्थित र समृद्ध सैनामैना



**अमृत गिरी**

सैनामैना । बुद्धकालिन समयको आफ्नै सभ्यता बोकेको सैनामैना नगरपालिका रुपन्देही जिल्लाको महत्पूर्ण नगरपालिका हो । साविकका पर्रोहा, दुधराक्ष, सालझण्डी गाविसहरु जोडिएर नगरपालिका बनेको हो । सैनामैना नगरपालिका बुद्धकालिन समयको आफ्नै सभ्यता बोकेको ऐतिहासिक नगरी हो ।

विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनीदेखी १६ किलोमिटर उत्तरतर्फ, प्रदेश पाँचको राजधानी अर्थात् बुद्धबलीको बुटवल उपमहानगरपालिकासंग जोडिएको, लुम्बिनी र हिमालको दृष्य एकै ठाउँबाट दृष्यावलोकन गर्न सकिने ऐतिहासिक पर्यटकीय महत्वको वलिहाङ राजाको दरबार रहेको स्थल पाल्पाको बल्डेङ्गगढीबाट करिब १२ किलोमिटर दक्षिण तर्फ अवस्थित छ । लुम्बिनी र पर्यटकीय सम्भावनाका हिल स्टेशनका पहाडहरुलाई जोड्ने महत्वपूर्ण विश्राम स्थलका रुपमा सैनामैना रहेको छ ।

यस सैनामैना नगरपालिकाको पूर्वमा बुटवल उप-महानगरपालिका, पश्चिममा कपिलधामको पवित्र क्षेत्र कपिलवस्तु जिल्लाको बाणगंगा नगरपालिका, उत्तरमा पाणिनी तपोभूमिको अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका, हिल स्टेशनको प्रचर सम्भावना बोकेको पाल्पाको ऐतिहासिकि रैनादेवी छहरा गाउँपालिका र तिलोत्तमा सभ्यता बोकेको तिनाउ गाउँपालिका, दक्षिणमा रुपन्देहीकै शुद्धोधन, कञ्चन र गैडहवा गाउँपालिकाको चारकिल्ला भित्र अवस्थित छ । रुपन्देहीको मध्यभागमा रहेको र सबै पालिकाहरुका साथै छिमेकी जिल्लाहरुलाई समेत जोड्न सक्ने संगम स्थलका रुपमा रहेको छ ।

सैनामैना नगरपालिकाको कुल क्षेत्रफल १६२.१८ वर्ग कि.मी.रहेको छ भने समुन्द्र सतहबाट ३८१ फिट देखि ३१५० फिट सम्म उचाईमा रहेको छ । पूर्वपश्चिम राजमार्गको मध्यभागमा रहेको सैनामैना नगरपालिका करिब १९ कि.मी सिधा लम्बाई रहेको छ । नगरपालिकामा कुल ११ वटा वडा रहेका छन् । यहाँको जनशंख्या करिब ८० हजार पुगेको अनुमान छ । ०६८ सालको जनगणनामा भने यो नगरपालिकाको जनशंख्या ५५ हजार रहेको थियो ।

सैनामैनाको परिचय यतिमा मात्रै सिमित छैन् । धेरै वर्ष पहिले भोट अर्थात तिब्बत र भारतका बीचमा हुने व्यापारको एउटा मार्ग यहींबाट थियो ।  भारत र भोटसंग नेपाललेसमेत व्यापार गर्ने गर्थ्यौ । त्यतिबेला नै यहाँको बाटो भएर व्यापारीहरु, भरियाहरु र पैदल यात्रीहरु आवतजावत गर्ने गरेको कुरा इतिहासहरुमा उल्लेख भएको पाइन्छ ।

अहिले चिनले वान वेल्ट, वान रोड अर्थात शिल्क रोडका रुपमा विस्तार गरिरहेको रोडको प्राचीन खण्ड मध्ये यहाँ पनि पर्दछ । बुटवलको जितगढी, नुवाकोट हुँदै पाल्पा, गुल्मी, स्याङ्जा तथा बाग्लुङ हुँदै मुस्ताङको कोरला पुगेर चीनमा जाने सडकको मार्ग यो पनि रहेको उल्लेख छ ।

अहिले बहुप्रचारित लुम्बिनी-ढोरपाटन सडक यहीँ सैनामैना हुँदै विस्तार भइरहेको छ। यो सडकले लुम्बिनी-ढोरपाटनलाई जोड्ने मात्रै होइन, भारत र चीनलाई पनि एकआपसमा जोड्ने विश्वास गरिएको छ। सैनामैना नगरपालिकाले यहीँ सडकलाईसमेत जोडेर आफ्नै चक्रपथ निर्माण गरिरहेको छ। चक्रपथले ११ वटै वडाहरु जोड्ने मात्रै होइन छिमेकका स्थानीय तहहरु र लुम्बिनीलाई पनि सञ्जालमा जोड्ने छ।

## अनुसाशित सरसफाई र दिगो व्यवस्थापनको पहल



एकताक सैनामैनामा घरमा जम्मा भएको फोहोर सार्वजनिक स्थलमा लगेर फाल्ने, वातावरणलाई प्रदूषित पार्नेगरी जलाउने जस्ता घातक प्रवृत्ति थिए । जब नगरमा जनप्रतिनिधि निर्वाचित भए तब फोहोर मैलाको व्यवस्थापन प्रभावकारी बनाइयो । जथाभावी फोहोर फाल्न र जलाउन निषेध गरियो । घरघरबाट फोहोर संकलन गर्ने व्यवस्था भयो भने आधुनिक ढल प्रशोधन केन्द्रको समेत निर्माण भयो ।

सरसफाईमा अनुशासन सिकाउने काम पनि सैनामैनाले गरिरहेको छ । जथाभावी फोहोर जलाउने कार्य रोकेको छ भने घरैदेखि फोहोरको प्रकृत्ति छुट्टाएर व्यवस्थापन गरिँदैछ ।

'सैनामैना बासीको चाहना, स्वच्छ, सफा र हराभरा नगर हाम्रो कामना' अभियान अन्तर्गत हरियाली बढाउने काम भइरहेको छ। मुर्गिया-लुम्बिनी, कलौनी-लुम्बिनी तथा सालझण्डी-ढोरपाटन सडक खण्डमा सडकको छेउछाउमा मध्यम खालको बहुवर्षीय स्मृति वृक्षरोप्ने कार्य गर्दै आएको छ। जीविकोपार्जनका लागि वनको अवधारणालाई सार्थक तुल्याउन नगरपालिकाभित्र रहेका सामुदायिक र साझेदारी वनको वैज्ञानिक व्यवस्थापनमा तथा सुरक्षा गर्न बनबाट केही रकम र नगरपालिकाको केही रकम जम्मा गरी कोष बनाएर समिति बनाइ बन सुरक्षा तथा संरक्षण गर्ने कार्यक्रम संचालन गरिएको छ। नगरपालिका भित्र खुला क्षेत्र तथा पार्कहरुको विकासलाई प्राथमिकता दिइनेछ। सबै पार्कहरुको गुरुयोजना तयार गरी पार्क निर्माण कार्य अगाडि बढाइएको छ।

## सैनामैनामै बन्दैछ प्रदेश स्तरको फोहोर प्रशोधन केन्द्र

सैनामैनामा प्रदेशस्तरीय फोहोर प्रशोधन केन्द्रको निर्माण भइरहेको छ। फोहोरको प्रकृत्ति छुट्टाएर व्यवस्थापन गर्ने र जैविक मल बनाउनेगरी यसक्षेत्रकै अत्याधुनिक र व्यवस्थित फोहोर मैला प्रशोधन केन्द्र निर्माणको

काम धमाधम चलिरहेको छ । वडा नं. १० एकला पहाडमा रहेको खाली जग्गालाई व्यवस्थित गर्दै डीपीआर बनाएर फोहोर प्रशोधन केन्द्र निर्माण कार्य भइरहेको छ । पहिलो चरणमा ११ करोड ५० लाख बराबरको बजेटमा प्रशोधन केन्द्रको निर्माण भइरहेको छ । सैनामैनाको केन्द्रका लागि बुटवल उपमहानगरपालिका र कञ्चन गाउँपालिकाले सहकार्य गरेका छन् ।



## मुलुककै नमुना ढल प्रशोधन केन्द्र, हजारौं उपभोक्त लाभान्वित

सैनामैनामा सरसफाईमा अर्को नमुना काम भएको छ । घरदेखि निस्किने फोहोर पानीलाई व्यवस्थित ढलमा जोडेर प्रशोधन केन्द्रसम्म पुऱ्याउने र त्यहाँ प्रशोधन पछि सिंचाईलगायतमा प्रयोग गर्न मिल्ने बनाइएको छ । संघीय सरकारको सहयोगमा खानेपानी उपभोक्ता समितिमार्फ यो महत्वपूर्ण परियोजना अगाडि बढेको छ । सैनामैनाको वडा नं.४ करबला र वडा नं. ३ को रामबस्तीमा व्यवस्थित ढल प्रशोधन केन्द्र निर्माण भएको छ । त्यहाँ वडाका विभिन्न टोलबाट फोहोर पानी ढलमार्फत प्रशोधन केन्द्रसम्म पुग्नेगरी व्यवस्थित पाइपलाइन जडान गरिएको छ । यो आयोजना सम्भव यसक्षेत्रकै नमुना हो । संघीय आयोजना मार्फतका यी दुई ठूला आयोजनाले सैनामैनाको फोहोर व्यवस्थापनमा महत्वपूर्ण टेवा पुऱ्याएका छन् ।

सैनामैना नगरपालिकाले नर्कटको प्रयोगबाट प्राकृतिक रूपमै ढलको फोहोर पानी प्रशोधन गरेर मात्रै नदीमा छाड्ने गरेको छ । सैनामैनाको वडा नं. ३ रामबस्ती र वडा नं.४ को राधाकृष्ण टोलमा नमूनाको रूपमा सञ्चालन ढल प्रशोधन केन्द्र सञ्चालनमा आएको छ । करीब १६ करोड बराबरको बजेटमा यी दुईवटा ढल प्रशोधन केन्द्र निर्माण भई सञ्चालनमा आएका छन् ।

वडा नं ३ को रामबस्तीमा सैनामैनाका नगरप्रमुख चित्रबहादुर कार्कीसहित एक सय ५० भन्दा धेरै घरधुरीको ढल प्रशोधन गरी व्यवस्थित गरिँदै आएको छ। वडा नं.४ मा पाँच सय घरको ढल प्रशोधन केन्द्रमा लगिएको छ। संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको सहयोगमा मुर्गिया खानेपानी तथा उपभोक्ता संस्थाले सैनामैना नगरपालिकासंग सहकार्य गरेको छ। नगरपालिकाले खानेपानी संस्थामार्फत पाँच हजार भन्दा धेरै उपभोक्ताहरुलाई अभियानमा सरिक बनाएको छ। यसका बारेमा सचेतनाका काम पनि अगाडि बढाइएको संस्थाका अध्यक्ष शालिकराम भण्डारीले बताउनुभयो।


अत्याधुनिक ढल प्रशोधन केन्द्र सैनामैना ४



सैनामैनामा रहेको करिब एक लाख जनसंख्यालाई स्वस्च्छ खानेपानीको प्रवन्ध गर्नुका साथै घरदेखि उत्सर्जन हुने फोहोरको प्रभावकारी व्यवस्थापन गरिएको छ। बाथरूम र भान्साबाट निस्किएको पानीले बाहिर फोहोर देखिने मात्र होइन दुषित समेत हुने गर्छ। तर त्यही पानीलाई व्यवस्थित रूपमा प्रशोधन गर्न सकिए गाईवस्तुलाई खुवाउन र सिँचाइका लागि प्रयोग गर्न सकिन्छ। अहिले सैनामैनाले त्यहीँ सफल कामलाई अगाडि बढाएको छ। ढल प्रशोधन केन्द्रमा घरको फोहोर पानी ल्याउनका लागि मूर्गिया बजारदेखि घमाहा खोलासम्म करिब ४ हजार मिटर लम्बाइको ढल निर्माण गरिएको छ। त्यही ढलमार्फत् घर-घरको भान्सा कोठा, बाथरूमको पानी प्रशोधन केन्द्रमा ल्याइन्छ। केन्द्रमा ढलसँगै बगेर आएको ठोस वस्तु छान्न दुई तीन वटा च्याम्बर बनाइएको छ। ढलको अन्तिम निकाससँगै बनाइएको पहिलो च्याम्बरमा ठोस वस्तु छानिएर रहन्छन् भने तरल वस्तु अगाडिको च्याम्बरतर्फ पठाइन्छ। उक्त च्याम्बरमा ढलको पानी थिग्रिँदै नर्कट रोपिएको च्याम्बरमा पुग्छ। नर्कट रोपिएको च्याम्बरमा विभिन्न साइजका गिट्टी र बालुवाको तह मिलाइएको छ।

ढलको पानीमा भएको सबै फोहोर र दुषित पदार्थ सोही च्याम्बरमै रहन्छ भने सफा पानीमात्र अगाडिको च्याम्बरमार्फत् सिधै खोलामा पठाउने गरिएको छ। अहिले ढल प्रशोधन गरी पुनः खोलामा मिसाउन थालेपछि खोलाको पानी सफा हुनुको साथै हिउँद याममा सुख्खा रहने घमाहा खोला पनि रिचार्ज हुन थालेको छ। ढल व्यवस्थित भएपछि घर वरिपरि फोहोर हुने समस्या समेत हटेको राधाकृष्ण टोलका उपभोक्ता गोमती भण्डारीको भनाइ छ।

## जनप्रतिनिधि आएपछिको उत्साह र तयार भएको समृद्धिको आधार

२० वर्षपछि भएको स्थानीय निर्वाचनले यहाँ पनि जनतामा उत्साह छाएको छ। पहिलो नगर प्रमुखका रुपमा चित्रबहादुर कार्कीसहित उपप्रमुखमा विना राना र ११ वटै वडाहरुमा अध्यक्ष, सदस्यहरु निर्वाचित हुनुभएको थियो । सपथ ग्रहण गरेपछि नगरप्रमुखको पदभार ग्रहण गर्दै उहाँले सैनामैना नगरपालिकाको भू-उपयोग नीति बनाउने निर्णय गर्नँभयो । भू-उपयोग नीतिका लागि उपप्रमुख विना रानाको संयोजकत्वमा ७ सदस्यीय कार्यदल समेत गठन गरिएको थियो । उक्त कार्यदलले काम अन्तिम चरणमा पुराएको बताएको छ ।

अहिले सैनामैनाको समृद्धिको आधार तयार भएको छ। भूउपयोग योजनासहितको नगरको गुरुयोजना तयार भएको छ । नगरको यातायात र सडक पूर्वाधारसहितका विभिन्न ६ वटा गुरुयोजना तयार भएका छन् । तिनै गुरुयोजनालाई साकार पार्नेगरी काम भइरहेको छ। अन्तरपालिका विपद् व्यवस्थापन र अन्तरपालिका फोहोर प्रशोधन केन्द्र निर्माणका कामले गति लिएका छन्। यी दुई कामले पनि यहाँको सम्भावनालाई थप उजागार गरेको छ ।

## सिमसार क्षेत्रको संरक्षण र विस्तार

सैनामैना नगरपालिकाले लामीरहमा बहुउद्देश्यीय जलासययुक्त पार्क निर्माणको काम अगाडि बढाएको छ । यसले सैनामैनासहित छिमेकका कैयन् पालिकाहरुमा सिमसार क्षेत्र संरक्षण र पानीको रिचार्ज गर्ने चक्रलाई टेवा पुऱ्याउने विज्ञहरुले बताइसकेका छन् । करिब ६० विगाहा क्षेत्रफलमा बन्ने यसक्षेत्रको महत्वपूर्ण आयोजना मानिएको लामिरह जलासय बाँधको डीपीआर तयार भएको छ। राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन इकाइ कार्यालय र विज्ञहरुको टोलीले यो आयोजनाको कार्यान्वयनका लागि अहिले संघीय सरकार मातहतका विभिन्न कार्यालयमा खटिएको छ ।

यस्तै सैनामैनाको वडा नं ११ मा रहेको जर्लैया सिमसार क्षेत्रलाई संरक्षण र विस्तार गर्ने काम सुरु भएको छ। हाल ९ विगाह क्षेत्रफलमा रहेको यो सिमसार क्षेत्रको संरक्षण र विस्तारका लागि प्राथमिकताका साथ काम अगाडि छ। सैनामैनाले जर्लैया सिमसार क्षेत्रको पनि गुरुयोजना बनाएर संरक्षण र विस्तारको काम गरिरहेको प्रमुख कार्कीले बताउनुभयो । सैनामैनामा पानीका प्राकृतिक स्रोतको संरक्षण र रिचार्जका साथै जलपर्यटनका सम्भावनालाई साकार पार्ने कामलाई तीव्रता दिइएको छ। यसैगरी सैनामैना-११ मा रहेको जर्लैया सिमसार क्षेत्र, वडा नं. ६ मा रहेको मेगाहा सिमसार क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्ने काम भइरहेको छ ।

# धार्मिक सद्भाव र पर्यटनको केन्द्र सैनामैना





**आर्चाय विष्णु ज्ञवाली**

सैनामैना । शान्तिका अग्रदूत सिद्धार्थ गौतमवुद्ध भगवानको पावन जन्मभूमि लुम्बिनीको उत्तर चुरे पहाडको बेसी फेद सेरोफेरोमा अवस्थित सैनामैना नगरपालिका पूर्वतर्फ तिलोत्तमा नदीबाट सुशोभित रहेको छ ।

नेपाल भूमि बैदिक ऋषिमहर्षिहरुको महान तपभूमि रहेको र पूर्वीय दर्शनको उद्गम भूमिका रुपमा रहेको विश्वप्रसिद्ध साहित्य वाङ्मयहरुबाट स्पस्ट हुन्छ । पूर्वीय दर्शन हिन्दु सनातन धर्मबाट ओतप्रोत रहेको छ । सनातन धर्मभित्र रहेका मठमन्दिर, गौशाला, वृद्धाश्रम, गुम्बा, डिवार, नदी चौपारी सनातन धर्मका आस्थाका साकार प्रमुख केन्द्ररुपहरु हुन् । आ-आफ्ना जाति अनुसार मठ मन्दिर, गुम्बा, डिवार पुजा गर्ने हरेक समुदायको परम्परा समेटिएको सनातन धर्मभित्र नेपाली रैथाने मूल संस्कृतिहरु लुकेका छन् र यिनै संस्कृति परम्परा पूजा पद्धतिको अध्ययन अवलोकन गर्न स्वदेश विदेशबाट अनेकौ पर्यटकहरुको आगमनका निमित्त सैनामैना नगरपालिका भित्र प्रशस्त सम्भाव्यताहरु रहेका छन् ।

पर्यटन यस्तो व्यवसाय हो जस्को माध्यमबाट ठूलोदेखि साना व्यापार, व्यवसाय, सवारी, होटल, स्थानीय हरेकले प्रत्यक्ष अप्रत्यक्ष लाभ प्राप्त गरिरहेका हुन्छन् । जहाँ पर्यटनको सम्भावना रहन्छ र ती स्थलको खोजी पहिचान संरक्षण सम्बर्द्धन र प्रचारप्रसार गर्न सकेमा त्यस क्षेत्रको मूल आर्थिक स्वरोजगारको माध्यम बन्दछ र स्थानीय स्तरमा रोजगारी आफैमा श्रृजना हुने गर्दछ । करोडौको लगानी गरी स्थापना भएको एक उद्योगले सीमित मजदुरले रोजगारी पाएका हुन्छन् भने त्यही करोड लगानी गरेर एक पर्यटन क्षेत्र स्थापित गरिन्छ भने त्यसका माध्यमबाट हजारौ लाखौले प्रत्यक्ष अप्रत्यक्ष रोजगारी आर्थिक, शैक्षिक लाभ लिइरहेका हुन्छन् ।

यही मूल विषयमा रहेर सैनामैना नगरपालिका भित्र नगरपालिकाले नगरको धार्मिक पर्यटनको सम्भावना

पहिचान गरी यहाँ रहेको धार्मिक सम्पदाका पुनरुत्थानबाट समृद्धि सम्भव छ भन्ने यकीन गरेर सनातन धर्मावलम्बीहरुको आस्थाको केन्द्र श्री पर्रोहा परमेश्वर शिव ज्योतिर्लिङ्ग बोलबम धामको विस्तृत योजना तयार गरी भव्यतम मन्दिरको अवधारणा ल्याएर मन्दिरको पुननिर्माण होस भन्ने जनआस्था बमोजिम नेपाल सरकार र स्थानीय सरकारको संयुक्त लगानीमा पुनर्निर्माण प्रारम्भ भई निर्माणाधिन अवस्थामा रहनुले लुम्बिनी क्षेत्रकै प्रमुख धार्मिक केन्द्र सैनामैना हो भनी नगरले प्रसार प्रसार गरि अन्तर्राष्ट्रिय रुपमा यस क्षेत्रलाई चिनाउन र धार्मिक पर्यटनको माध्यमबाट समृद्ध नगर बनाउन खोजेको स्पष्ट बुझिन्छ ।

यसैगरि सैनामैना ३ मा अवस्थित श्री नवदुर्गा मन्दिरको हाल कायम रहेको जग्गा र हाटबजार रहेको पश्चिम तर्फको जग्गा एकीकृत गरि विश्वमै सवैभन्दा ठूलो भव्यतम नेपालकै पहिलो शैलपुत्री शक्ति पीठको विशाल योजना सम्वृद्ध नगर अगाडि बढेको छ । नवदुर्गाको पहिलो उपासना शैलीपुत्री देवीबाट आरम्भ हुने र विश्वमै शैलपुत्री देवीको भव्यतम मन्दिर कहिं पनि नभएको हुनाले विश्वका १ अरब भन्दा वढि सनातन धर्मावलम्वीहरुको एकपटक यस मन्दिरमा ध्यान केन्द्रित हुने ध्येयका साथ अति नै महत्वाकांक्षी योजनाले यस क्षेत्रमा जाउँजाउँ प्रत्येक धार्मिक जनहरुमा हुने र व्यवसायीक माध्यमबाट हुने बुझिन्छ । सनातन धर्म र थारु संस्कृति समेटिएको मलमला बावाद्वारा पुजित पवित्र स्थल मलमला देवी मन्दिरको आराधनाले मालामाल भक्तहरु हुने र निरोगी रहने भक्तहरुको जनआस्था बुझिन्छ । चुरे पहाडको शिरमा भगवती मुकुर समौन सुशोभित रहँदा समस्त सैनामैना नगर क्षेत्र नै अति सुन्दर र आकर्षण सुरम्मय देखिन्छ । उक्त स्थलको प्रसारप्रसार र विकासका निमित्त विस्तृत योजना अघि वढेर धार्मिक सांस्कृतिक पर्यटनको माध्यमबाट नगरको विकास योजनाहरु अघि वढ्नु नगरबासीका लागि गर्वको विषय रहेको बुझिन्छ ।

नगरभित्रका रैथाने थारु समुदायको आराध्य देवहरु ब्रहमाबाबा, डिवार, कुलायन स्थल नदी, पोखरी क्षेत्रको संरक्षण र सम्बर्द्धनका निम्ति नगरबाट योजना अघि बढेर जनजनको स्वधर्म, स्वसंस्कृतिको संरक्षणका निमित्त अघि बढनुले धार्मिक पर्यटनको मुख्य आगमनको ढोका खोलिएको बुझिन्छ । यसरी समग्र धर्म संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै समुन्नत नगर निर्माणमा यहाँका कुशल दुरदर्शी नगर प्रमुख चित्रबहादुर कार्की, उपप्रमुख विना राना, कार्यपालिका सदस्यहरु, जनप्रतिनिधि, कर्मचारी, टोलविकास संस्था, नागरिक अगुवाहरु सबैको सहकार्यमा सैनामैनालाई धार्मिक पर्यटनको पनि केन्द्र बनाउन सकिने कुरामा दुईमत छैन । सद्भावयुक्त र सम्भावनायुक्त सैनामैनाको समृद्धिका लागि नगरप्रमुखले चालेको कदम सफल हुँदा वास्तवमै सैनामैना व्यवस्थित सहर बन्नेछ ।

## बोलबम धामको पुनर्निर्माणले जगाएको आशा

पश्चिम क्षेत्रको प्रख्यात पर्रोहा परमेश्वर बोलबम धामको पुनर्निर्माण सुरु भएको छ । सैनामैना नगरपालिकाले संघीय सरकारको सहकार्यमा बोलबम धामलाई लुम्बिनी प्रदेशकै प्रमुख धार्मिक पर्यटकीयस्थल बनाउने लक्ष्यसहित पूनर्निर्माणलाई तीब्रता दिएको छ ।

सैनामैना नगरपालिकाले पहिलो चरणमा १४ करोड रुपैयाँ लागतमा गूरुयोजना बनाएर धामको संरक्षण, सम्वर्द्धन र पूनर्निर्माणको कामलाई अगाडि बढाएको छ । कलात्मक संरचनासहितको पुनर्निर्माण कार्य एक वर्षभित्रमा काम सक्ने गरी गुरुयोजना बनाएर काम गरिएको प्रमुख कार्कीले बताउनुभयो । बोलबम धामको

धार्मिक महत्व त छँदैछ, कलात्मक निर्माणले थप पर्यटक आकर्षित गर्न र पर्यटन व्यवसाय बढाउन मद्दत पुग्ने विश्वास गरिएको छ। धामको संरक्षण, सम्बर्द्धन र कलात्मक संरचनाको निर्माणले यसक्षेत्रका समुदाय र धार्मिक गुरुहरु खुशी भएका छन्।



## प्यागोडा शैलीको मन्दिर

२३ कठ्ठा जग्गामा गुरुयोजना बनाएर धामको मूल मन्दिर प्यागोडा शैलीमा बनाइनेछ। अग्निशाला र दक्षिणको सहायक प्रवेशद्वारलाई प्राचीन कलामा उतारिनेछ। मन्दिरको तल्लो तलामा २८ वटा र माथिल्लो तलामा २० वटा कलात्मक काठका टुँडाल बनाइँदैछ। करिब पाँच सय किलोको मुल घण्ट, ५१ फिट अग्लो धातुको खम्बा बनाई त्रिशुल र डमरु राखिनेछ। मन्दिरमा साढे ५ फिटको मुल गजुर रहनेछ। उक्त संरचना बनाउन ६ करोड ५७ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको छ।

नयाँ बन्ने मन्दिरमा रुद्राभिषेक गर्न सतल, चारै तिर पञ्चायन मन्दिर (प्यागोडा शैली), पानीको फोहोरा, अग्नी शाला, पर्खाल, सटर भवन, कलात्मक गेट, चन्द्रामा आकारको १०८ शिवलिङ्ग रहेको कुण्ड, प्रशासनिक भवन, पाँच सय केजीको घण्ट, हनुमान थान, ५७ फिटको त्रिशुल डमुरु, आश्रम, पाठशालालगायत रहनेछन्। ५४ फिट उचाई रहेको प्यागोडा शैलीको दुई तला मुल मन्दिरको क्षेत्र ११४० वर्ग फिट रहनेछ।

नेपाल सरकारको ७० प्रतिशत र नगरपालिकाको ३० प्रतिशत साझेदारीमा करिब ७ करोडको लागतमा बोलबम क्षेत्र विकास परियोजनामा स्वीकृत भएको थियो। जस अनुसार ६ करोड ९९ लाख लागत अनुमान गरिएकोमा ६ करोड ५७ लाख ९६ हजार ३६ मा धर्म आर आर जेभीले ठेक्का सम्झौता लिएको छ। २०७८ साल असार ३ गते ठेक्का लिएको कम्पनीले २०७९ मंसिर २९ गते निर्माण कार्य सम्पन्न गरिसक्नुपर्नेछ।

## शैलपुत्री शक्तिपीठ बन्दै

सैनामैनाले वडा नम्बर ३ मुर्गियामा रहेको दुर्गा मन्दिरमा नेपालमै पहिलो शैलपुत्री शक्तिपीठ मन्दिर निर्माण गरिने भएको छ। नगरपालिकाले २३ करोड ५० लाख रुपैयाँको लागतमा सो परियोजनाको डीपीआर बनाएर काम अगाडि बढाएको छ। नवदुर्गा मन्दिरलाई बृहत् धार्मिक स्थलको रूपमा विकास गर्ने लक्ष्य लिइएको छ। शक्तिपीठलाई बोलबम धाम, लामिरह, लुम्बिनीलगायत क्षेत्रसँग जोडेर बृहत् रूपमा विकास गर्न सके यस क्षेत्रको कायापलट हुने विश्वास गरिएको छ।

निर्माणाधीन शक्तिपीठको डीपीआरमा दुर्गा माताको ९ वटा रूपमध्येको पहिलो स्वरूप शैलपुत्री नामको सुन्दर संरचना तयार पार्ने उल्लेख गरिएको छ । यो योजना सम्पन्न गर्न साढे २३ करोड रुपैयाँ लाग्ने छ । वास्तु सिद्धान्तलाई अंगीकार गरी डीपीआर निर्माण गरिएको छ भने २ बिघा क्षेत्रफलमा रहने शक्तिपीठमा मुख्य मन्दिर ८ सय ६५ स्क्वायर मिटरको हुनेछ ।



## सैनामैनाका केही पर्यटन गन्तव्य

ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्व बोकेको सैनामैनालाई लुम्बिनी र हिलस्टेशन जोड्ने पर्यटकीय गन्तव्यका रुपमा पनि लिइन्छ ।  बुद्धकालीन सैनामैनाको महत्व बुझेर यसअघिको सरकारले पर्यटकीय गन्तव्यका रुपमा सैनामैनाका नयाँ स्थानलाई पनि जोडेको थियो । ती क्षेत्रलाई नगरपालिकाले अहिले संरक्षण, सम्वर्द्धन र पूर्वाधार विकासमा ध्यान दिएको छ । बुद्धकालीन समयका शिला लेख, विभिन्न आकारका ढुंगाका कुँदिएका मुर्ति र कुवाका अवशेषहरु फेला पारेर संरक्षण गरिएको छ ।

## आस्थाको अर्को केन्द्र मलमला क्षेत्र

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट मात्र १७ कि.मि उत्तर र ऐतिहासिक क्षेत्र बल्ढेङ्गगढी (बलिहाङ्ग राजा जसलाई तिहारको देउसीमा बलि राजा भनेर भट्टाईन्छ) बाट दक्षिणतर्फ लागेपछि सैनामैना पर्दछ । सैनामैना नगरपालिका-६ स्थित मलमला देवी मन्दिर धार्मिक पर्यटनका लागि प्रमुख आर्कषक गन्तव्यका रुपमा विकास हुन थालेको छ ।



मलमला क्षेत्रमा मन्दिर जानका लागि कालोपत्रे गरेको सडक, धर्मशाला, गणेश मन्दिर, चुरे पार्क, भ्यू टावर निर्माण, आदीवासी संग्रहालय निर्माणलगायतका काम सम्पन्न गर्ने गरी डीपीआर निर्माण गरी काम अगाडि बढाइएको छ । मन्दिरलाई कपिलवस्तुको तिलौराकोट र लुम्बिनीसँग जोडेर आन्तरिक तथा बाह्य पर्यटक भित्राउने लक्ष्य सैनामैनाले लिएको छ ।

## यस्तो छ किम्वदन्ती

करिव २०० वर्षअघि सो क्षेत्रमा जनावरले स्थानीयलाई धेरै सताएको र त्यसबाट बच्नका लागि तत्कालिन आदिवासी थारु समुदायले मलमलको न्यानो कपडामा चामल बाँधेर त्यस ठाउँमा चढाउने गरेको र त्यसपछि ती जंगली जनावरको आक्रमण अन्त्य भएको र मलमलको नाम अप्रभंस भइ मलमलाको मन्दिरको रुपमा स्थापित भएको बताइएको छ। सैनामैनाको ऐतिहासिक तथा पर्यटकीय स्थल मलमलाचौरह बाबाको मन्दिरमा लिफिटङ्ग गरी पानी पुर्‍याइएको छ । थारु समुदायको ऐतिहासिक स्थल भएको र धेरै समुदायको आस्थाको केन्द्र रहेको हुँदा यस क्षेत्रको उजागर र विकास गर्न लागिएको नगरपालिकाले जनाएको छ । २९ लाख ९५ हजार ९०९ मा जय देउराली निर्माण सेवा कम्पनीसँग ठेक्का सम्झौता गरी १५८ मिटर लम्बाइको सिँढी निर्माण भएको छ ।

## बोलबम पर्यावरणीय पार्क

सैनामैना २ मा रहेको बोलबम पर्यावरणीय पार्कको डीपीआर तयार गरी पर्यटन क्षेत्रको रुपमा नगरपालिकाले काम सुरु गरेको छ। यसका लागी नगरपालिकाले सुरुमा पार्कमा जाने बाटो बनाउने काम गर्‍यो । बाटोलाई संरक्षरण गर्न ६० लाखको लागतमा पर्खाल निर्माण गरिएको छ। पिकनिक स्पोटको रुममा बिकास गर्न पानी

अति आश्यक पर्ने तर त्यहाँ पानी थिएन । नगरपालिकाले रु ४५ लाखको लागतमा नजिकै बोरिङ्ग गाडी पानी लिफ्टिङ्ग गरी पानी पुऱ्याएको छ । जसले गर्दा पिकनिक स्पोटको रुपमा बिकसित हुदै आएको छ । पार्कमा बिभिन्न प्रकारका फूलहरु लगाउने काम समेत नगरपालिकाले गरेको छ । पार्क क्षेत्रमा नै रु ३० लाखको लागतमा जलाधार पोखरी निर्माण गरेको छ । यसबाट क्षेत्रमा रहेका बन्यजन्तुलाई पिउने पानीको अभाव हुनेछैन । रु १५ लाखको लागतमा पार्क क्षेत्रमा नै खुल्ला जिम हाउस समेत निर्माण गर्ने काम सुरु भएको छ ।







# उत्पादकत्व बृद्धि र सामूहिक खेतीमा सैनामैनाको नमुना प्रयास



अमृता अनमोल

सैनामैना । सैनामैना नगरपालिकाले निःशुल्क उपलब्ध गराएको देउपारको इंगुरिया खोलाको उकास क्षेत्रमा कोरोनाका कारण रोजगारी गुमाएका, वैदेशिक रोजगारीबाट फर्केका र गरीखाने अन्य स्रोत नभएका १५ विपन्न परिवार खेती गर्दै आम्दानी गर्दैछन्। कोरोना संक्रमणले धेरैको रोजगारी खोसियो । धेरैजना काम वीहिन बने ? कोरोनाले रोजगारी खोसिएका तर आफ्नो जग्गा जमिन नहुने विपन्न सबैभन्दा बढी विलखबन्दनमा परे । यस्ता विपन्नलाई के सहयोग गर्ने ? यसका उपाय धेरै हुनसक्छन् । रुपन्देहीको सैनामैना नगरपालिकाले भने कोरोनाले काम वीहिन बनेका परिवारलाई नदी उकासको जग्गा निःशुल्क दिएर तहगत बाली अर्थात बहुबाली खेतीमा लगाएको छ। तहगत भनेको वर्षैपिच्छे आम्दानी दिने तरकारी र फलफूल खेती हो ।

२ वर्षअघि अर्थात आर्थिक वर्ष २०७६ मंसिरदेखि तहगत बहुबाली सुरु भएको हो। यसअन्तरगत मौसमी तरकारीबाट तत्कालिन आम्दानी सुरु भएको छ। अन्य फलफूल र बिरुवाबाट दीर्घकालिन रुपमा पनि स्रोत जुटिरहने अपेक्षाका साथ किसानहरु तरकारी तथा फलफूल खेतीमा जुटेका छन् ।



सैनामैना नगरपालिका ७ को देउपारमा इंगुरिया खोलाको उकास क्षेत्रको ४ बिगाह ६ कठ्ठा जग्गा छ । नगरपालिकाले उक्त जग्गा १६ परिवारलाई उपलब्ध गराएको हो। अहिले त्यहाँ १५ परिवार छन्। कोरोनाका कारण रोजगारी गुमाएका, वैदेशिक रोजगारीबाट फर्केका र गरीखाने अन्य स्रोत नभएका नागरिक छनोट गरी जग्गा उपलब्ध गराएको छ । उक्त उकास क्षेत्र दुई वर्षअघिसम्म गौचरण थियो । त्यस्तो बन्जर जग्गामा नगरपालिकाले तारबार गरिदियो। खोलालाई निकास दिएर कटान हुनबाट बचायो। खनखोरस गर्न रकम दियो । त्यसपछि विपन्न परिवारले खेतीपाती थालेको नगरप्रमुख चित्रबहादुर कार्कीले बताउनुभयो । एक परिवारको भागमा त्यहाँको ५ कठ्ठा जग्गा परेको छ। यद्यपि उनीहरु व्यक्तिगत होइन सामूहिक खेती गरिरहेका छन् । सामूहिक रुपमा खेतबारी खनखोरस गर्ने गरेका छन् । सामूहिक रुपमा खेती लगाउने र स्याहार्ने गरेका छन् । त्यसको आम्दानी पनि सामूहिक रुपमै बाँड्ने गरेका छन् ।

टिकादेवी पौडेल नदी उकासको जग्गामा तहगत बहुबाली खेती गर्न पाउनेमध्येकी हुनुहुन्छ । सैनामैना देउवापारकी पौडेलले हाटबजारमा तरकारी बेच्नुहुन्थ्यो। त्यसकै आम्दानीबाट ५ जनाको परिवार पाल्नुहुन्थ्यो। कोरोना संक्रमण सुरु भएपछि उहाँको रोजगारी गुम्यो। न, गरीखान सम्पत्ति थियो नत, अरु पेशा व्यवसाय नै। उहाँ परिवार कसरी पाल्ने भनेर विलखबन्दनमा पर्नुभयो। उनै टिकादेवी अहिले देउपारको घमाह खोला बगरमा तरकारी खेती गरीरहेकी भेटिनुहुन्छ । बगर छेकेर बनाएको बारीमा लौका, फर्सी, सिमी, बोडी, करेला, खर्बुजा, खुर्सानीलगायतका तरकारी एवं फलफूल लटरम्ब फलेका छन्। मेवा, अम्बा, आँपलगायतका फलफूल हुर्कंदै छन् । उहाँ कहिले तिनै फलफूल र तरकारी स्यार्दै भेटिनुहन्छ। कहिले तिनै फसल बेच्दै गरेको। 'कोरोना सूरु भएपछि काम खोसियो। काम नभएपछि के गरौं के गरौं भएको थियो,' टिकादेवीले भन्नुभयो,अहिले समस्या छैन। बगरमा गरेको तरकारी खेतीको आम्दानीले सजीलैसँग घरखर्च चलेको छ।'



स्थानीय मीना कंडेलको परिवार पनि नदी उकासकै जग्गामा तरकारी खेतीमा व्यस्त छ। उहाँहरु भारतमा मजदुरी गर्नुहुन्थ्यो । श्रीमान्श्रीमतीको कमाइले छोराछोरी पाल्ने र पढाउनुहुन्थ्यो । कोरोनाले रोजगारी खोसिएपछि उहाँहरु २०७७ बैशाखमा भारतबाट फर्कनुभएको थियो । फेरि भारत जाने कि यतै रोजगारी गर्ने अलमलमा भयो । यस्तोमा नगरपालिकाका प्राविधिकहरुसँग भेट भयो । उनीहरुले इच्छा भए बगरमा खेती गर्न सकिने सुनाउनुभयो। 'सुरुमा त यस्तो बाँझो जग्गामा के खेती होला भन्ने लागेको थियो,' मीनाले भन्नुभयो,'अहिले सोचेभन्दा राम्रो भएको छ।' सुरुको वर्षमा कम आम्दानी भएपनि वर्षेनी आम्दानी बढ्ने मीनाको आशा छ। तहगत बिरुवा भएकाले आउँदो वर्षका लागि पनि आम्दानीको निश्चित भएको उहाँले बताउनुभयो। 'कृषि व्यवसायमा अन्य व्यवसायमा भन्दा मेहनत बढी लाग्छ। तर, विदेशमा अरुको गुलामी गर्नुभन्दा आफ्नै माटोमा मेहनत गरौं भनेर यता लागेका हौं,' बहुतह कृषि तथा वृक्षरोपण कृषक समुहकी सदस्य मीनाले सुनाउनुभयो,'मेहनत गरेका छौं। फल पनि पाएका छौं। नगरपालिकाको अनुदान र प्राविधिक सेवाले मुनाफा कमाउने पनि भएका छौं।'

नगरपालिकाले नदी उकासको जग्गा विपन्न परिवारलाई १५ वर्षसम्मलाई निशुल्क रुपमा उपलब्ध गराएको छ। खेतीका लागि एक वर्षे र बहुवर्षे फलफूल र तरकारीका बिरुवा उपलब्ध गराएको छ। सिंचाइका लागि पानीको बोरिङ खनिदिएको छ। खेतीबाली हेर्न र आधुनिक खेती गर्न सिकाउन कृषि प्राविधिक खटाएको छ। प्राविधिकले थोरै जमिनबाट धेरै आम्दानी लिन र रोग किराको संक्रमणबाट कसरी बचाउन सकिन्छ भन्नेबारे सिकाउने गरेका छन्। उत्पादित तरकारी एवम् फलफूल बिक्रीको प्रबन्ध पनि नगरपालिकाले नै मिलाइदिएको छ। त्यसको दिगोपनका लागि किसानले उत्पादन गरेका फसललाई बजारिकरण गर्न पनि सिकाएको छ। 'नगरपालिकाले सघाएका कारण खेतीबालीबाट उत्पादन लिन र बजारमा लगेर बेच्न सजिलो भएको छ,' किसानहरुको भनाइ छ। विपन्न किसानले बगरमा तरकारी र फलफूल मात्र होइन मौसमी



रुपमा फूलको खेती समेत गरेका छन्। तिहारको मौका पारेर बगरमा १५ किसानले नै सयपत्री फूलको व्यवसायिक खेती गरे। त्यसका लागि नगरपालिकाले नि:शुल्क बीउ र प्राविधिक सेवा दियो। करिब १ बिगाह जग्गामा लगाएको फूल उनीहरुले ४ सय देखि ५ सय रुपैयाँ प्रतिकिलोमा बेच्नुभयो। फुलका आफुले माला उनेर ८० देखि एक सय रुपैयाँ किलोमा खेतबाटै बेचियो। बहुतह कृषि तथा वृक्षरोपण कृषक समुहका अध्यक्ष लक्ष्मण पौडेलले फुल किन्न जिल्ला बाहिरबाट समेत उपभोक्ता आएको बताउनुभयो। ' तिहारको बेला बगरमा फुलेको फुल रुपन्देहीको बुटवल, भैरहवा, नवलपरासी हुदै पोखरासम्म पुगेको थियो। फुल प्रयोगको संस्कृति बढेकाले होला फुल फुल्दाको दिनदेखि बिहे, पुजालगायतका शुभकार्यमा रुपन्देहीका विभिन्न क्षेत्रमा बिक्री हुने गरेको छ।'

फुल खेती गर्नका लागि नि:शुल्क मलमात्र होइन फुलको बीउ पनि पाएका थिए। उक्त बीउबाट ३४ हजार फुलका बिरुवा उत्पादन गरेका थिए। डुवानबाट बचाउन मल्चीङ पद्धतिबाट २२ हजार फुल आफुहरुले रोपेका थिए। उत्पादित बांकी बिरुवा अन्य किसानलाई ३ रुपैयाँ ५ पैसाका दरले बेचेर आम्दानी गरेको अध्यक्ष पौडेलले बताउनुभयो।'नगरपालिकाले निशुल्क जग्गा दिएपछि हामीलाई खेतीपाती गर्ने यति हौसला जागेको छ बयान गरीसाध्य छैन,' बहुतह कृषि तथा वृक्षरोपण कृषक समुहका अध्यक्ष पौडेलले भन्नुभयो,मौसमी खेतीका रुपमा फुल, खुर्सानी, सागसब्जीदेखि बहुवर्षमा आम्दानीदिने अम्बा, अनारसम्म रोपेका छौं। खेती गर्दै आम्दानी लिदै गरेका छौं।'

पहिलो लहरको कोरोना संक्रमण कम भएलगत्तै सैनामैना नगरपालिकाले बगरमा निशुल्क खेतीपाती गर्न दिनेगरी बहुतह कृषि कार्यक्रम सुरु गरेको हो । नगरपालिकाले किसानलाई जग्गा सम्माउन, बिरुवा किन्न लगाउनदेखि कृषि औजार किन्न र बजारीकरणसम्मका क्रियाकलापमा सघाएको छ । यी काममा अहिलेसम्म नगरपालिकाले ५० लाख रुपैयाँ खर्च गरेको छ । खेतीबाली गर्न सिकाउन कृषि प्राविधिकहरु राखिदिएको छ । नगरपालिकाले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को आर्थिक सहयोग र सेतो गुराँस बालविकास सेवा रुपन्देहीको समन्वयमा कार्यक्रम संचालन गरेको छ । रकम उपलब्ध गराउँदा पनि तिनै निकायको समन्वयमा गराएको नगर प्रमुख कार्कीले बताउनुभयो ।

'तालिम गोष्ठी गरेर रकम सक्नु भन्दा साझेदार निकायको रकम बेरोजगारलाई आत्मनिर्भर बनाउन लगाऔं भनेर विपन्न परिवार छनोट गरी निशुल्क जग्गा दिएर बहुतहबालीमा लगाएका हौं,' नगरका प्रमुख प्रशासकीय अधिकृत भीमप्रसाद तिवारीले भन्नुभयो,'अपेक्षा गरेभन्दा राम्रो प्रतिफल प्राप्त भएको छ।' सैनामैना नगरपालिकाले नगरभित्रका अन्य नदी उकास क्षेत्र र सार्वजनीक क्षेत्रमा पनि खेतीबाली गर्नेबारे अध्ययन गरिरहेको छ। अध्ययनले सकरात्मक देखाए विपन्न वर्गका अन्य किसानलाई समेत सैनामैनाका नदी उकास र सार्वजनीक क्षेत्र खेतीबाली गर्न दिने र विपन्नलाई स्वरोजगार बनाउने नगरपालिकाको योजना रहेको प्रमुख प्रशासकीय अधिकृत तिवारीले छ ।





# पत्रपत्रिकामा सैनामैना



## 'चुनावका प्रतिवद्धतालाई सम्झेर काममा खटिइरहेका छौं'

अतिथि वार्ता

बिना राना
उपप्रमुख
सैनामैना नगरपालिका, रुपन्देही

बुटवल टुडे

## सैनामैनामा मौरीपालक किसानलाई प्रोत्साहन



## एक सय ६० शिक्षकले पाए ल्यापटप



सैनामैना। वार्षिक नीति तथा कार्यक्रममा ... १ सय ६० जना शिक्षकलाई ल्यापटप हस्तान्तरण

उद्देश्यअनुसार प्रतिष्पर्धी शिक्षालाई जोड दिएको कार्कीको भनाइ छ। कार्कीले पाएको ल्यापटप दक्ष जनशक्तिको हातमा पुगोस् भन्ने पालिकाले नीति लिएको र सोही बमोजिम योग्यता र कार्यदक्षता भएका शिक्षकलाई विद्यालयले सिफारिस गरेको आधारमा प्रदान गरिएको बताए। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भिमप्रसाद तिवारीले १ करोड २० लाख ९५ हजार ९२० मा १६० थान ल्यापटप खरिद गरिएको जानकारी दिए। उनले नगरपालिकाको ७५ प्रतिशत लागत र शिक्षकहरूको २५ प्रतिशत लागतमा उक्त ल्यापटप वितरण प्रदान गरिएको बताए। प्रति ल्यापटप ७५ हजार ५ सय ९७ रुपैयाँ लागत रहेको छ।

यस अघि पनि नगरपालिकाले अनुदानमा ल्यापटप वितरण गरेको सैनामैना नगरपालिका उप-प्रमुख बिना रानाको भनाइ छ।

सैनामैनाका १० विद्यालय परोहा मावि, रामापुर मावि, पशुपति मावि, सैनामैना मावि, दुर्गा भवानी मावि, पश्चिम परोहा मावि, सरस्वती मावि, ...

र.प.जि.प्र.का.द.नं.४/०४५/०४६ लुम्बिनी

## सैनामैनामा सुरु भयो खुल्ला व्यायाम शाला



सैनामैना। सैनामैना नगरपालिकाको वडा नं. २ को बोलबम पर्यावरणीय पार्कमा खुल्ला व्यायाम शाला सोमबारबाट सुरु भएको छ। सैनामैना नगरपालिकाले सैनामैनाको ३ स्थानमा खुल्ला व्यायाम शाला बनाउने योजना बनाए बमोजिम सैनामैना २ मा सो व्यायाम शालाको सुभारम्भ भएको हो।

व्यायाम शालाको सुभारम्भ गर्दै सैनामैनाका नगरप्रमुख चित्रबहादुर कार्कीले कार्कीले स्वास्थ्य कारण रोगी बन्दै गएकोले जुनसुकै उमेर समूहले पनि शारीरिक कसरत गर्न सक्ने हुनाले व्यायामशाला उपयोगी हुने विश्वास व्यक्त गरे।

आम जनसमुदायहरूले प्रयोग गर्ने खाद्य वस्तुमा विषादीको मात्र अत्याधिक प्रयोग हुँदा आम मानिसको स्वास्थ्यमा नकारात्मक असर पर्दै आएकोले त्यसतर्फ समेत सचेत हुन सबैलाई आग्रह गरेका थिए। व्यायामशालाले नयाँ पुस्तालाई आकर्षित गर्ने हुनाले स्वास्थ दैनिक जीवनशैली निर्माण भएका संरचनाको संरक्षणमा आम नागरिकले ध्यान दिनुपर्ने जोड दिए।

खुल्ला व्यायाम शालामा व्यायामका लागि एक दर्जन व्यायाम सामग्री राखिएको छ।

खुल्ला व्यायामशालाको सैनामैना नगरपालिकाको १५ लाख र बोलबम सामुदायिक उपभोक्ता समितिको १ लाख ६७ हजार ६७६.६२ रुपैयाँ लागत सहभागिता कुल १६ लाख ६७ हजार ६७६.६२ रुपैयाँ लगानीमा निर्माण भएको हो।

सैनामैना नगरपालिकाले सैनामैना-८ मलमला मन्दिर र सैनामैना-११ बनकट्टीमा खुल्ला व्यायमशाला सञ्चालनमा ल्याउने गरी काम सुरु गरेको छ।

कार्यक्रममा सैनामैनाका उपप्रमुख बिना राना, प्रमुख प्रशासकीय अधिकृत भिमप्रसाद तिवारी, सैनामैना वडा नं. २ का वडा अध्यक्ष काम ...

## सैनामैनाले शुरु गर्‍यो कोरोना अस्पताल





### उपचार खर्च प्रदेश सरकारले ब्योर्ने

## सैनामैनाको सालझण्डीमा बसपार्क

छविलाल घिमिरे
सैनामैना, १४ चैत।

रुपन्देहीको सैनामैना नगरपालिका वडा नं १० स्थित सालझण्डीमा बहुतले व्यवसायिक भवन तथा बसपार्कको निर्माण कार्य सुरु भएको छ। भवनको शनिबार सैनामैना नगरपालिकाका प्रमुख चित्र बहादुर कार्कीले शिलान्यास गरेका छन्।

सो अवसरमा बोल्दै नगरप्रमुख चित्रबहादुर कार्कीले समृद्ध नगर बनाउन यस क्षेत्रको विकासले भूमिका निर्वाह गर्ने उल्लेख गर्दै बसपार्कले आम्दानीको स्रोत बढाउने र नागरिकलाई यातायातको सेवासँग जोड्ने बताए। सैनामैनाको हरेक वडामा सन्तुलित विकास गर्दै आएको बताउँदै प्रमुख कार्कीले सालझण्डी दोरपाटन सडक राष्ट्रिय गौरवको योजना भएको र यसैसँग जोडिएर बन्न लागिएको बसपार्क र व्यवसायिक भवनले सैनामैनामा प्रशस्त रोजगारी र आयआर्जनको अवसर सिर्जना हुने बताए।

यसबाट सालझण्डी–दोरपाटन सडकको सौन्दर्य बढ्नुका साथै कयौं नागरिक लाभान्वित हुने अपेक्षा गरिएको समेत कार्कीले बताए। बसपार्कमा निर्माण हुने व्यवसायिक भवनमा निजि क्षेत्रको लागत सहभागिता समेत रहने बताइएको छ।

पूर्व पश्चिम लोकमार्ग भएर यात्रा गर्ने सम्पूर्णलाई एकै छिन भए पनि सैनामैनामा आराम गर्ने र सैनामैनामै उत्पादित अर्गानिक खाजा खुवाएर पठाउने गरी सैनामैनामा बसपार्क, रिफ्रेस सेन्टर लगायतको योजनाहरु धमाधम निर्माण हुँदै गरेको सैनामैनाका उपप्रमुख बिना रानाले बताइन्।



सालझण्डी नजिकै कोटी महिमाअघि देखि प्रदेश सरकारको लगानीमा रिफ्रेस सेन्टर समेत निर्माणाधिन अवस्थामा छ।

रु. ४ करोड ६१ लाख ३८ हजार ६७० लागतमानिर्माण हुन लागेको व्यवसायिक भवनमा ३६ सुविधासम्पन्न सटर सहित दुई शौचालय, चौपारी, टीकट काउन्टर, कार तथा बस पार्किङ, हरियाली खुल्ला क्षेत्र समेत निर्माण हुने सैनामैनाका योजना प्रमुख सुरज न्यौपानेले बताए।

करिब १ बिगाहा ७ कठ्ठा १२ धुर क्षेत्रफलमा निर्माण हुन लागेको भवनको एक वर्षमा निर्माण कार्य सक्ने लक्ष्य लिइएको थिमित श्रीकृष्णपुर बि.आई.एम.जे.भि धुलिखेलका संचालक सुजन मौसमले प्रतिवद्धता व्यक्त गरे।

बसपार्कमा ८४ बस अट्ने क्षमता रहेको छ। पूर्व पश्चिम लोकमार्गमा बन्ने सो बसपार्कबाट दक्षिणको नेपाल र भारतको सिमावर्ती क्षेत्र क्षकहरूलाई जोडेर उत्तरतर्फको दोरपाटन आवतजावतको समेत प्रबन्ध गर्न खोजिएको छ।

कार्यक्रममा सैनामैना वार्ड नं १० का वडा अध्यक्ष लोक नारायण थापा, सैनामैनाका कार्यपालिका सदस्य कल्पना कुँवर, नेकपा एमालेका भुमिलाल सापकोटा, नेपाली कांग्रेसका महासमिति सदस्य ईन्द्र बहादुर जि.सी, सैनामैनाका प्राविधिक अरुण खनाल लगायतले व्यवसायिक भवनका विषयमा बोल्नु भएको बोलेका थिए। ■

### सैनामैनामा एकै दिन तीन शिल्यान्यास

## पूर्वाधार विकासमा रूपन्देहीको नेतृत्व गर्छः पूर्व उपप्रधानमन्त्री पौडेल



# पत्रपत्रिकामा सैनामैना

## सैनामैनामा महिला सशक्तिकरण कार्यक्रम



सैनामैना । लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानअन्तर्गत सैनामैनामा महिला सशक्तिकरण कार्यक्रम गरिएको छ । रुपन्देहीको यस विषयमा सबै सचेत हुन जरुरी रहेको उप-प्रमुख रानाको भनाई थियो। कार्यक्रममा ईलाका प्रहरी कार्यालय सालभण्डीका प्रमुख दिवाकर थिइन् । उनले समाजमा सबै समान अधिकार हुने हुँदा कसैले पनि रंगभेद, ठुला सानो, स्तर विभि विषयका भेदभाव गर्न नहुने बताइ

## सैनामैनामा खेलकुद सप्ताह सुरु



सैनामैना । रुपन्देहीको सैनामैनामा राष्ट्रपति रनिङ शिल्ड तथा चौथो नगरस्तरीय खेलकुद सप्ताह सुरु भएको छ । सैनामैना-७ मा अवस्थित सरस्वती विद्यालयको प्राङ्गणमा आयोजित प्रतियोगितामा नगरका सामुदायिक तथा निजी सैनामैनाले समृद्ध नगरको खाका कोरेको प्रदेशसभाका सदस्य ढकालले बताए । सैनामैना विकासको हिसाबले नयाँ शहरको रूपमा पूर्वाधार तथा संरचनात्मक निर्माण गर्दै गएको बताउँदै उनले खेलकुदको विकासका लागि पनि संरचना निर्माणको क्रमले तीव्रता विद्यार्थीहरूले सहभागिता जनाउने छन् । कार्यक्रममा सैनामैनाका प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थी, शिक्षा शाखा प्रमुख हेमराज अर्याल, सैनामैनाका उप-प्रमुख निना राना, नेपाली कांग्रेस सैनामैनाका सभापति रामप्रसाद अधिकारी,

## अपाङ्गता भएका ब्यक्तिले बनाए गुडिया र कुसन



## क्रिकेट रंगशालाका लागि बजेट अभाव हुँदैन : सिलवाल

लुम्बिनी संवाददाता

सैनामैना

राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव रमेश सिलवालले रुपन्देहीको सैनामैनामा निर्माणाधीन क्रिकेट रंगशालाका लागि बजेटको अभाव हुन नदिने बताएका छन् । नगरको वडा नं.७ स्थित लम्टेयामा निर्माणाधीन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको शुक्रबार अवलोकन गर्दै उनले यस्तो धारणा राखेका हुन् ।

सिलवालका अनुसार केन्द्रीकृत योजना अन्तर्गत सरकारले सात



## खोपमा पहुँच बढाउन पालिकाको घरदैलो



संक्रमित घरमै आइसोलेसन रित

www.gorkhapatraonline.com

८ २०७८ साल जेठ ६ गते बिहीबार 2021 May 20 Thursday

गोरखापत्र

लुम्बिनी / गण्ड





## कोरोनासँग भिड्दै विकास निर्माण पनि जारी राखेका छौँ

सैनामैना नगरपालिका रुपन्देही जिल्लाको उत्तर-पश्चिममा अवस्थित ऐतिहासिक नगरपालिका हो । यो नगरपालिका विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनीदेखि करिब १८ किमि उत्तर चुरे पहाडको काखमा अवस्थित छ । ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक महत्व बोकेको सैनामैना क्षेत्र नेपालको एक सय पर्यटकीय गन्तव्यको सूचीमा परेको छ । कोरोनाको जोखिम बढिरहेको बेला उक्त नगरपालिकाका प्रमुख चित्रबहादुर कार्कीसँग गोरखापत्रका बुटवल समाचारदाता छविलाल पाण्डेले गर्नुभएको कुराकानी ।

## सैनामैनामा 'एक शिक्षक एक ल्यापटप'

शिक्षकलाई आइसिटी तालिम, विद्यालयलाई कम्प्युटर, ल्यापटप, प्रोजेक्टर प्रदान गर्दै विद्यालयमा इन्टरनेट जडान जस्ता काम गरेको नगरपालिकाले यसपटक शिक्षकलाई नै लागत साझेदारीमा ल्यापटप दिने कार्यक्रम ल्याएको हो । यसबाट अनलाइन कक्षा संचालनदेखि कक्षाकोठामा प्रविधिको प्रयोग गरी सिकाइ क्रियाकलाप गर्न सक्ने क्षमतावान शिक्षक तयार हुने अपेक्षा गरिएको छ ।

प्रदेश गौरवको आयोजना

## सैनामैनामा बन्दैछ जेष्ठ नागरिक तथा अपाङ्गता ग्राम



## सैनामैनामा संचालनमा आयो सर्पदंश तथा स्वास्थ्य उपचार केन्द्र

विष्णु खत्री

सैनामैना, १८ फागुन ।

रुपन्देहीको सैनामैनामा सालभण्डी सर्पदंश तथा स्वास्थ्य उपचार केन्द्र संचालनमा आएको छ। "हामी सबैको चाहना,स्वास्थ्य सेवा हामी सबैको घरआँगनमा" भन्ने नारासहित वडा नं ११ वनकट्टीस्थित करिब १४ कट्ठा जग्गामा रु. १ करोड ११ लाख ५० हजार ५ सय ८९ रुपैयाँ लागतमा बुधबारदेखि उक्त



रुपन्देही, कपिलवस्तु, अर्घाखाँची, पाल्पासम्मका जनता लाभान्वित हुने बताए। केन्द्रको सफलताका लागि सबैको साथ र सहयोग नै आवश्यक रहेको औंल्याउँदै थिमिरेले सहयोग गर्ने सम्पूर्णमा धन्यवाद ज्ञापन गरे ।

कार्यक्रममा उत्कृष्ट चन्दादाता घमलाल गैरे, नेकपा सैनामैना नगर संयोजक चेतनारायण न्यौपाने, नेपाली कांग्रेसका नगर सभापति रामप्रसाद अधिकारी, रुपन्देही व्यापार संघका

# पत्रपत्रिकामा सैनामैना

## सैनामैनामा भूमि आयोग लगत संकलन इकाइ कार्यालय स्थापना

सैनामैना, माघ १८ (मेसस) । सैनामैनामा भूमिहीन लक्ष्मी दमाईको लगत फाराम गणकमार्फत नगरप्रमुख कार्कीले बुझेर सैनामैना नगरपालिकामा भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोवासको व्यवस्थापन गर्ने ऐतिहासिक कार्यको आइतबारबाट सुरु भएको छ ।

आइतबार नगरपालिकामा भूमिसम्बन्धी समस्या समाधान आयोग लगत संकलन इकाइ कार्यालयको उद्घाटनसँगै नगरप्रमुखले फारम बुझेका हुन् । कार्यालयको उद्घाटन गर्दै नगरप्रमुख चित्रबहादुर कार्कीले भूमिहीन दलित वा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवास भएकालाई जग्गा उपलब्ध गराउने कार्य स्पष्ट कानुनसहित तीव्र रुपमा अघि बढेको जानकारी दिँदै लगत संकलनमा एकताबद्ध भएर लाग्न आग्रह गरे । 'जग्गाधनी पूर्जा उपलब्ध गराउने नियम र कानुनअनुसार यो कार्य अघि बढेको छ,' नगरप्रमुख कार्कीले

लगत संकलन गरी पाऊँ भनेर एउटा निवेदन दिनुहोस्,' नगरप्रमुख कार्कीले भने,'हाम्रा गणक तथा जनप्रतिनिधि साथीहरुले लगत संकलनका क्रममा पहिचान गर्नुहुन्छको भूमिहीन दलित र



भूमिहिन सुकुम्वासी हो ?' तयारी पुगेका वडाले वडास्थतरीय सहजीकरण समितिको संयोजकले नगरपालिकाको फाटमार्फत फारम भराउन सकिने व्यवस्था भएको कार्कीले जानकारी दिए । 'जग्गा नापजाँचको काम हुन कानुनी प्रक्रिया पछि जग्गा उपलब्ध गराउन लेखापढी गर्न पठाउने छौं, त्यसपछि जग्गा

नगरपालिकाले वडाबाट गणकहरुको वडाबाट छनौट गरेको हो । सैनामैना नगरभित्रको १०७ वटै टोल विकास संस्थाबाट गणक छनौट गरी उनीहरुलाई आवश्यक परामर्श तथा अभिमुखीकरण कार्यक्रम सैनामैनाले गर्दै आएको छ ।

भूमिसम्बन्धी समस्या समाधानका लागी सैनामैनामा जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल, टोल विकास संस्थाका पदाधिकारीलगायतको उपस्थितिमा नगरले आवश्यक छलफल र परामर्श गर्दै आएको

अर्याल नगरस्तरीय कार्यालयबाट खट्नेछन् । भूमिसम्बन्धी समस्या समाधान आयोगले २०७७/१०/०९ गते प्रथम पटक सूचना प्रकाशित गरिसकेको छ । आयोगले तोकेको ढाँचाबमोजिम निवेदन फाराम भरी मिति २०७७ फागुन १३ गतेभित्र वडा कार्यालयमार्फत घरदैलोमा खटिएका लगत संकलन वा सम्बन्धित वडा कार्यालयमा फारममा उल्लेखित विवरणलाई पुष्ट्याईं गर्ने प्रमाण कागजात सिधै पेश गरिसक्नुपर्ने छ । अभिमुखीकरण कार्यक्रममा सैनामैनाका निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनाल र नगरपालिकाका अधिकृत सन्तकुमार चौधरीले प्रशिक्षण दिँदै आएका छन् । अभिमुखीकरण कार्यक्रममा सैनामैनामा छनौट भएका गणकहरु, टोल विकास संस्थाका अध्यक्ष तथा पदाधिकारीहरू

## सैनामैनामा देशकै लामो चक्रपथ



टिका खरेल

सैनामैना

नेपालकै सबैभन्दा लामो ५४ चक्रपथ आयोजनाको कार्य धमाधम सरकारका अर्थमन्त्री विष्णु पौडेलले पथको निरीक्षण गर्दै आयोजनाका चिन्ता नगर्न आग्रह गरेका छन् ।

सैनामैना नगरपालिकाको वडा नं. १ देखि ११ सम्म मुख्य राजमार्गदेखि करिब २० किलोमिटर उत्तरतर्फ र दक्षिणतर्फ ७ किलोमिटर चक्रपथको मंगलबार बिहान स्थलगत निरीक्षण गर्दै पौडेलले सैनामैना चक्रपथको आयोजना निर्माणका लागि सरकारले बजेटको प्रबन्ध मिलाउने प्रतिबद्धता व्यक्त गर्दै चिन्ता नगर्न आग्रह गरेका हुन् ।

» बाँकी ४ पेजमा

१८ March 2021 Thursday

## गाउँब्लक जग्गाको नापजाँच सुरु



सैनामैना । रुपन्देहीको सैनामैना नगरपालिकामा बाँकी रहेका गाउँब्लक जग्गाको नापजाँच सुरु गरिएको छ ।

## विद्युतीय गाडीको एसेम्बल प्लान्ट स्थापना गर्न सम्झौता



## सैनामैनामा निःशुल्क विद्युत् मिटर वितरण

सैनामैना । सैनामैना नगरपालिकामा निःशुल्क विद्युत् मिटर वितरण गरिएको छ । सैनामैना नगरपालिका र विद्युत् प्राधिकरणको सहकार्यमा विद्युत् मिटर वितरण गरिएको हो । गरिब तथा अतिविपन्न परिवार भएका सैनामैनाका १०० घरधुरीलाई विद्युत् मिटर वितरण गरिएको सैनामैना नगरपालिकाले जनाएको छ ।

कोही पनि अँध्यारोमा बस्न नपरोस् भन्ने उद्देश्यले गरिब तथा अतिविपन्न परिवार पहिचान गरी नगरपालिका र विद्युत् प्राधिकरणको



राख्न अनुरोध गर्दै उनले भने –'तपाईंहरुको टोलका केही समस्या भए वडामा निर्धक्क भन्नुहोला,

नेपाल विद्युत् प्राधिकरण र सैनामैना नगरपालिकाको सहकार्यमा सैनामैनाको सालभण्डीमा

## साढे २ करोडमा पर्रोहा माविको १८ कोठे भवन

बुटवल, ४ फागुन । सैनामैना नगरपालिकाका पुरानो विद्यालय पर्रोहा माध्यमिक विद्यालयको १८ कोठे भवन निर्माण हुने भएको छ । पुरानो जिर्ण भवन भत्काएर नयाँ आधुनिक भवन निर्माणको काम सुरुवात गरिएको हो । संघीय सरकार, स्थानिय पालिकाको संयुक्त लागत साझेदारीमा उक्त भवन निर्माण हुने छ ।

नयाँ १८ कोठे भवन को बुधवार राष्ट्रिय सभा सदस्य तथा प्रमुख सचेतक खिमलाल भट्टराईले



8 | समाच

## सैनामैनमा १५ सैयाको अस्पताल बन्ने



समाचार | रु.जि.प्र.का.द.नं.१२४/०६९/०७० | बुटवल टुडे

## सैनामैनाका किसानलाई गड्यौला



# वडा स्तरमा सञ्चालित विभिन्न गतिविधिहरू















# नगर सभाको झलकहरू


























**तपाईंका केही सुझाव छन् कि ? छन् भने बूँदागत रुपमा उल्लेख गरेर टोल विकास संस्था मार्फत वडा समितिको कार्यालयमा पठाउनुहोला ।**

तपाईंको सुझाव यहाँ उल्लेख गर्नुहोस् ।

**नाम:**
**ठेगाना:**
**सम्पर्क नं.:**

..................................
**हस्ताक्षर**

सैनामैना नगरपालिका






सैनामैना नगरपालिका




सैनामैना नगरपालिका
बुद्धको जन्मस्थल देखि करिब १५ कि


Rotary
OXYGEN CONCENTRATOR


SHREE SIDDHARTHA MEMORIAL ACADEMY
श्री सिद्धार्थ मेमोरियल एकेडेमी





सितभण्डार, सैनामैना-३



नेपालकै लामो ५७ कि.मि चक्रपथ



बहुउद्देयीय फुटवल रंगशाला, सैनामैना-४, मुर्गिया



अन्तर-स्थानीय तह फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र निर्माण स्थाल, सैनामैना १०